# परिच्छेद एक : परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

जन्मदेखि पाँच वर्ष भित्रका बालबालिकाको शारीरिक, सामाजिक, संवेगात्मक र बौद्धिक क्षमताको समानुपातिक विकासलाई नै समष्टिगत रूपमा प्रारम्भिक बाल शिक्षा तथा विकास भनिन्छ । बालबालिकाको उमेर अनुसार विकास क्रम पनि फरक फरक हुन्छ । जीवनको पहिलो पाँच वर्षका उमेरलाई मानव विकास क्रममा अति महत्वपूर्ण समय मानिन्छ । यस उमेरमा जुन किसिमको अवधारणा वन्दछ, त्यस अवधारणाले पूर्ण मानव विकासमा महत्वपूर्ण भूमिका खेल्दछ । त्यसैले भनिन्छ कि पाँच वर्षसम्मका बालबालिकाको विकासमा विशेष ध्यान पुऱ्याउनु पर्ने हुन्छ । प्रारम्भिक बाल्यावस्था विद्यालय पढ्न जानुभन्दा अगाडिको उमेर हो । बालबालिकाहरूलाई प्रारम्भिक बाल्यावस्थाको अन्त्यमा विद्यालय भर्ना हुनु पर्ने हुन्छ । बालबालिकाहरूले पाँच वर्ष मुनि नै भविष्यमा सिक्नुपर्ने सिकाइका अवधारणाहरू सिक्ने मौका पाउनुपर्छ । फलस्वरूप उसको जीवनमा सिकाइ काम लाग्ने हुन जान्छ । साथै समस्या समाधान गर्ने क्षमता पनि बढ्छ ।

सामान्यतया कम उमेरका कलिला व्यक्ति, जो उमेरको दृष्टिकोणले परिपक्व भइसकेको छैन र जसलाई संरक्षणको आवश्यकता पर्दछ भन्ने भावार्थलाई बालबालिकाको परिभाषा अन्तर्गत राखिएको हुन्छ । बाल्यावस्थासम्म मस्तिष्कको पूर्ण विकास भई नसक्ने हुनाले बालकको भावमहिमालाई अबोधपन वा बालापन भनिन्छ । प्रत्येक राष्ट्रका कानूनमा त्यहाँको बालस्थिति, परिपक्वता प्राप्त गर्न सक्ने उमेरको मूल्याङ्कन र अपराधिक कार्यको प्रकृतिको आधारमा बालबालिकाको उमेरको निर्धारण गरिएको हुन्छ । संयुक्त राष्ट्रसंघीय महासन्धि १९८९ ले कुनै पनि राष्ट्रिय कानूनमा अन्यथा तोकिएकोमा बाहेक १८ बर्ष मुनिका सबै व्यक्तिलाई बालबालिका सम्झनु पर्दछ, भनि परिभाषित गरेको छ ।

हाम्रो देशको सन्दर्भमा बालकलाई जनाउने विभिन्न शव्दहरूको प्रयोग गरिएको छ । जस्तै: नाबालक, नाबालिग, बालबालिका, केटाकेटी, बच्चाबच्ची, शिशु, बाबु, नानी आदि शव्दहरूको प्रयोग नेपालको कानूनमा गरिएको छ । उमेर निर्धारणका सम्बन्धमा बालबालिकासम्बन्धी ऐन २०४८ दफा २ (क) ले बालक भन्नाले सोह्र बर्षको उमेर पूरा नगरेको बालबालिकालाई सम्झनु पर्दछ भनी उल्लेख गरेको छ । श्रम ऐन २०४८ ले भने

केटाकेटी र नाबालिगका लागि छुट्टै उमेरको व्यवस्था गरेको छ । उक्त ऐनको दफा २ को देहाय ज र झ मा केटाकेटी भन्नाले उमेर नपुगेका व्यक्तिलाई सम्झनु पर्दछ र नाबालिग भन्नाले १४ वर्ष उमेर पुगेको तर १८ बर्ष उमेर पूरा नगरेको व्यक्तिलाई सम्झनु पर्दछ भन्ने उक्त ऐनको प्रयोजनका लागि उमेरको हद निर्धारण गरेको छ (युनिसेफ, २०५६) ।

नेपालको बालबालिकासम्बन्धी ऐन २०४८ (दफा ३ देखि २०) ले बालबालिकाको हक-अधिकारका सवालमा स्पष्टसँग उल्लेख गरेको छ । बालअधिकार भन्नाले बाँच्न पाउने, विकास गर्न पाउने, संरक्षण पाउने र आफ्नो बारेमा हुने, गरिने नीति र सामाजिक गतिविधिहरूमा सहभागी हुन पाउने अधिकारको समुच्च स्वरूप हो ।

विश्वमा कूल जनसंख्याको २ अर्व १२ करोड ५१ लाख ४३ हजार जनसंख्या १८ वर्ष मुनिका बालबालिकाको छ । प्रत्येक दिन विश्वमा २५ लाख बालबालिकाहरू जन्मन्छन् र प्रत्येक सेकेण्डमा ४.२ जना बालकको जन्म भइरहेको छ (अधिकारी, २०६१) । नेपालको जनसंख्या २०५८ को जनगणना अनुसार २ करोड ३१ लाख ५१ हजार ४ सय २३ जना छन् । यसमा ५ वर्ष मुनिका बालबालिका ३४ लाख ७८ हजार ६९ जना (१५ प्रतिशत) छन् । यीमध्ये बालिकाको संख्या ४९.२५ प्रतिशत छन् (केतवि, २००३) ।

सन् १९९० मा प्रजातन्त्रको पुनर्स्थापनापछि जारी भएको नेपाल अधिराज्यको संविधानले बालबालिकाहरूको उपयुक्त रेखदेख र विकासमा जोड दिएको छ । नेपालको अन्तरिम संविधान २०६३ को धारा २२ (३) ले राज्यले प्रत्येक बालबालिकालाई शारीरिक, मानसिक वा अन्य कुनै पनि किसिमको शोषण हुन नदिई उनीहरूको हक र हितको रक्षा गर्न व्यवस्था गरेको छ । स्थानीय स्वायत्त शासन ऐन २०५५ ले स्थानीय निकायहरू गाविस र नगरपालिकालाई आफ्नो स्रोतबाट पूर्वप्राथमिक विद्यालय/केन्द्र स्थापना गर्न र त्यस्ता विद्यालय/केन्द्र स्थापना र सञ्चालन गर्ने अनुमति दिने अधिकार प्रदान गरेको छ । शिक्षा पाउनु प्रत्येक बालबालिकाको जन्मसिद्धअधिकार हो । संयुक्त राष्ट्रसंघको मानवअधिकार सम्बन्धी विश्वव्यापी घोषणा सन् १९४८ मा शिक्षा पाउनु हरेक व्यक्तिको मौलिक अधिकार भनिएको छ । यसै गरी सन् १९८९ मा भएको संयुक्त राष्ट्रसंघीय बालअधिकार सम्बन्धी महासन्धिले पनि शिक्षा पाउनु अधिकार भएकोले कम्तिमा आधारभूत तथा प्राथमिक शिक्षा अनिवार्य र नि:शुल्क हुनुपर्छ भनिएको छ ।

बालबालिकाहरूका लागि विश्व शिखर सम्मेलन, सबैका लागि शिक्षासम्बन्धी विश्व सम्मेलन र बालअधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासम्मेलनमा नेपाल सरकारले प्रतिवद्धता जनाए अनुरूप नेपालमा प्रारम्भिक उमेरका बालबालिकाको रेखदेख र विकाससम्बन्धी राष्ट्रिय योजना र नीतिहरूको विकास गरियो । सरकारका योजना तथा नीतिहरू त्रिबर्षीय अन्तरिम योजना (सन् २००८-०१०), बालबालिकाको लागि दश वर्षे कार्ययोजना (सन् १९९२), सबैका लागि शिक्षा राष्ट्रिय कार्ययोजना (सन् २००१-१५), आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम (दोस्रो) कार्यान्वयन योजना (सन् १९९९-०४) र सबैका लागि शिक्षा मुख्य दस्तावेज (सन् २००४-०९) मा समावेश छन् ।

सन् २०१५ सम्ममा प्रारम्भिक उमेर (०-५) वर्षको बालकलाई लि·, जातजाति र क्षेत्रीयताको भेदभावविना तीन वर्षदेखि पाँच वर्ष उमेर समूहका ८० प्रतिशतभन्दा बढी बालबालिकाहरू प्रारम्भिक बालशिक्षा तथा बिकास कार्यक्रममा सहभागी हुनेछन् । यसमा समावेश हुने ९० प्रतिशत बालबालिका प्राथमिक विद्यालयमा स्थान्तरित हुनेछन् । तीन वर्षभन्दा मुनिका बालबालिकाहरूले उनीहरूका आमावाबु र समुदायबाट पर्याप्त र उपयुक्त हेरचाह पाउने छन्  सन् २००० मा डकार सम्मेलनबाट स्वीकृत कार्यक्रम अनुसार सबैका लागि शिक्षाको लक्ष्य प्राप्त गर्न नेपाल सरकार प्रतिबद्ध छ । यो लक्ष्य प्राप्तिका लागि शैक्षिक विकासलाई मार्गदर्शन गर्न नेपाल सरकारले सबैका लागि शिक्षा राष्ट्रिय कार्ययोजना सन् २००१-१५ र सबैका लागि शिक्षा सन् २००४-०९ कार्यक्रममार्फत सघन प्रारम्भिक बाल स्याहार तथा शिक्षाको विस्तार र सुधारमा जोड दिएको छ (शिक्षा विभाग, २०६१) ।

आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम अन्तर्गत प्रारम्भिक बालशिक्षा तथा बिकास कार्यक्रमहरूको सम्बन्धमा गरिएका अध्ययनहरूले पनि गरिबी प्रभावित क्षेत्रमा यो कार्यक्रम सञ्चालन तथा विस्तार गर्नु धेरै महत्वपूर्ण रहेको पुष्टि गरेका छन् । अभिभावकहरूलाई आय-आर्जनका क्रियाकलापमा संलग्न हुन फुर्सद दिने र विद्यालयमा उमेर नपुगेका विद्यार्थी भर्ना गर्नुपर्ने स्थितिलाई रोक्न मद्दत गर्ने भएकोले प्रारम्भिक बालशिक्षा तथा बिकास कार्यक्रमले गरिबीको चपेटालाई कम गर्न सघाउ पुऱ्याएको छ । प्राथमिक उमेरका बालबालिकाको भाइबहिनीहरूको रेखदेख गर्नुपर्ने जिम्मेवारी कमी आई विद्यालयमा पढने वातावरण तयार गर्न थालेको छ । अहिले देशभर ३१ हजार ८९ वटा समुदाय तथा विद्यालयमा आधारित प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्रहरू सञ्चालनमा रहेका छन्

(शिक्षा विभाग २०१०/०११, फ्लाश रिपोर्ट) । तिनीहरूले शिक्षा विभाग र जिल्ला शिक्षा कार्यालयबाट स्रोत केन्द्रहरू मार्फत प्राविधिक सहयोग पाइरहेका छन् । यति मात्र केन्द्रहरू तीनदेखि पाँच वर्षबीचमा सबै बालबालिकालाई समावेश गरी सेवा पुर्‍याउन पर्याप्त छैनन् ।

अहिले सरकारी कोटामा परेका प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्रहरूमा जिशिका तथा शिक्षा विभागबाट सहयोगी कार्यकर्ताको पारिश्रमिकका लागि मासिक रु. एक हजार आठ सय स्थापना खर्च, एक हजार र अधिकतम रू. सत्ताइस हजारसम्म स्थानीय समुदायबाट संकलित स्रोत बराबरको जोडकोष उपलब्ध गराइएको छ । यति हुँदा-हुँदै पनि धेरै केन्द्रहरूले अहिलेसम्म सरकारबाट दिइने जोडकोषका लागि चाहिने सबै रकम जम्मा गर्न सकिरहेका छैनन् । धेरैजसो बालविकास केन्द्रले आफूसंग भएको रकमलाई बैकमा खाता खोली राख्ने काम मात्र गरेका छन् । प्रारम्भिक बालशिक्षा तथा बिकास कार्यक्रमका लागि अरू कुनै आम्दानीको भरपर्दो बाटो देखिदैन । केही केन्द्रहरूमा जिविस, गाविस र नगरपालिकाहरूले जस्तापाता र केही निर्माण सामग्री उपलब्ध गराउँछन् । यसबाहेक विभिन्न गैरसरकारी संस्था, अन्तराष्ट्रिय गैरसरकारी संस्था र निजी क्षेत्रका साझेदारहरू र स्थानीय समूहहरूले निर्माण गर्न र जोडकोष संकलन गर्न मद्दत गर्दछन् ।

नेपालभरी नै सञ्चालन भएको प्रारम्भिक बाल शिक्षा तथा विकासलाई अगाडि बढाउन सेतो गुँरास बालविकास सेवाले अग्रणी भूमिका निर्वाह गरेको पाइन्छ । यसका लागि समुदाय, सरकारी र निजी क्षेत्रबाट कार्यक्रमहरू सञ्चालन भइरहेको पाइन्छ भने प्राविधिक तथा क्षमता अभिवृद्धिको लागि गैरसरकारी संस्थाहरूको योगदान पनि उल्लेख्य रहेको छ । बालबालिकालाई विद्यालयमा जाने वातावरण र उनीहरूको सर्वाङ्गीण विकास हुने भएकाले प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्रको लोकप्रियता बढेको पाइन्छ । यसरी सञ्चालन भएका प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्रहरूले समुदायका बालबालिका र अभिभावकमा कस्तो प्रभाव पारिरहेको छ, यसको प्रभाव अध्ययन गर्न आवश्यक छ । यसै परिप्रेक्ष्यमा प्रारम्भिक बाल शिक्षा तथा विकास कार्यक्रमको प्रभावकारिता थाह पाउन सिन्धुली जिल्लाको सोल्पाठाना श्रोतकेन्द्रमा सञ्चालन भएका प्रारम्भिक बालबिकास केन्द्रहरूबाट सहभागी भई विद्यालयमा गएका बालबालिका र सो सुविधा नपाई सोझै विद्यालयमा गएका विद्यार्थीहरूको अवस्थाको अध्ययन गरिएको छ ।

## १.२ समस्याको कथन

प्रारम्भिक बालशिक्षा कार्यक्रमको मुख्य अभिप्राय प्राथमिक तहमा विद्यार्थी भर्ना दर बढाउने भएकाले यस कार्यक्रममा विद्यालय नजाने समूहलाई विद्यालय प्रवेशमा सहयोग गर्ने, प्रारम्भिक बाल विकास केन्द्रमा सहभागी भैसकेका बाल बालिकाहरूको सामाजिक, बौद्धिक, शारीरिक तथा संवेगात्मक विकास भै विद्यालयको वातावरणमा सहज ढंगले घुलमिल हुन सक्ने, उनीहरूको सिकाई उपलब्धि प्रभावकारी भै कक्षा दोहोऱ्याउने, बिचैमा कक्षा छाड्ने संख्यामा कमी ल्याउने साथै उनीहरूको परिवार र समुदायलाई समेत बालविकासको महत्वबारे सचेतीकरण गराउने उद्देश्यहरू रहेका हुन्छन् ।

राष्ट्रको शैक्षिकस्तर उकास्नका लागि औपचारिक तथा अनौपचारिक शिक्षाको अहम् भूमिका हुन्छ । शिक्षा दींगो विकासको लागि आधार हो । शैक्षिक जागरणले देशको सर्वाङ्गीण विकासमा ठूलो योगदान गरेको हुन्छ । यसै परिप्रेक्ष्यमा राष्ट्रले सबैका लागि आधारभूत शिक्षाको अवसर प्रदान गर्न औपचारिक तथा अनौपचारिक शिक्षाको विस्तारमा प्रमुखताका साथ कार्य गरिरहेको छ । बालबालिकाको सर्वाङ्गीण विकासका लागि प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्रको महत्वपूर्ण भूमिका रहन्छ । यसका लागि नेपाल सरकारको निकायको रूपमा शिक्षा मन्त्रालय तथा शिक्षा विभाग साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले समेत प्रशस्त मात्रामा लगानी गरिरहेका छन् ।

यद्यपि प्रारम्भिक बालशिक्षा कार्यक्रममा जनसहभागिता हुन नसकेको, समुदायको वास्तविक आवश्यकतासंग तालमेल गर्न नसकेको, कार्यक्रमका लागि भइरहेका लगानी पारदर्शी हुन नसकेको, कार्यक्रमले वास्तविक रूपमा अपेक्षित प्रतिफल र समुदायमा छाप छाड्न नसकेको गुनासाहरू जनसमुदायमा आइरहेको पाइन्छ । त्यसैले यस कार्यक्रमको प्रभावकारिताको खोजी गर्न यो शीर्षकलाई तय गरिएको हो । प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्रको सुविधा पाएपछि विद्यालय गएका र उक्त सुविधा नपाइकन सोझै विद्यालय गएका बालबालिकाहरूको सामाजिक पृष्ठभूमि, प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्रको सुविधा पाएपछि विद्यालय गएका र उक्त सुविधा नपाइकन सोझै विद्यालय गएका बालबालिकाहरूको तुलनात्मक सिकाई उपलब्धि थाह पाउन तथा प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्र सञ्चालन र व्यवस्थापनमा देखिएका समस्याहरूको बारेमा जानकारीको अभाव जस्ता समस्याहरू देखापरेकोले यस शीर्षकको छनौट गरी अध्ययन गरिएको छ ।

## १.३ अध्ययनको औचित्य

तीन देखि पाँच वर्ष उमेर समूहका बालबालिकाहरूको सामाजिक, बौद्धिक, शारीरिक तथा संवेगात्मक विकास भै विद्यालयको वातावरणमा सहज ढंगले घुलमिल हुन सक्ने, कक्षा एकमा विद्यार्थी भर्ना दर बढाउने तथा विद्यालयमा गएपछि उनीहरूको सिकाइ उपलब्धि राम्रो होस् भन्ने उद्देश्यले प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्रहरू सञ्चालन गरिन्छ । तथापि प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्रहरू सञ्चालन भएको ठाँउमा यसको प्रभावकारिता के कस्तो छ, लगानी अनुरूपको प्रतिफल प्राप्त भइरहेको छ वा छैन, समुदायमा के कस्तो प्रभाव परेको छ, प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्रको सुविधा पाएर विद्यालय गएका र उक्त सुविधा नपाई सोझै विद्यालय गएका बालबालिकाको सिकाइ उपलब्धिमा भिन्नता आदि बारेमा नगन्य मात्रामा अध्ययन अनुसन्धान भएको पाइन्छ ।

वास्तवमा प्रारम्भिक बाल शिक्षा तथा विकास बालबालिकाको सर्बाङ्गीण विकासको निम्ति खाना र आवास जस्तै महत्वपूर्ण हुन्छ । साना उमेरका बालबालिका प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्रमा पठाउदा एकातिर उनीहरूको चौतर्फी विकासमा मद्दत पुग्दछ भने अर्कोतिर उनीहरूको आमाबाबु तथा परिवार ठूला सदस्यहरू टाढा टाढाका काम तथा आयआर्जन सम्बन्धी क्रियाकलापहरूमा संलग्न हुने अवसर प्राप्त भइ परिवारलाई दोहारो फाइदा हुन्छ । प्रारम्भिक उमेरको अनुभवहरू भनेको मानव जीवन विकासका आधारहरू हुन् । प्रारम्भिक बाल शिक्षा तथा विकासको अनुभव बिना प्राथमिक तथा आधारभूत शिक्षामा भर्ना हुने बालबालिकाहरू बढी कक्षा दाहोऱ्याउने र विद्यालय छाड्ने सम्भावना बढी रहन्छ र प्रारम्भिक बाल शिक्षा तथा विकासको अनुभव लिएका बालबालिकाले तुलनात्मक रुपमा प्राथमिक तथा आधारभूत तहमा राम्रो नतीजा ल्याएका छन् । यो कुरालाई विभिन्न अध्ययनहरूले देखाइसकेको छ । प्रारम्भिक बाल शिक्षाले विद्यार्थी असफलताका कारण प्राथमिक शिक्षामा खेर गइरहेको लगानीलाई कम गर्न पनि मद्दत गर्दछ । नेपाल एउटा बाल अधिकार सम्बन्धी महासन्धीमा हस्ताक्षर गरेको राष्ट्रको हैसियतले हरेक बालबालिकाको सम्भाव्यता पूर्ण रुपमा प्रस्फुटन गर्न बाल शिक्षा तथा विकासका अवसरहरू प्रदान गर्नु सरकारको दायित्व रहन्छ, जसको लागि प्रारम्भिक बाल शिक्षा तथा विकास कार्यक्रमले महत्वपूर्ण भूमिका खेल्दछ । मानव संशाधन विकासको दृष्टिकोणबाट हेर्दा प्रारम्भिक उमेरमा गरिएको लगानीले पछिल्लो उमेरमा उच्च प्रतिफल ल्याउन सक्छ (श्रेष्ठ, १९९९) । विद्यालय क्षेत्र सुधार योजना (विक्षेसुयो २००९-२०१५) अनुसार २०१५ सम्ममा

कक्षा एकमा जम्मा भर्ना संख्यामध्ये ८० प्रतिशत प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्रको अनुभव पाएका बालबालिकाहरूमध्येबाट प्रवेश गराउने तथा प्रारम्भिक बाल शिक्षा तथा विकास केन्दमा सहजै देखिने भर्ना दर ९९% पुऱ्याउने लक्ष्य राखिएको छ । यसले गर्दा प्रारम्भिक बाल शिक्षा तथा विकास कार्यक्रममा बालबालिकाको पहुँचमा वृद्धि तथा कार्यक्रमको प्रभावकारी सञ्चालन तथा व्यवस्थापनमा जोड दिनु एक महत्वपूर्ण कार्य हो ।

वर्तमान परिस्थितिमा प्रारम्भिक बालशिक्षा कार्यक्रमको व्यवस्थापनको सवालमा कमै मात्रामा अध्ययन अनुसन्धान भएको पाइन्छ । त्यसमा पनि भर्खरै बृहत कार्यक्रमको रूपमा प्रारम्भ भइरहेको प्रारम्भिक बालशिक्षा कार्यक्रमको व्यवस्थापन बारे पर्याप्त मात्रामा अध्ययन भएको पाइदैन । लगानी अनुरूपको वास्तविक प्रतिफल सेवाग्राहीले पाएका छन् कि छैनन्, सेवाप्रदायक संस्था यस कुरामा सचेत छन् कि छैनन् भन्ने सवालमा आधारित भएर प्रभाव अध्ययन गर्न आवश्यक ठानिएको छ । प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्रका लागि यस अध्ययनले पृष्ठपोषण तथा मागनिर्देशन गर्ने विश्वास छ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनका निम्नलिखित उद्देश्यहरू रहेका छन् :

१. प्रारम्भिक बालशिक्षा कार्यक्रमको वर्तमान अवस्था पहिचान गर्नु ।

२. प्रारम्भिक बालशिक्षा कार्यक्रमको प्रभावको अध्ययन गर्नु ।

३. प्रारम्भिक बालशिक्षा कार्यक्रम व्यवस्थापनमा देखिएका समस्याहरू पहिचान गर्नु ।

४. प्रारम्भिक वालशिक्षा कार्यक्रम व्यवस्थापनमा देखिएका समस्या समाधानका उपायहरु खोज्नु ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरू

माथि दिएका उद्देश्यहरू पुरा गर्न यो अध्ययन निम्नानुसारका अनुसन्धानात्मक प्रश्नहरूमा आधारित भई गरिएको छ :

१. प्रारम्भिक बालशिक्षा कार्यक्रमको वर्तमान अवस्था कस्तो रहेको छ ?

२. प्रारम्भिक वालशिक्षा कार्यक्रमको प्रभावको अवस्था कस्तो रहेको छ ?

३. प्रारम्भिक वालशिक्षा कार्यक्रम व्यवस्थापनमा के-कस्ता समस्याहरु देखिएका छन् ?

४. प्रारम्भिक वालशिक्षा कार्यक्रम व्यवस्थापनमा देखिएका समस्या समाधान गर्ने उपायहरु के-के हुन सक्दछन् ?

## १.६ अध्ययनको परिसीमा

अनुसन्धानकर्ताले आफ्नो अनुसन्धान कार्यलाई निश्चित विषयमा सीमित गर्नका लागि उसले अनुसन्धान कार्यमा समावेश नगरेका कुराहरूलाई यो भागमा स्पष्ट रुपमा देखाइएको छ । हरेक अध्ययनका आ-आफ्नै सीमा हुन्छन् । प्रस्तुत अध्ययनलाई प्रारम्भिक बालशिक्षा तथा विकास कार्यक्रमको प्रभावकारिता विषयमा केन्द्रित गरिएको छ ।

यस अध्ययनलाई समय, स्रोत र साधनको अपर्याप्तताका कारण सिन्धुली जिल्लाको फिक्कल उ.मा.वि. सोल्पाठाना श्रोतकेन्द्रका ५ वटा वालविकास केन्द्रहरु (प्रा.वि. वाह्रविसे, नि.मा.वि. जाङजाङ, फिक्कल उ.मा.वि. सोल्पा, महाकाली मा.वि. पोटी, सुनकोशी उ.मा.वि. लाई अध्ययनमा सिमित गरिएको छ ।

# परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

कुनै पनि अध्ययन अनुसन्धान गर्न लागिएको विषयमा यस भन्दा अगाडि नै कुनै व्यक्ति, संघसंस्था वा निकायबाट शोध अध्ययन भएको वा नभएको बारे जानकारी प्राप्त गर्ने तथा शोध अध्ययन भएको भए उक्त अध्ययनले जानकारीमा ल्याएका तथ्यपूर्ण कुराहरु र प्रकाशमा ल्याउन नसकेका विषयवस्तुहरु बारे समीक्षा गर्ने कार्यलाई नै सम्बन्धित साहित्यको पुनरावलोकन भनिन्छ । त्यसको लागि विशेष गरेर अध्ययनको विषयसंग सम्बन्धित लेख, रचना, शोधपत्र आदिका बारेमा समीक्षा तथा विश्लेषण गरिन्छ, जसबाट अनुसन्धानकर्तालाई आफ्नो अध्ययनको विषयको महत्व र गहनता वोध गर्न टेवा पुग्दछ । अतः सम्बन्धित साहित्यको पुनरावलोकनले यस अनुसन्धानात्मक कार्यको औचित्य पुष्टि गर्ने भएकोले सम्बन्धित लेखहरुको समीक्षात्मक अध्ययनलाई संक्षेपमा प्रस्तुत गरिएको छ ।

प्रधानाङ्ग (२००१) का अनुसार बालबालिकाको संसार प्रतिको ज्ञान निर्माण भनेको उनीहरूको मानसिक विकासको एउटा प्रक्रिया हो, जुन समाज तथा समुदायबाट प्रवल रुपले प्रभावित हुन्छ । एउटा बालकले समाजको सदस्यको रुपमा, संसार प्रति धारणा निर्माण गर्ने क्रममा उ उसको समाजद्वारा प्रभावित भएको हुन्छ । यसरी बालबालिकाले वस्तुहरुको बारेमा ज्ञान वा धारणा निर्माण गर्दछन्, जुन उनीहरुको निम्ति औचित्यपूर्ण हुन्छ । बालबालिकाहरु ज्ञान र सुझ्वुझ्को निर्धारणकर्ताहरु हुन् किनकि बालबालिकाहरुको ज्ञान स्वतन्त्र र सृजनात्मक रुपले भन्दा बढी जैविक र सामाजिक-सांस्कृतिक रुपले निर्धारण हुन्छ । त्यसैले निर्माणवादी विद्वानहरु प्याजे, भिगोत्स्की र ब्रुनरले भित्री रुपले, जैविक र छुट्टै रहने बालक र बाह्य वातावरणमा घुलमिल हुने र सामाजिक बालकहरु बीचको इच्छाको सम्बन्धलाई प्रस्तुत गरेका छन् तर तिनीहरुले राखेका इच्छाहरु फरक फरक छन् । तैपनि बालबालिकाको अन्तरनिहित क्षमता र मानसिक बिकासको प्रक्रियाले यसलाई पनि प्रभाव पार्दछ । तसर्थ बालबालिकाको सोचाइ र चिन्तनको प्रक्रिया, जुन सामाजिक परिवेशद्वारा प्रभावित हुन्छ र त्यसले नै ज्ञानको निर्माणमा सामिप्य रुपबाट प्रभावित पार्दछ (प्रधानाङ्ग, २००१) ।

माथि उल्लेखित सैद्धान्तिक मनोवैज्ञानिक तथ्यहरुको आधारमा यो भन्न सकिन्छ कि विद्यालय एउटा सानो समाज हो भने जस्तै प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्र पनि एउटा सानो समाज हो, जहाँ समुदायका विभिन्न सामाजिक, सांस्कृतिक पृष्ठभूमि भएका बालबालिकाहरु जम्मा हुन्छन् । सहयोगी कार्यकर्ताको सहजीकरणमा ती बालबालिकाले समूहमा मिलेर संगसंगै गरिने कृयाकलापबाट मात्र उनीहरुले वरिवरिको वातावरण, वस्तुहरु र संसार प्रति कै ज्ञान वा अवधारणाको विकास गर्न सक्छन् न कि एक्लै बसेर । उदाहरणको लागि उनीहरुले समय, बार, महिना आदिको बारेमा चित्र, अवधारणा छलफल तथा अभ्यासबाट ज्ञानको निर्माण गर्दछन् । वरिपरिको बोटविरुवा, ढुंगा, माटोको बारेमा अवलोकन र छलफल गरेर थाहा पाउन सक्छन् । त्यसैगरी कक्षाकोठाबाट बाहिर निस्केर मनोरञ्जनात्मक कृयाकलाप अर्थात गीत, कविता आदिद्वारा घाम लागेको छ कि, पानी परेको छ कि या बादल लागेको छ भन्ने ज्ञान वा अवधारणाको निर्माण गर्न सक्दछन् ।

उप्रेती (२०६१) का अनुसार ३ देखि ५ वर्ष उमेर समूहका बालवालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक, नैतिक, सृजनात्मक पक्षको विकासका लागि अवसर प्रदान गर्नु, सफासुग्घर रहने बानीको विकास गर्नु, सामाजिक मूल्यअनुरूप व्यवहार गर्ने बानीको विकास गर्नु, विद्यालय प्रति सकारात्मक धारणा र व्यवहारको विकास गर्नु, आधारभूत शिक्षाका लागि तयार हुनु आदि जस्ता तहगत उद्देश्यहरूको आधारमा प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्रहरु सञ्चालन भएको पाइन्छ । प्रारम्भिक बाल शिक्षा तथा विकास कार्यक्रमलाई विस्तारै राष्ट्रिय तथा स्थानीय गैरसरकारी संस्थामार्फत सञ्चालन गर्न अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले सहयोग गर्न थालेपछि यस क्षेत्रमा गैरसरकारी संस्थाको उपस्थिति बढेको पाइन्छ ।

यस क्षेत्रमा एक दशकभन्दा बढी काम गर्ने राष्ट्रिय तथा स्थानीय स्तरका गैरसरकारी संस्था पनि छन् । अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको सहयोगमा राष्ट्रिय तथा स्थानीय गैरसरकारी संस्थामार्फत कार्यक्रम सञ्चालन हुन थालेपछि कार्यक्रममा जनसहभागिता वृद्धि, लक्षित समूहमा सहभागिता र योजनाको सम्पूर्ण चरणमा सक्रिय सहभागिता बढाउन कार्यक्रमको कार्यान्वयन गर्ने प्रक्रिया तलबाट माथि वा आपूर्ति केन्द्रितबाट माग केन्द्रित प्रक्रियामा लैजाने प्रयास भएको पाइन्छ । अर्थात कार्यक्रमलाई समुदाय वा अधिकारवालाको पहुँचमा

अभिवृद्धि गर्नुपर्ने विभिन्न अध्ययन प्रतिवेदनको सार अनुरूप यसको मोडालिटी समयसापेक्ष परिवर्तन गर्दै लगेको पाइन्छ (उप्रेती,२०६१) ।

श्रेष्ठ (२०५८) का अनुसार मानव विकासको दृष्टिले ३ देखि ६ वर्षसम्मको स्थितिलाई प्रारम्भिक बाल्यकाल भनिने भए तापनि विकासात्मक संवेदनशीलता तथा महत्वलाई हेरी जन्मेदेखि ६ वर्षसम्मको सम्पूर्ण उमेरलाई नै प्रारम्भिक बालकालको रूपमा लिने गरेको देखिन्छ । यस अवस्थामा बालकको विकास अति छिटोछिटो भएको हुन्छ र यस अवधिमा बालविकास राम्ररी हुन नसकेपछि त्यसको क्षतिपूर्ति हुन गाह्रो हुन्छ । त्यस कारण प्रारम्भिक बाल शिक्षा तथा विकासप्रति आजकाल सम्पूर्ण विश्वकै ध्यान आकर्षित भएको छ । प्रारम्भिक बाल शिक्षा तथा विकास कसरी गर्ने भन्नेबारे केही सैद्धान्तिक मतभेद रहेको देखिन्छ तर यसको समुचित विकास र विस्तारका लागि कार्यक्रम सञ्चालन गर्नुपर्ने कुरामा सबै सहमत छन् । प्रारम्भिक बाल शिक्षा तथा विकासको मूल उद्देश्य कोरा शैक्षिक विकास अर्थात् पढ्न-लेख्न र भाषा, गणित इत्यादि विषयमा सीपको विकास गर्नु होइन, बरू बालकको शारीरिक, मानसिक, संवेगात्मक तथा सामाजिक विकास गर्नु हो । बालवालिकाहरूमा सरसफाइ, अनुशासन, सकारात्मक तथा स्वस्थ आनीबानी र मनोभावनाको अभिबृद्धि गर्ने प्रयास गरिनुपर्छ । ४-५ वर्षका बालक पढ्न लेख्न मानसिक तथा शारीरिक रूपले पनि त्यति तयार भएको हुँदैन । अंक, अक्षर जस्ता अमूर्त कुरालाई ऊ बुझ्न सक्दैन । जबर्जस्ती बुझाउन र सिकाउन खोज्दा यसको नकारात्मक असर पर्न सक्छ ।

प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्रको शिक्षण पद्धतिमा बालबालिकाको बहुपक्षीय प्रतिभाको विकास गर्न कक्षा कोठाभित्र उपयुक्त वातावरण सिर्जना गरी उनीहरूको क्षमता अनुसारको सिकाइ गरिन्छ । यस कार्यक्रमका लक्षित समूहमा ३ देखि ५ वर्षका बालबालिकाहरू रहेका छन् । दैनिक बिहान १० बजेदखि ३ बजेसम्म ५ घण्टाको एक वर्षे शैक्षिक सत्रमा १० महिनामा अर्थात २६० दिन उनीहरूको उमेर, क्षमता, रूची र आवश्यकताका आधारमा सिकाइ गरिन्छ । प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्रको एक वर्षे शैक्षिक सत्रका क्रियाकलापहरूलाई तीन भागमा बाँडेको पाइन्छ । केन्द्र सञ्चालन भएदेखि पहिलो एक महिना (२६ दिन) बालबालिकाहरूलाई केन्द्रको वातावरणसँग घुलमिल गराउने खालका क्रियाकलापहरू गराइन्छ । यस अन्तर्गत बालबालिकालाई आ-आÇनो

परिचय दिने, साथी तथा सहयोगी कार्यकर्तासँग घुलमिल हुने, सँगसँगै मिलेर बस्ने, आÇनो पालो पर्खने, हात धोएरमात्र खानेकुरा खाने, केन्द्रका नियमहरू पालना गर्ने, गीत, नाच, अभिनय, खेल लगायत अन्य क्रियाकलापहरूमा सक्रिय सहभागी बन्ने आदि जस्ता बानीको विकासका लागि विभिन्न क्रियाकलापहरू सञ्चालन गरेको पाइन्छ ।

केन्द्र सञ्चालन भएको दोस्रो महिनादेखि सातौं महिनासम्म (१५६ दिन) प्रारम्भिक बाल शिक्षा तथा विकास स्रोत पुस्तिका प्रयोग गरी सो आधारमा क्रियाकलाप सञ्चालन गरिन्छ । आठौं महिनादेखि दशौं महिना (७८ दिन) सम्म विद्यालय तयारीसम्बन्धी क्रियाकलापहरू जस्तै पूर्व गणित, सामान्य पढाइ र लेखाइ तथा प्राथमिक विद्यालयको अवलोकन भ्रमण आदि पर्दछ । यसमा विशेष गरेर पाँच वर्ष उमेर पूरा भइसकेका बालबालिकालाई बढी जोड दिनुपर्ने हुन्छ । दोस्रोदेखि सातौं महिनासम्म स्रोत पुस्तिकामा उल्लेखित पाठहरूका लागि सहयोगी कार्यकर्ताले प्रत्येक दिनको पाठ योजना तयार गर्नुपर्छ । स्रोत पुस्तिकामा उल्लेखित क्रियाकलापहरू नेपाली भाषामा भएपनि स्थानीय भाषामा ढालेर प्रयोग गर्नुपर्ने कुरामा जोड दिइएको छ ।

दैनिक पाँच घण्टे कार्यतालिकामा सहयोगी कार्यकर्ताले गर्नुपर्ने क्रियाकलाप र समयलाई यसरी विभाजन गरेको पाइन्छ । बच्चा/अभिभावकको स्वागत तथा प्राथमिक उपचार १० मिनेट, बाहिरी खेल (बार अनुसार) ३० मिनेट, शुभ बन्दना १० मिनेट, कक्षामा प्रवेश र हाजिरी १० मिनेट, विषय वस्तुमा आधारित बार अनुसारको कथा ३० मिनेट, विषयवस्तुको चिनारी/छलफल/ध्यान/बारको ज्ञान ३० मिनेट, विषयवस्तुमा आधारित बाल कविता/ताल २० मिनेट, सानो समूहमा बौद्धिक क्रियाकलापको खेल ४० मिनेट, विषयवस्तुमा आधारित दृश्यावलोकन/छलफल/मौसमको गीत १० मिनेट, पौष्टिक आहार ३० मिनेट, आराम वा स्वअध्ययन सामग्री ६० मिनेट, विषयवस्तुमा आधारित बाल गीत/धुन/संगित २० मिनेट, सामूहिक छलफल र धन्यवाद गीत १० मिनेट गरी ५ घण्टा १० मिनेटको कार्यतालिका रहेको छ । बालबालिकाको चाहना अनुसार सहयोगी कार्यकर्ताले समय र क्रियाकलापहरूलाई आवश्यकता अनुसार थपघट गर्न सक्ने लचकता छ । प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्रमा २० देखि ३० जना बालबालिका सहभागी हुन्छन् । उनीहरूका लागि आवश्यक पर्ने सरसफाइ सामग्रीहरू, वाहिरी र भित्र खेल गीतका लागि बाजागाजाहरू, खेलौना, गुडियाहरू, अक्षर अंकका कार्ड, कपडा, काठका टुक्रा, भाडाकुटी,

पजल, पि·, चिप्लेटी, भकुण्डो, रि·, क्यारम्यामबोर्ड आदि छन् । यस्तै कापी, र·, पेन्सील, प्राथमिक उपचार बट्टा, बाकस आदि सामग्रीहरुको व्यवस्था गरिएको छ ।

कक्षा कोठालाई ६ वटा सिकाइ क्षेत्रमा विभाजन गरिएको हुन्छ । यसमा भाषा, पूर्व-गणित, निर्माणात्मक, सिर्जनात्मक, अभिनयात्मक र विज्ञान क्षेत्र रहेका छन् । यसभित्र पनि बौद्धिक र स्वतन्त्र क्षेत्र छुटयाइएको हुन्छ । त्यसमा बौद्धिकभित्र भाषा, विज्ञान र पूर्व-गणित पर्दछ भने स्वतन्त्रभित्र अभिनयात्मक, निर्माणात्मक र सिर्जनात्मक पर्दछ । बालबालिकालाई बस्नका लागि स्थानीयस्तरमा उपलब्ध हुने गुन्द्री, झल्ला, त्रिपाल र आराम गर्दा कमल, धुस्सा आदि व्यवस्था गरिएको पाइन्छ । कार्यक्रमका लागि लक्षित समूहका बालबालिका, स्थान र सहयोगी कार्यकर्ता छनौट गर्न सहभागितामूलक ग्रामीण लेखाजोखा (पिआरए) विधि अवलम्बन गरिन्छ । केन्द्र व्यवस्थापन गर्न प्रत्येक केन्द्रमा व्यवस्थापन समितिको गठन गरिन्छ । कार्यक्रमको वारेमा जिल्ला, गाविस र केन्द्रस्तरमा अभिमुखीकरण कार्यशाला गरिन्छ । सहयोगी कार्यकर्तालाई केन्द्र सञ्चालनसम्बन्धी तालिम दिइन्छ । अभिभावक, व्यवस्थापन समिति, समुदायमा आधारित संस्था, गैरसरकारी संस्था, जिल्ला शिक्षा कार्यालय आदिबाट नियमित तथा आवश्यकता अनुसार केन्द्र अनुगमन तथा मूल्याङ्कन गरिन्छ (श्रेष्ठ २०५८) ।

बाँके, मकवानपुर, रौतहट, बारा, सुनसरी र मोरङ जिल्लाहरुमा संस्थाका आर्थिक एवं प्राविधिक सहयोगमा सामुदायमा आधारित संस्था, उपभोक्ता समिति, गैरसरकारी संस्था मार्फत जम्मा ६४८ वटा प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्रहरू सञ्चालन भइरहेकोमा हाल मकवानपुरमा सञ्चालित २०५ वटा तथा सुनसरीमा १७६ वटा केन्द्रहरु नेपाल सरकारको कोटा भित्र मूलप्रवाहीकरण भइसकेको छ भने यस कार्यक्रमको संस्थागत दीगोपनको लागि अन्य जिल्लाहरूमा पनि मूलप्रवाहीकरण गरिने क्रममा रहेकाछन् । केवल संख्या र कार्यक्षेत्रको हिसाबले मात्र नभई क्रियाकलापको हिसाबले पनि प्रारम्भिक बालशिक्षा तथा बिकास कार्यक्रमको विस्तार गरिएको छ ।

उक्त अध्ययनले निकालेको निष्कर्षमा प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्रका सहभागी नियमित रहेका छन् । बारा/रौतहट जिल्लाबाहेक अन्य जिल्लाहरूको केन्द्रमा बालकभन्दा बालिकाको संख्या बढी छ । पछाडि पारिएका तथा गरिब समुदायका बालबालिकाहरूको केन्द्रमा पहुँच बढी छ । केन्द्रका लागि सामान्य किसिमको अस्थायी भवनहरू रहेको छ ।

बालबालिकाको नियमित रूपमा स्वास्थ्य परीक्षण हुने गरेको छ । सहयोगी कार्यकर्ताले कक्षा कोठाभित्रको शिक्षण सन्तोषजनक रूपमा गरेपनि बाहिरी खेलहरू कम खेलाइएको पाइन्छ । प्रारम्भिक बाल शिक्षा तथा विकासका लागि समुदायमा आधारित संस्था र समुदायको साझेदारीमा कार्यक्रम सञ्चालन गरेको पाइयो । केन्द्र व्यवस्थापनमा समुदायको सक्रिय सहभागिता छ । बालबालिकाको स्वास्थ्य, पोषणस्तर, सामाजिक व्यवहार, नियमित विद्यालय जाने, बोलीचाली, परिचय, गाउने र नाच्ने व्यवहारको विकास भएको पाइयो । कार्यक्रमले बालबालिकाहरूको आत्माविश्वास, भाषा, अतिरिक्त क्रियाकलाप विकास तथा रूची बढाएको पाइन्छ । यसका अतिरिक्त बालबालिकाको स्याहारसुसार गर्ने अभिभावकको समय बचत भई सो समयलाई अन्य उत्पादक काममा लगाउने अवसरको सिर्जना भएको छ । प्रस्तुत प्रतिवेदनमा गरिएको सुझावहरूमा केन्द्रको भवनमा पर्याप्त मात्रमा प्रकाश र हावाको आवतजावत हुनुपर्ने, शौचालयमा पर्याप्त पानीको व्यवस्था गर्नुपर्ने, सहयोगी कार्यकर्तालाई स्वास्थ्य परीक्षण कार्ड भर्नका लागि आवश्यक ज्ञान, सीप दिनुपर्ने, खेल तथा शैक्षिक सामग्री निर्माणका लागि स्थानीय स्रोतको परिचालन सीप दिनुपर्ने, बालबालिकाको सर्वाङ्गीण विकास र मनोविज्ञानसँग सम्बन्धित विषयवस्तु सहयोगी कार्यकर्ताको तालिममा हुनुपर्ने, कुरा प्रमुख रूपमा उल्लेख गरेको पाइन्छ (शैक्षिक विकास केन्द्र नेपाल, २००३) ।

शैक्षिक विकास तथा अनुसन्धान केन्द्र (सेरिड) ले सन् २००१ मा शिक्षा विभाग काठमाण्डौको लागि गरेको समुदायमा आधारित प्रारम्भिक बाल शिक्षा तथा विकास कार्यक्रमको मूल्याङ्कन प्रतिवेदन अनुसार एउटा प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्रमा कम्तिमा ७ जना (सप्तरी जिल्लामा) र बढीमा २३ जना (इलाम जिल्लामा) उपस्थित रहेको पाइयो । सहभागी बालबालिकाहरुमा कतै केटाको संख्या बढी त कतै केटीको संख्या बढी रहेको तर बर्दिया जिल्लाको शहरी क्षेत्रको एउटा प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्रमा शतप्रतिशत केटा मात्र रहेको पाइयो । यसबाट के बुझिन्छ भने केही समुदायमा बालिकाहरुले अझ समान अवसर पाइरहेका छैनन् । बर्दिया र काभ्रे जिल्लाको शहरी क्षेत्रका प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्रहरुमा ३ देखि ४ वर्षका बालबालिकाहरु भर्ना हुने गरेको र ५ बर्ष पुगेपछि कि संस्थागत विद्यालयमा कि त सामुदायिक विद्यालयको कक्षा एकमा भर्ना हुने गरेको पाइयो ।

जिशिकाबाट प्रारम्भिक बाल शिक्षा तथा विकास कार्यक्रम फोकल व्यक्तिले विरलै मात्र केन्द्र अनुगमन गरेको पाइयो । सामुदायमा आधारित संस्था, क्लव र गैससंहरु केन्द्र सुपरीवेक्षण गर्न प्रतिवद्ध र सक्रिय रहेको पाइयो तर उनीहरुसंग कसरी सुपरीवेक्षण गर्ने, के सुपरीवेक्षण गर्ने भन्ने जस्ता प्राविधिक तथा व्यवस्थापकीय पक्ष बारे उचित ज्ञान र सीपको अभाव रहेको पाइयो । अतः प्रारम्भिक बाल शिक्षा तथा विकास कार्यक्रमसंग सम्वद्ध सरोकारवाला अथवा मानवीय स्रोतहरुलाई कार्यक्रम सञ्चालन, व्यवस्थापन, सुपरीवेक्षण, अनुगमन सम्बन्धी प्राविधिक ज्ञान र सीपको विकास गराउन जरुरी देखिन्छ (सेरिड, २००१) ।

श्रेष्ठ (१९९९) का अनुसार नेपालमा बालबालिकाको अवस्था त्यति उत्साहजनक देखिदैन । यद्यपि प्रारम्भिक बाल शिक्षा तथा विकास कार्यक्रम मार्फत गरिएका प्रयासहरूबाट बालबालिकाहरूका उज्वल भविष्यको निम्ति केही सुधार र आशाका किरणहरू देख्न सकिन्छ । राष्ट्रिय योजना तथा कार्यक्रममा बाल विकास शाखालाई समावेश गरिनु र सरकारी प्रतिवद्धतालाई कार्यक्रमको उचित दिशातर्फ अगाडि बढ्न सकारात्मक पाइलाको रुपमा लिन सकिन्छ । नेपालमा बाल विकासका धेरै मोडेलहरू प्रयोगमा छन् जसमध्ये वृहत रुपमा आएको मोडेल भनेको तीन देखि पाँच वर्षका बालबालिकालाई लक्षित गरी सञ्चालन गरिने केन्द्रमा आधारित प्रारम्भिक बाल शिक्षा तथा विकास कार्यक्रम नै हो । अधिकांश प्रारम्भिक बाल शिक्षा तथा विकास कार्यक्रमको व्यवस्थापनमा स्थानीय समुदायको संलग्नता र सहभागिता रहेको पाइएको छ र यो वास्तवमा कार्यक्रमको सकारात्मक पक्ष हो । नेपालमा विभिन्न मोडेलका बाल विकास केन्द्रहरूमा विभिन्न किसिमका कृयाकलापहरू सञ्चालन भइरहेको पाइन्छ तर कुन-कुन संस्थाले सञ्चालन गरेको कुन कुन मोडेलको बाल विकास केन्द्रमा कस्ता-कस्ता क्रियाकलापहरू कुन-कुन प्रक्रियामा सञ्चालन गरिन्छ भन्ने कुराको अभिलेखन नहुनु एउटा कम्जोर पाटोको रुपमा रहेको छ ।

श्रेष्ठ (१९९९) द्वारा गरिएको अध्ययनको प्राप्ती अनुसार कम्जोर सामाजिक आर्थिक अवस्था तथा सुविधाविहिन बालबालिकामा प्रारम्भिक बाल शिक्षा तथा विकासको अवसर र पहुँच पुऱ्याउन सरकारको कुनै विशिष्ट योजना, नीति र प्रतिवद्धता छैन । सरकारको स्पष्ट नीति, कार्यनीति र संलग्ता बिना ग्रामीण तथा दुर्गम क्षेत्रका सुविधाविहिन बालबालिकासम्म प्रारम्भिक बाल शिक्षा तथा विकास सेवा पुऱ्याउन सकिन्न । स्वास्थ्य, पोषण र प्रारम्भिक उत्प्रेरणा सम्बन्धी सेवाहरूसंग प्रारम्भिक बाल शिक्षा तथा विकासलाई एकिकृत रुपमा

लैजानु पर्छ भन्ने कुरालाई सिद्धान्ततः स्वीकार गरिएको छ तथापि यसलाई व्यवहारिक रुपमा लागु गर्न नीति तथा कार्यनीतिहरू तय भएको देखिदैन । नर्सरी, किन्डरगार्टन, दिवा बाल स्याहार आदि नाम गरेर निजी तवरबाट सञ्चालित बाल विकास कार्यक्रम बाहेक प्राय गैर सरकारी संस्था र विकासे परियोजनाहरूद्वारा यस्ता कार्यक्रमहरू सञ्चालन भएको पाइन्छ ।

प्रारम्भिक बाल शिक्षा तथा विकास कार्यक्रम विशेष गरी सून्य देखि पाँच वर्ष उमेरका बालबालिकाका चौतर्फी विकासका लागि सञ्चालन गरिने कार्यक्रम भएता पनि प्राय तीन देखि पाँच वर्ष उमेर समूहका बालबालिकाका लागि केन्द्रमा आधारित प्रारम्भिक बाल शिक्षा तथा विकास कार्यक्रमहरू सञ्चालन गरिएको पाइन्छ । बालबालिकाको तीन वर्ष मुनिका विकासको महत्वपूर्ण उमेरलाई कार्यक्रमले समेटेको देखिदैन । प्रायजसो सबै केन्द्रमा आधारित प्रारम्भिक बाल शिक्षा तथा विकास कार्यक्रमहरू स्थानीय समुदायको व्यवस्थापन र नेतृत्वमा हुनुलाई एउटा सह्राहनीय पक्षको रुपमा लिन सकिन्छ । प्रभावकारी कार्यान्वयन तथा कार्यक्रमको दींगोपनको निम्ति स्थानीय समुदायको नेतृत्वदायी व्यवस्थापन अपरिहार्य रहन्छ, त्यस अर्थमा यसलाई सह्राहनीय र सकारात्मक पक्षको रुपमा लिन सकिन्छ ।

प्रायजसो सबै प्रारम्भिक बाल शिक्षा तथा बिकास केन्द्रका सहयोगी कार्यकर्तालाई दुई हप्ताको आधारभूत तालिम दिइएको छ । त्यस अवधिमा सहयोगी कार्यकर्ताले प्रारम्भिक बाल शिक्षा तथा बिकास कार्यक्रमको आधारभूत ज्ञान हासिल गर्दछन् । पुरुष भन्दा महिलाहरू ससाना बालबालिकाको हेरचाह गर्न तुलनात्मक रुपमा सिपालु हुने भएकोले सकेसम्म महिला नै सहयोगी कार्यकर्ता छान्ने चलन छ । प्रारम्भिक बाल शिक्षा तथा बिकास केन्द्र व्यवस्थापन समिति र स्थानीय समुदायद्वारा नै सहयोगी कार्यकर्ता छान्ने गरिन्छ । प्रायजसो प्रारम्भिक बाल शिक्षा तथा बिकास केन्द्र सञ्चालनको लागि आयोजक संस्थाहरूले नै वित्तीय लगानीको मुख्य हिस्सा व्यहोर्ने गरेको पाइएको छ तथापि स्थानीय समुदाय, अभिभावक तथा स्थानीय सरकारी निकायहरूले पनि सहयोग गर्न थालेको पाइएको छ । प्रारम्भिक बाल शिक्षा तथा बिकास केन्द्रहरू प्रायजसो समुदायको आफ्नै भवन, विद्यालय अथवा समुदायले उपलब्ध गराएको ठाउँहरूमा सञ्चालित छन् ।

श्रेष्ठ (१९९९) का अनुसार नेपालको निम्ति प्रारम्भिक बाल शिक्षा तथा बिकास कार्यक्रमको निम्न बमोजिमको रुपरेखा उपयुक्त हुने सुझाव दिइएको छ :

क) नीतिगत व्यवस्थाः बाल शिक्षा तथा बिकास कार्यक्रमको उद्देश्यलाई विशिष्टिकरण गर्ने। बाल शिक्षा तथा बिकास कार्यक्रमको लक्ष्य बालबालिकाको चौतर्फी विकास गर्ने खालको हुनुपर्छ। जस्तोसुकै सामाजिक आर्थिक पृष्ठभूमि भएता पनि सबै बालबालिकारूलाई समेट्न सक्नु पर्छ। गर्भावस्थादेखि छ वर्षसम्मका सबै बालबालिकालाई लक्षित गरेर कार्यक्रम सञ्चालन गरिनु पर्छ। पढाइ, लेखाइ तथा सामान्य हिसाव गर्ने जस्ता औपचारिक सिकाइ पद्धतिलाई निरुत्साहित गरेर खेल, अभिनय, मनोरञ्जन, अवलोकन आदि जस्ता प्रारम्भिक बाल शिक्षा तथा बिकास सिकाइका आधारभूत सिद्धान्तलाई कार्यान्वयन गरिनु पर्छ। प्रारम्भिक बाल शिक्षा तथा बिकास कार्यक्रमलाई मानवीय स्रोत विकासको आधार वा मेरुदण्डको पहिचान गरी यसलाई लगानीको प्राथमिकता क्षेत्रको रुपमा विकसित गरिनुपर्छ। स्वास्थ्य, पोषण, शिक्षा र ग्रामीण विकास जस्ता क्षेत्रहरूसंग सम्बन्धित सबै संस्थाहरूलाई समन्वयात्मक ढंगले प्रारम्भिक बाल शिक्षा तथा बिकास कार्यक्रमको क्षेत्रमा संगसंगै मिलेर काम गरेमा कार्यक्रमको प्रभावकारिता वृद्धि हुन्छ। त्यस्तो समन्वयात्मक कार्यले लागत प्रभावकारिता र उच्च कार्यकुशलतालाई पनि सुनिश्चित गर्दछ।

ख) मानवीय स्रोतको व्यवस्थापनः प्रारम्भिक बाल शिक्षा तथा बिकास कार्यक्रमको विस्तार र प्रभावकारिताको लागि देशमा उपलब्ध मानवीय स्रोतहरूको पूर्ण रुपमा परिचालन गर्नु महत्वपूर्ण हुन्छ। मानवीय स्रोतहरूको प्रभावकारी र कुशल व्यवस्थापन सुनिश्चित गर्न तालिम, उत्प्रेरणा र सुपरीवेक्षण जस्ता पक्षहरूमा विशेष ध्यान दिनु पर्दछ। प्रारम्भिक बाल शिक्षा तथा बिकास सेवा वा कार्यक्रमको गुणस्तर सुनिश्चित गर्नका लागि सहयोगी कार्यकर्ता अध्यापन अनुमति पत्र पद्धति लागु गरी योग्य, ज्ञान, सीप, क्षमता भएका व्यक्तिलाई मात्र सहयोगी कार्यकर्ता छनौट गर्नुपर्छ। सहयोर्गी कार्यकर्ताहरू दक्ष र लगनशील भएमा मात्र प्रारम्भिक बाल शिक्षा तथा बिकास केन्द्र गुणस्तरको न्यूनतम मापदण्ड कायम गर्न सकिन्छ।

शिक्षक, राजनैतिक कार्यकर्ता, कर्मचारी, समाजिक कार्यकर्ताहरू लगायत समुदायका मानिसहरूले आफूसंग भएको ज्ञान, सीप र दक्षता प्रयोग वा लगानी गरेर, अनुगमन गरेर, स्रोत परिचालन गरेर प्रारम्भिक बाल शिक्षा तथा बिकास कार्यक्रममा सहयोग गर्न सक्छन्। बालबालिकारूमा कुनै प्रकारका नकारात्मक प्रभाव पर्न नदिन सह्रयोगी कार्यकर्ता तथा प्रारम्भिक बाल शिक्षा तथा बिकास कार्यक्रममा प्रत्यक्ष रुपमा संलग्न हुने सरोकारवालाहरूको लागि स्थानीय देखि राष्ट्रिय स्तरसम्म आचार संहिता निर्माण गरी लागु

गर्नु उपयुक्त हुन्छ । प्रारम्भिक बाल शिक्षा तथा बिकास कार्यक्रम सञ्चालन तथा व्यवस्थापनमा संलग्न सबै सरोकारवालाहरूलाई  तालिमको व्यवस्था गरिनुपर्छ । स्थानीय र महिलालाई सहयोगी कार्यकर्ता छनौटमा प्राथमिकता दिनुपर्छ ।

ग) सामग्री व्यवस्थापनः समुदायमा उपलब्ध भौतिक सुविधाहरू जस्तैः भवन, चर्पी, खानेपानी, खेलमैदान, फर्निचर आदिको सदुपयोग गरेर तथा स्थानीय स्तरमा खेल तथा सिकाई सामग्रीहरूको निर्माण वा विकास गरेर प्रारम्भिक बाल शिक्षा तथा बिकास केन्द्रको लागत कम गर्न सकिन्छ साथै कार्यक्रम प्रति समुदायको अपनत्वको भावनाको पनि विकास गर्न सकिन्छ ।

घ) वित्तीय व्यवस्थापनः प्रारम्भिक बाल शिक्षा तथा बिकास केन्द्र सञ्चालन गर्नको लागि विभिन्न सम्भावित स्रोतहरू परिचालन गर्न सकिन्छ, जस्तै अभिभावक तथा समुदाय, स्थानीय निकाय, राष्ट्रिय बजेट, अन्तराष्ट्रिय सहयोगी संस्था, गैससं लगायत विभिन्न स्वयंसेवी संगठनहरू आदि । सकेसम्म कम लागतमा प्रारम्भिक बाल शिक्षा तथा बिकास केन्द्रहरू सञ्चालन गर्न प्रोत्साहित गरेर बालबालिकाहरूको पहुँच वृद्धि गर्न सकिन्छ (श्रेष्ठ, १९९९) ।

वास्तवमा प्रारम्भिक बाल शिक्षा तथा बिकास कार्यक्रमले प्रारम्भिक उमेरका बालबालिकाहरुको लागि उज्ज्वल भविष्य निर्माण गर्न जगको रुपमा कार्य गरेको पाइन्छ । विभिन्न संघसंस्था र सरकारी तवरबाट सञ्चालित विभिन्न मोडेलका प्रारम्भिक बाल शिक्षा तथा बिकास केन्द्रहरुको उद्देश्य, विषयवस्तु, कार्य प्रक्रिया आदिमा केही भिन्नताहरु रहेको देखिन्छ र तिनीहरुको कार्यको अभिलेखनको कमी देखिएको छ । प्रारम्भिक बाल शिक्षा तथा बिकास कार्यक्रमको प्रभावकारिताको निम्ति यस कार्यक्रममा सम्वद्ध सरोकारवाला व्यक्ति र संस्थाहरुलाई तालिम, उत्प्रेरणा र सुपरीवेक्षण सम्बन्धी क्षमताको विकासमा जोड दिदै सहयोगात्मक र समन्वयात्मक ढंगले कार्य गर्नु पर्ने दखिन्छ ।

माथि उल्लेखित अध्ययन (श्रेष्ठ, १९९९) को प्राप्ती र सुझावमा प्रारम्भिक बाल शिक्षा तथा बिकास केन्द्रको सिकाइमा पढाई, लेखाई र सामान्य हिसाब गर्ने जस्ता औपचारिक सिकाइ क्रियाकलापलाइ निरुत्साहित गरेर प्रारम्भिक बाल शिक्षा र विकासको अवधारण अनुसार खेल र मनोरञ्जनको माध्यमद्वारा नै सिकाइ कृयाकलाप सञ्चालन गर्नु पर्ने कुरालाई उल्लेख गरिएको कुरा राम्रो छ तर आजको शैक्षिक प्रतिष्पर्धाको जमानामा अभिभावकहरु आफ्नो

बालबालिकाले छिट्टै लेखाइ, पढाइ र हिसाव गर्न सिकेको हेर्न चाहन्छन् । अभिभावकहरु प्रारम्भिक बाल शिक्षा तथा बिकास केन्द्रको सिकाइलाई संस्थागत विद्यालयमा सिकाइने नर्सरी, किण्डरगार्टन तहको सिकाइसंग तुलना गर्न खोज्दछन् । तसर्थ प्रारम्भिक बाल शिक्षा तथा बिकास केन्द्रमा खेल, अभिनय, गीत आदि जस्ता मनोरञ्जनात्मक माध्यमबाट सिकाइने भएता पनि त्यही माध्यमको आधारमा लेखाई, पढाइ तथा सामान्य हिसाव सिकाउन तर्फ जोड दिनु पर्ने आवश्यक्ता देखिन्छ ।

सेभ द चिल्ड्रेन (२००३) द्वारा सिराहा जिल्लामा गरिएको प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्रको प्रभाव अध्ययन अनुसार प्रारम्भिक बाल शिक्षा तथा बिकास कार्यक्रमले समुदायका विपन्न वर्ग, दलित समुदायका बालवालिकालाई समेटेको छ । सोभै कक्षा एकमा भर्ना भएका बालवालिका भन्दा प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्रमा एक देखि दुई वर्षसम्म सहभागी भएर कक्षा एक मा भर्ना भएका बालवालिकामा के फरक छ त ? यस सन्दर्भमा केन्द्रित प्रभाव अध्ययनले  प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्रको अनुभव प्राप्त बालवालिकाहरू अन्य बालवालिका भन्दा साथीसंग सजिलै घुलमिल हुन सक्ने, शिक्षक तथा आफूभन्दा ठूलालाई आदरसम्मान गरेर बोल्न र व्यवहार गर्ने, व्यक्तिगत सरसफाई तथा चर्पीमा मात्र दिसापिसाप गर्नुपर्छ भन्ने कुरामा सजग, साथी र शिक्षकसंग निर्धक्कसंग बोल्न सक्ने जस्ता ज्ञान र सीपहरू राम्रो भएको देखिएको छ ।

त्यसैगरी कक्षा एक र दुईमा गरिएको सर्वेक्षण अनुसार कक्षा एकमा समग्र बालवालिकाको कक्षोन्नति दर ४१.७ प्रतिशतको तुलनामा प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्रको अनुभव पाएका बालवालिकाको कक्षोन्नति दर ८३.५ प्रतिशत अथवा ज्यादै राम्रो  भएको छ । त्यसैगरी कक्षा दुईमा समग्र बालवालिकाको कक्षोन्नति दर ७३.९ प्रतिशतको तुलनामा केन्द्रको अनुभव पाएका बालवालिकाको कक्षोन्नति दर ९५.१ प्रतिशत रहेको छ । कक्षा दोहोऱ्याउने प्रवृतिलाई हेर्दा समग्र बालवालिकाको तुलनामा केन्द्रको अनुभव पाएकाको प्रतिशत कम अथवा राम्रो छ । कक्षा एकमा समग्र बालवालिकाको कक्षा दोहोऱ्याउने प्रतिशत ३६.७ को तुलनामा केन्द्रको अनुभव पाएका बालवालिकाको ५.५ प्रतिशत मात्र रहेको छ । त्यसैगरी कक्षा दुईमा समग्र बालवालिकाको कक्षा दोहोऱ्याउने प्रतिशत १७.६ को तुलनामा केन्द्रको अनुभव पाएका बालवालिकाको २.२ प्रतिशत मात्र रहेको छ । बालवालिकाको बीचैमा कक्षा छाड्ने प्रवृति जति कम हुन्छ त्यति नै राम्रो हुने शैक्षिक

विकासको सूचकको रूपमा लिइन्छ । यस सन्दर्भमा कक्षा एकमा समग्र बालवालिकाको बीचैमा कक्षा छाड्ने प्रतिशत २१.६ को तुलनामा केन्द्रको अनुभव पाएका बालवालिकाको बीचैमा कक्षा छाड्ने प्रतिशत ११ मात्र रहेको छ । यसैगरी कक्षा दुईमा समग्र बालवालिकाको बीचैमा कक्षा छाड्ने प्रतिशत ८.५ को तुलनामा केन्द्रको अनुभव पाएका बालवालिकाको बीचैमा कक्षा छाड्ने प्रतिशत २.७ मात्र रहेको छ (सेभ द चिल्ड्रेन, २००३) । उक्त अध्ययनको आधारमा प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्रको सुविधा पाएर विद्यालय गएका बालबालिकाहरुको व्यवहारिक तथा सिकाइ उपलब्धि उक्त सुविधा नपाइ सोझै विद्यालय गएका बालबालिकाको तुलनामा सकारात्मक र प्रभावकारी रहेको छ तथापि यस उपलब्धिलाई निरन्तरता दिन प्रारम्भिक बाल शिक्षा तथा विकास कार्यक्रमलाई दीगो र प्रभावकारी रुपमा सञ्चालन गर्नको निम्ति संस्थागत विकासमा ध्यान दिनु आवश्यक देखिन्छ ।

उपरोक्त पूर्व साहित्यहरुको अवलोकनबाट प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्रको सुविधा पाएर विद्यालय गएका बालबालिकाहरु उक्त सुविधा नपाइ सोझै विद्यालय गएका बालबालिका भन्दा सिकाइ उपलब्धि र सामाजिक, नैतिक व्यवहार परिवर्तनको हिसावले धेरै उत्कृष्ट रहेको पाइयो । साथीसंग सजिलै घुलमिल हुन सक्ने, शिक्षक तथा आफूभन्दा ठूलालाई आदरसम्मान गरेर बोल्न र व्यवहार गर्ने, व्यक्तिगत सरसफाई तथा चर्पीमा मात्र दिसापिसाप गर्नुपर्छ भन्ने कुरामा सजग, साथी र शिक्षकसंग निर्धक्कसंग बोल्न सक्ने जस्ता ज्ञान र सीपहरूमा प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्रको सुविधा पाएर विद्यालय गएका बालबालिकाहरु नै तुलनात्मक रुपमा उत्कृष्ट भएको देखियो ।

प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्र व्यवस्थापन समिति, अभिभावक, सामुदायमा आधारित संस्था, क्लव र गैससंहरु केन्द्र सुपरिवेक्षण गर्न प्रतिवद्ध र सक्रिय रहेको पाइयो तर उनीहरुसंग कसरी सुपरीवेक्षण गर्ने, के सुपरीवेक्षण गर्ने भन्ने जस्ता प्राविधिक तथा व्यवस्थापकीय पक्ष बारे उचित ज्ञान र सीपको अभाव रहेको पाइयो । प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्रको प्रभावकारी सञ्चालन र व्यवस्थापनको निम्ति यससंग सम्वद्ध सरोकारवाला अथवा मानवीय स्रोतहरुलाई कार्यक्रम सञ्चालन, व्यवस्थापन, सुपरीवेक्षण, अनुगमन सम्बन्धी प्राविधिक ज्ञान र सीपको विकास अभिवृद्धि गराउने तर्फ जोड दिनु पर्ने आवश्यक देखिन्छ । बालवालिकाले प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्रमा प्राप्त गर्ने सिकाई उपलब्धिले प्राथमिक तथा आधारभूत शिक्षा प्राप्तिको लागि ज्यादै ठूलो र

सकारात्मक भूमिका खेल्दछ । विद्यार्थीहरूको कक्षोन्नति दर बढी हुनु, कक्षा दोहोर्‍याउने र विद्यालय छाड्ने दर कम या सुन्य हुनुलाई पनि शैक्षिक विकासको महत्वपूर्ण सूचक मानिन्छ । यस पूर्व साहित्यको अवलोकनबाट प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्रको सुविधा नपाइ सोझै विद्यालय गएका बालवालिकाको तुलनामा उक्त सुविधा पाएपछि विद्यालय गएका बालवालिकाको कक्षोन्नति दर बढी या राम्रो देखिएको छ । त्यसैगरी प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्रको सुविधा नपाइ सोझै विद्यालय गएका बालवालिकाको तुलनामा उक्त सुविधा पाएपछि विद्यालय गएका बालवालिकाको कक्षा दोहोर्‍याउने दर र बीचैमा कक्षा छोड्ने दर पनि न्यून अथवा राम्रो देखिएको छ ।

सम्बन्धित साहित्यहरुको पुनरावलोकनबाट प्रारम्भिक बाल शिक्षा तथा विकास कार्यक्रमले बालबालिकाहरुको चौतर्फी विकास गर्न साथै विद्यालय शिक्षाको जग तयार गर्न महत्वपूर्ण भूमिका खेल्दछ भन्ने कुरालाई दर्शाएको छ । साथै प्रारम्भिक बाल शिक्षा तथा विकास कार्यक्रम प्रभावकारी ढंगले सञ्चालन तथा व्यवस्थापन गर्न अन्य कुराहरुको साथै विशेष गरी मानवीय स्रोत परिचालनको महत्वपूर्ण भूमिका रहन्छ भन्ने तथ्यलाई पनि इंगित गरेको छ । अतः प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्रको सुविधा पाएर विद्यालय गएका र उक्त सुविधा नपाई सोझै विद्यालय गएका बालबालिकाको सामाजिक पृष्ठभूमि अवस्था के कस्तो छ त ? प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्रको सुविधा पाएर विद्यालय गएका र उक्त सुविधा नपाई सोझै विद्यालय गएका बालबालिकाको सिकाई उपलब्धिको अवस्थामा के फरक छ ? प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्र सञ्चालनमा के कस्ता समस्याहरू छन् त ? भन्ने आदि कुराहरुको अध्ययन गर्नका निम्ति सम्बन्धित साहित्यहरुको पुनरावलोकनले आधार तयार गरेको छ ।

यस परिच्छेदमा प्रारम्भिक बाल बिकास कार्यक्रमको प्रभावलाई एउटा निश्चित सैद्धान्तिक दृष्टिकोणबाट हेर्नको निम्ति सैद्धान्तिक खाँकाको उल्लेख गरिएको छ । यसैगरी यस विषयमा अगाडि गरिएका अध्ययन, अनुसन्धान र लेख, रचनाहरूमा उल्लेख भएका तथ्यहरूका संक्षिप्त विश्लेषणलाई सम्बन्धित साहित्यको पुनरावलोकनमा उल्लेख गरिएको छ भने अध्ययनको शीर्षक, उद्देश्य, सैद्धान्तिक विश्लेषण र सम्बन्धित साहित्यको पुनरावलोकनको आधारमा यस अध्ययनको शैक्षिक उपादेयताबारे उल्लेख गरिएको छ ।

## २.२ अध्ययनको सैद्धान्तिक खाका

अनुसन्धानमा प्रयोग हुने चरहरुका बीचको सम्बन्धलाई देखाउन तर्कपूर्ण रुपमा विकसित गरिएको एक सञ्जाललाई नै सैद्धान्तिक खाका भनिन्छ (अधिकारी र पाण्डे, २०६७) । सैद्धान्तिक खाका भनेको कुनै पनि अनुसन्धानलाई मार्ग निर्देश गर्ने अन्तरसम्बन्धित धारणाहरुको संगालो हो ।

यस अनुसन्धान कार्यलाई वस्तुगत बनाउन अमेरिकी मनोवैज्ञानिक बीब ल्याटेनी (१९८१) द्वारा प्रतिपादित सामाजिक प्रभावको सिद्धान्तलाई अध्ययनको सैद्धान्तिक खाकाको रूपमा लिइएको छ । उनले सामाजिक प्रभावलाई सकारात्मक प्रभावको रुपमा लिएका छन् । यस सिद्धान्त अनुसार सामाजिक प्रभाव भनेको शक्तिको प्रभावको सवलता, कार्यको शिघ्रता, प्रभावलाई अगाडि ल्याउने स्रोतहरूको संख्या लगायत सामाजिक शक्तिहरूको कार्यको नतीजा हो । सामाजिक प्रभाव निश्चित उद्देश्य प्राप्तिका लागि विभिन्न व्यक्तिहरू मिलेर गुणात्मक रुपमा सम्पादन गरिने कार्यमा आधारित छ । यस सिद्धान्तमा भौतिक तथा वित्तीय भन्दा बढी व्यक्ति वा मानवीय स्रोतलाई नै स्रोतको रुपमा लिइएको छ । जति उच्च हैसियत भएका वा योग्य व्यक्तिहरू स्रोत वा शक्तिको रुपमा रहन्छन्, जति बढी कार्यको शिघ्रता हुन्छ र जति स्रोतहरूको संख्या बढी हुन्छ त्यति नै बढी सामाजिक प्रभाव रहन्छ ।

शक्ति प्रभावको सवलता, कार्य शिघ्रता र स्रोतहरूको संख्याले सामाजिक प्रभावमा सकारात्मक भूमिका खेल्दछ । स्रोतहरूको संख्याले सामाजिक प्रभावलाई असर पार्ने तथा बढी स्रोतहरू भएमा हरेक व्यक्तिको वैयक्तिक कृयाकलापमा पनि प्रभाव पार्न सक्ने कुराको अनुभूति हुन्छ । एउटा सामाजिक परिस्थिति जहाँ बढी सवलता, कार्य शिघ्रता र स्रोतहरूको संख्या बढी हुन्छ भने सामाजिक प्रभाव सबै स्रोतहरू बीच विभाजित भएर रहन्छ । यो नियम स्रोत वा व्यक्तिहरू बीचको जिम्मेवारी प्रसार संग पनि सम्बन्धित छ र उपस्थित व्यक्तिहरूको संख्या बढ्छ भने हरेक व्यक्तिले आफ्नो उत्तरदायित्व कम र हल्का भएको महशुस गर्दछन् ।

प्रारम्भिक बाल शिक्षा तथा विकास कार्यक्रमको प्रभावकारिता अध्ययन गर्ने सन्दर्भमा सामाजिक प्रभावको सिद्धान्तले मेल खाएको देखिन्छ । प्रारम्भिक बाल

शिक्षा तथा विकास कार्यक्रमको सफलता, प्रभावकारिता त्यतिबेला रहन्छ जब प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्र सञ्चालन तथा व्यवस्थापनसंग सम्बन्धित सबै मानवीय स्रोत वा सरोकारवालाहरूले सक्रिय रुपमा कार्य गर्दछन् । अनि प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्रको सुविधा पाएर विद्यालय गएका बालबालिकाको कक्षोन्नति दर बढी हुने, कक्षा दोहोऱ्याउने तथा विद्यालय छाड्ने दरमा कमी जस्ता सिकाई उपलब्धिहरूमा सकारात्मक परिवर्तन आउछ ।

यस सिद्धान्तमा व्यक्ति वा मानवीय स्रोतको भूमिकालाई जोड दिइएको र जति उच्च हैसियत भएका वा योग्य व्यक्तिहरू स्रोतको रुपमा रहन्छन्, जति बढी कार्यको शिघ्रता हुन्छ र जति स्रोतहरूको संख्या बढी हुन्छ त्यति नै बढी सामाजिक प्रभाव रहन्छ । प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्रको प्रभावकारी सञ्चालन र व्यवस्थापनको निम्ति सहयोगी कार्यकर्ता र केन्द्र व्यवस्थापन समिति सदस्यहरू तालिम प्राप्त भएमा र अभिभावकहरू कार्यक्रमप्रति बढी सचेत र सक्रिय भएमा कार्यक्रम बढी प्रभावकारी र सफल हुने सम्भावना रहन्छ । यसरी बढी संख्यामा उच्च सामाजिक हैसियत भएका दक्ष र योग्य व्यक्ति वा सरोकारवालाहरूले आफ्नो ज्ञान, सीप र क्षमता प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्र सञ्चालनमा लगानी गर्दछन् भने कार्यक्रम प्रभावकारी हुन्छ ।

त्यसैगरी प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्र सञ्चालन तथा व्यवस्थापनमा देखिएका समस्याहरूलाई योजनावद्ध ढंगले जति शिघ्र रुपमा समाधान गर्ने कार्य हुन्छ उति राम्रो सामाजिक प्रभाव रहन्छ । प्रारम्भिक बाल शिक्षा तथा विकास कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यमा अभिभावक, समुदाय, स्थानीय निकाय, शैक्षिक क्षेत्रसंग सम्बन्धित सरकारी संयन्त्र आदि गरेर जति बढी सरोकारवाला व्यक्तिहरूको सक्रिय सहभागिता रहन्छ, त्यसमा जिम्मेवारीको प्रसार भई हरेक व्यक्तिले आफ्नो कार्यबोझ कम वा हल्का भएको महशुस गर्दछन् । प्रारम्भिक बाल शिक्षा तथा विकास कार्यक्रम सञ्चालन तथा व्यवस्थापनको सन्दर्भमा लक्षित वर्गका बालबालिकाको पहुँच, सहभागिता र नियमितता, मानीय स्रोत वा सरोकारवालाहरू बीच समन्वय, प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्रको सुविधा पाएका बालबालिकाहरूको विद्यालय शिक्षामा उत्कृष्ट सिकाइ उपलब्धि आदि जस्ता सबल

वा सकारात्मक पक्षहरू जति बढी हुन्छन् त्यति नै बढी सामाजिक प्रभाव रहने अथवा कार्यक्रम प्रभावकारी हुन्छ ।

## २.३ सम्वन्धित साहित्यको पुनरावलोकनको शैक्षिक उपादेयता

जग बलियो भएमा मात्र घर बलियो हुन्छ भने जस्तै कुनै पनि एउटा बालक वा बालिकाको प्रारम्भिक शिक्षा राम्रो र उचित भएमा मात्र उसले प्रभावकारी ढंगले उच्च शिक्षा हासिल गर्न सक्दछ । जन्मदेखि ५ वर्षसम्मका बालबालिकालाई विकासात्मक मनोविज्ञानमा प्रारम्भिक बाल अवस्था भनिन्छ । जन्मदेखि ५ वर्ष भित्रका बालबालिकाको शारीरिक, सामाजिक, संवेगात्मक र बौद्धिक क्षमताको समानुपातिक विकासलाई नै समष्टिगत रूपमा प्रारम्भिक बाल शिक्षा तथा विकास भनिन्छ । बालबालिकाको उमेर अनुसार विकास क्रम पनि फरक फरक हुन्छ । जीवनको पहिलो पाँच वर्षका उमेरलाई मानव विकास क्रममा अति महत्वपूर्ण समय मानिन्छ । यस उमेरमा जुन किसिमको अवधारणा वन्दछ, त्यस अवधारणाले पूर्ण मानव विकासमा महत्वपूर्ण भूमिका खेल्दछ ।

बालबालिकाहरूले पाँच वर्ष मुनि नै भविष्यमा सिक्नुपर्ने सिकाइका अवधारणाहरू सिक्ने मौका पाउनुपर्छ । फलस्वरूप उसको जीवनमा सिकाइ काम लाग्ने हुन जान्छ । साथै समस्या समाधान गर्ने क्षमता पनि बढ्छ । नेपालको शिक्षामा प्रारम्भिक बालशिक्षा तथा बिकास कार्यक्रमले उल्लेख्य भूमिका खेलेको विषयमा प्रशस्त उदाहरणहरू पाइन्छन् । सेभ द चिल्ड्रेनद्वारा सन् २००३ मा सिराहा जिल्लामा कक्षा एक र दुईमा गरिएको सर्वेक्षण अनुसार प्रारम्भिक बालशिक्षा तथा बिकास केन्द्रको सुविधा नपाएका बालबालिका भन्दा सुविधा पाएका बालबालिकाको कक्षोन्नति दर बढी वा राम्रो भएको, त्यसैगरी सुविधा नपाएका बालबालिकाको तुलनामा सुविधा पाएका बालिबालिकाको कक्षा दोहोर्‍याउने र विद्यालय छाड्ने दर पनि राम्रो वा कम देखिएको छ ।

बीव ल्याटेनी (१९८१) को सामाजिक प्रभावको सिद्धान्तको आधारमा हेर्ने हो भने प्रारम्भिक बाल शिक्षा तथा विकास कार्यक्रमको सफलता, प्रभावकारिता त्यतिबेला रहन्छ जब प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्र सञ्चालन तथा व्यवस्थापनसंग सम्बन्धित सबै मानवीय स्रोत वा सरोकारवालाहरूले सक्रिय रुपमा कार्य गर्दछन् । अनि प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्रको सुविधा पाएर विद्यालय गएका

बालबालिकाको कक्षोन्नति दर बढी हुने, कक्षा दोहोर्‍याउने तथा विद्यालय छाड्ने दरमा कमी जस्ता सिकाई उपलब्धिहरूमा सकारात्मक परिवर्तन आउन सक्ने देखिन्छ । यसरी प्रारम्भिक बाल शिक्षा तथा विकास कार्यक्रमको प्रभावकारिता शीर्षकको अध्ययनलाई सामाजिक प्रभावको सिद्धान्तसंग जोडेर अध्ययन गर्ने प्रयास गरिएको छ । विशेष गरी यस अध्ययनले प्रारम्भिक बाल शिक्षा तथा विकास कार्यक्रमलाई कसरी प्रभावकारी ढंगले सञ्चालन तथा व्यवस्थापन गर्न सकिन्छ र यसको प्रभावकारी सञ्चालनले बालबालिकाको सिकाई उपलब्धिमा के कस्तो भूमिका खेल्न सक्दछ भन्ने कुराहरुमा चासो राख्ने सरोकारवालाहरु जस्तैः समुदाय, प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्र व्यवस्थापन समिति, विद्यार्थी, शिक्षक, अभिभावक, जिशिका, गाविस, नगरपालिका, जिविस लगायत शिक्षा क्षेत्रमा काम गर्ने सबैलाई केही हदसम्म सघाउ पुर्‍याउने छ ।

# परिच्छेद तीन : अध्ययन विधि

कुनै पनि घटना वा विषयका बारेमा अध्ययन गर्न निश्चित अध्ययन विधिको आवश्यकता पर्दछ, जसले अनुसन्धान कार्यलाई निश्चित दिशावोध गर्नुका साथै निष्कर्षमा पुग्न मद्दत गर्दछ । अनुसन्धानका प्रकार अनुसार तथ्याङ्क सङ्कलन विधि तथा साधनहरू फरक-फरक रहेका हुन्छन् । यस अध्ययन अन्तर्गत अनुसन्धान ढाँचा, अध्ययनको जनसंख्या तथा नमूना छनौट, तथ्याङ्कको स्रोत, तथ्याङ्क सङ्कलनका विधि र साधनहरू, तथ्याङ्क सङ्कलन तथा विश्लेषण प्रक्रियाबारे उल्लेख गरिएको छ ।

## ३.१ अनुसन्धान ढांचा

कुनै पनि समस्या र विषयको बारेमा विस्तृत जानकारी साथ अध्ययन अनुसन्धान गरी निष्कर्षमा पुग्न निश्चित विधि प्रयोग गर्नु पर्ने हुन्छ । अनुसन्धानका सम्पूर्ण पक्षलाई समेट्ने गरी तार्किक र स्पष्ट अर्थ दिने सबै क्षेत्रको अन्तरविरोध हटाउने र अपूर्णता समेट्ने गरी अनुसन्धान ढाँचा तयार गर्नु पर्दछ । अवस्था, घट्ना, प्रक्रिया तथा समस्याहरूको अध्ययन गर्ने उद्देश्यले नामरुपी तथा क्रमागत स्केलमा मापन गरिएका र शाब्दिक रुपमा सङ्कलन गरिएका सूचनाहरूलाई तार्किक रुपमा विश्लेषण गरी निष्कर्षमा पुगिने अनुसन्धानलाई गुणात्मक अनुसन्धान भनिन्छ  । गुणात्मक अनुसन्धानमा विशेष गरेर परिकल्पनाको निर्माण वा परीक्षण नगरी खुल्ला अन्तर्वार्ता, प्रत्यक्ष अवलोकन र लिखित अभिलेख वा दस्तावेजको माध्यमद्वारा सङ्कलित तथ्यााङ्कहरुलाई आगमनात्मक विश्लेषणबाट निष्कर्षमा पुग्ने प्रयास गरिन्छ । तर परिमाणात्मक अनुसन्धानमा अध्ययन गरिने चरहरुको परिमाणलाई मापन गरी प्राप्त संख्यात्मक तथ्याङ्कलाई गणितीय अथवा तथ्याङ्कशास्त्रीय विश्लेषण विधिद्वारा निष्कर्षमा पुग्ने गरिन्छ (खनाल, २०६७) ।

कतिपय अवस्थामा समय र बजेटको सिमितताका कारण घट्ना, अवस्था, प्रक्रिया र समस्याहरुको अध्ययनबाट प्राप्त गुणात्मक प्रकृतिका तथ्याङ्कहरुलाई छिटो र सजिलोसंग प्रस्तुतीकरण र विश्लेषण गर्न गणितीय अथवा तथ्याङ्कशास्त्रीय विधि वा सुत्रहरुको पूर्ण रुपमा प्रयोग नगरीकन संख्यात्मक विवरण, तालिकीकरण आदि जस्ता सामान्य खालका गणितीय विधिहरु समेतको प्रयोग गरेर गुणात्मक र परिमाणात्मक मिश्रित खालको अनुसन्धान ढाँचा प्रयोग गर्न सकिन्छ । मिश्रित अनुसन्धान ढाँचा अनुसार गुणात्मक

तथ्याङ्कले सर्वेक्षण गरिएका प्रश्नका उत्तरहरुले गहिराई सम्मको सूचना उपलब्ध गराउन सक्छ भने तथ्याङ्कशास्त्रीय विश्लेषणबाट प्राप्त तथ्याङ्क वा सूचनालाई विभिन्न ढाँचामा विस्तृत रुपमा लेखाजोखा गदर्छ । तथापि गुणात्मक तथ्याङ्कलाई परिमाणात्मक ढंगले गरिने विश्लेषण प्रक्रियाले सीमित स्रोत र समयमा कसरी अध्ययनलाई पुरा गर्ने भन्ने कुरामा मद्दत गर्नुका साथै नमूनाका आकारलाई घटाएर उत्तरदाताहरुसंग अन्तर्वार्ता गर्दा लाग्ने बढी समयलाई घटाइ थोरै समयमा अध्ययनलाई सम्पन्न गर्न मद्दत गर्दछ (डेभिड, फिलिप, अफुवा र डग्लस, २००७) ।

यस अध्ययनलाई सम्पन्न गर्न विशेष गरी गुणात्मक अनुसन्धान ढाँचालाई अवलम्वन गर्ने प्रयास गरिएको भएता पनि उत्तरदाता बालबालिकाबाट प्राप्त सूचनालाई स्पष्ट पार्ने क्रममा केही संख्यात्मक विश्लेषण तथा तालिकाहरुको पनि प्रयोग गरिने भएकाले यस अध्ययनमा गुणात्मक तथा गुणात्मक र परिमाणात्मक मिश्रित अनुसन्धान पद्धतिलाई प्रयोग गरिएको छ । प्रारम्भिक बालशिक्षा कार्यक्रमको व्यवस्थापनमा देखिएका समस्याहरू पहिचान गर्न, प्रारम्भिक बालशिक्षा तथा विकास केन्द्रको सुविधा पाएर विद्यालय गएका र उक्त सुविधा नपाई सोझै विद्यालय गएका बालबालिकाको सामाजिक पृष्ठभूमिको तुलनात्मक विश्लेषण गर्न, प्रारम्भिक वालशिक्षा कार्यक्रमको प्रभावकारिता सम्बन्धमा अभिभावक, सहयोगी कार्यकर्ता र अन्य सरोकारवालाहरुको धारणा बुझ्न, वालविकास केन्द्रमा सहभागी भएपछि बालबालिकामा आएको परिवर्तन सम्बन्धी मामिला अध्ययन गर्न आदि बारे सूचना सङ्कलन गर्ने सन्दर्भमा गुणात्मक अनुसन्धान ढाँचा अवलम्वन गरिएको छ ।

यसैगरी प्रारम्भिक बालशिक्षा तथा विकास केन्द्रको सुविधा पाएर विद्यालय गएका र उक्त सुविधा नपाई सोझै विद्यालय गएका बालबालिकाहरुले सिकेका कुराहरु, आफू भन्दा सानासंग उनीहरुले गर्ने व्यवहारहरु, उनीहरुले विद्यालयमा गर्ने क्रियाकलापहरु, उनीहरुलाई पढ्न अतिरिक्त मन लाग्ने कुराहरु आदि जस्ता कुराहरुको बारेमा व्याख्या र विश्लेषणलाई सजिलो बनाउनका लागि सामान्य संख्यात्मक विवरण तथा तालिका आदिको समेत प्रयोग गरेर परिमाणात्मक र गुणात्मक मिश्रित अनुसन्धान ढाँचाको अवलम्वन गरिएको छ ।

## ३.२ अध्ययनको जनसंख्या तथा नमूना छनौट

यस अध्ययनका लागि परिणात्मक र गुणात्मक गरी दुवै प्रकृतिका तथ्य एवं सूचनाहरु आवश्यक भएकोले वाल विकास केन्द्रका सहयोगी कार्यकर्ता, शिक्षक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु र अभिभावकहरुका धारणा, विचारहरु तथा प्रतिक्रियाहरु संकलन गर्ने काम गरिएको छ ।

### ३.२.१ अध्ययनको जनसंख्या

कुनै पनि विषयमा गरिने अध्ययनले सो विषयसँग सम्वन्धित सम्पूर्ण जनसंख्यालाई प्रभाव पार्दछ । प्रस्तुत अध्ययनको शिलशिलामा प्रारम्भिक बालशिक्षा कार्यक्रमको प्रभावकारिता अध्ययन गर्ने हेतुले सोल्पाठाना श्रोतकेन्द्रमा प्रारम्भिक बालशिक्षा तथा बिकास केन्द्रको सुविधा पाएपछि ५ वटा विद्यालय (प्रा.वि. वाह्रविसे, सोल्पा, नि.मा.वि. जाङजाङ, सोल्पा, फिक्कल उ.मा.वि. सोल्पा, महाकाली मा.वि. पोटी खाङ्गसाङ, सुनकोशी उ.मा.वि., खाङ्गसाङ्ग) मा अध्ययरत विद्यार्थी तथा प्रारम्भिक बालशिक्षा तथा बिकास केन्दको सुविधा नपाएका तर समकक्षमा अध्ययरत विद्यार्थी गरेर उक्त पाँच वटा विद्यालयका कक्षा एक देखि चारसम्म अध्ययरत जम्मा ४२० जना विद्यार्थीलाई अध्ययनको जनसंख्याको रुपमा लिइएको छ । उक्त ४२० जना विद्यार्थीमध्ये ५० जना अर्थात ११.९ प्रतिशत विद्यार्थीलाई उद्देश्यपूर्ण विधिद्वारा नमूनाको रुपमा छनौट गरिएको छ । नमूना छनौट प्रक्रियामा ५० जना नमूना विद्यार्थीमध्ये पचास प्रतिशत प्रारम्भिक बालशिक्षा तथा बिकास केन्द्रको सुविधा पाएका, कम्तिमा साठी प्रतिशत बालिका, जाती तथा भाषागत जनसंख्याको समावेशी अनुपात, अपाङ्गता भएका बालबालिकाको प्रतिनिधित्व आदिलाई समष्टिगत रुपमा नमूना छनौटको आधार वनाइएको छ भने उक्त आधारहरू समेटिने गरी हरेक विद्यालयबाट प्रारम्भिक बाल शिक्षा तथा बिकास केन्द्रको सुविधा पाएका पाँच जना तथा नपाएका पाँच जना गरी १०/१० जना गरी पाँच वटा विद्यालयबाट जम्मा ५० जना विद्यार्थी नमूनाको रुपमा छनौट गरिएको छ ।

### ३.२.२ अध्ययनको नमूना छनौट

त्यसैगरी सोल्पाठाना श्रोतकेन्द्रका जम्मा ३४ वटा विद्यालय मध्ये उद्देश्यमूलक विधिद्वारा उल्लेखित ५ वटा विद्यालयमा रहेका वालविकास केन्द्रलाई छनौट गरिएको छ । अध्ययनलाई बढी विश्वशनीय बनाउन उद्देश्यपूर्ण नमूना छनौट विधि अपनाई ती ५० जना विद्यार्थीका

अभिभावकमध्ये २० जना, १२ जना सहयोगी कार्यकर्तामध्ये ५ जना, केन्द्र व्यवस्थापन समिति सदस्यमध्येबाट ४ जना, विद्यालयका शिक्षकमध्ये २ जना र कार्यक्रम सञ्चालन गर्ने संस्था प्रतिनिधि मध्येबाट १ जना गरी ३२ जना र ५० जना विद्यार्थी समेत गरी जम्मा ८२ जनासँग प्रत्यक्ष रूपमा सूचना संकलन गरिएको छ ।

### ३.३ तथ्याङ्कको स्रोतहरू

यो अध्ययनमा प्राथमिक र द्वितीय गरी दुई प्रकारका तथ्याङ्कको स्रोतहरू प्रयोग गरिएको छ ।

#### ३.३.१ प्राथमिक स्रोत

अनुसन्धानकर्ताले आफ्नो उद्देश्य अनुसार आफ्नै प्रयोगका लागि सङ्कलन गरेको नयाँ आँकडालाई प्राथमिक तथ्याङ्क भनिन्छ भने उक्त आँकडाको स्रोतलाई प्राथमिक स्रोत भनिन्छ । यस्ता तथ्याङ्कहरू अनुसन्धानकर्ताबाट मौलिक रुपमा सङ्कलन गरिएका तथ्याङ्कहरू हुन् र यस्ता तथ्याङ्कहरूको सङ्कलन अनुसन्धानकर्ताले कार्यक्षेत्रमा गएर गर्दछ (अधिकारी र पाण्डे, २०६७) ।

यस अध्ययनको शिलशिलामा नमूना छनौटमा परेका प्रारम्भिक बाल शिक्षा तथा बिकास केन्द्रको सुविधा पाएका २५ जना तथा उक्त सुविधा नपाएका २५ जना गरी कक्षा एक देखि चारसम्म अध्ययनरत छ देखि चौध बर्ष उमेर समूहका ५० जना विद्यार्थीलाई मुख्यतयाः सूचना सङ्कलनको प्राथमिक स्रोतका रूपमा लिइएको छ भने उक्त विद्यार्थीका अभिभावक २० जना, सहयोगी कार्यकर्ता तथा अन्य सरोकारवाला व्यक्तित्वहरू १२ जना गरी ३२ जना समेतलाई सूचना सङ्कलनको प्राथमिक स्रोतका रूपमा लिइ प्रश्नावली तथा अन्तर्वार्ताद्वारा तथ्याङ्क सङ्कलन गरिएको छ ।

#### ३.३.२ द्वितीय स्रोत

कुनै अनुसन्धानकर्ताले कुनै उद्देश्य लिएर पहिले नै सङ्कलित तथ्याङ्कहरू अरू अनुसन्धानकर्ताले आफ्नो अनुसन्धानको लागि प्रयोग गर्दछ भने त्यस्ता तथ्याङ्कहरूलाई द्वितीय तथ्याङ्क भनिन्छ र त्यस्ता तथ्याङ्कहरूको स्रोतहरू नै द्वितीय स्रोत हुन् (अधिकारी र पाण्डे, २०६७) ।

यस अध्ययनको लागि नमूना छनौटमा परेका विद्यालयहरूको विद्यार्थी हाजिरी पुस्तिका, उक्त विद्यालयका कक्षा एक देखि तीन सम्मको बार्षिक परीक्षाको मार्कलेजर, यस अध्ययनसंग सम्बन्धित शोधपत्र वा अनुसन्धान प्रतिवेदनहरू, लेख, रचना आदिलाई यस अध्ययनमा तथ्याङ्क सङ्कलनको द्वितीय स्रोतको रूपमा प्रयोग गरिएको छ ।

### ३.४ तथ्याङ्क सङ्कलनका साधनहरू

अनुसन्धानका शिलशिलामा प्रयोग गरिने सूचना, तथ्य, प्रमाण, जानकारी तथा आँकडाहरुलाई तथ्याङ्क भनिन्छ । अध्ययन अनुसन्धानलाई निष्कर्षमा पुऱ्याउन मद्दत गर्ने तथ्याङ्क सङ्कलनका विभिन्न साधनहरु हुन्छन् । यस अध्ययनका लागि आवश्यक पर्ने तथ्याङ्क संकलनका लागि निम्न अनुसारका साधनहरूको प्रयोग गरिएको छ :

#### ३.४.१ प्रश्नावली

यस अध्ययनको लागि उद्देश्य समेट्ने गरी अध्ययन क्षेत्र भित्रका जनसंख्यामा औपचारिक तरिकाले सम्बन्धित पक्षसँग सुहाँउदा प्रश्न तयारी गरी तथ्याङ्क संकलन गरिएको छ । जुन प्र.अ., वि.व्य.स अध्यक्ष, सहयोगी कार्यकर्ता, शिक्षक, विद्यार्थी, अभिभावकहरुवाट प्रश्नावलीको माध्यमबाट तथ्याङ्क संकलन गरिएको छ ।

#### ३.४.२ दस्तावेज विश्लेषण

आवश्यक सुचना तथ जानकारी प्राप्त गर्ने उद्देश्यले सम्वन्धित विद्यालयका रेकर्डहरू, विद्यालय सुधार योजना, विद्यालय तथ्याङ्क फारम, उपलब्धि मूल्याङ्कन फारमबाट सूचना संकलन गरिएको छ । यसबाट विद्यालयमा महिला शिक्षाको अवस्था, विद्यार्थी नियमितता, शैक्षिक उपलब्धिको वर्तमान अवस्थाको बारेमा जानकारी पाइएको छ ।

#### ३.४.३ अन्तर्वार्ता

यस अध्ययनमा तथ्याङ्क सङ्कलन गर्न प्रयोग गरिएका विधि र साधनहरुमा प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्रको सुविधा पाएपछि विद्यालय गएका र उक्त सुविधा नपाइकन सोभै विद्यालय गएका विद्यार्थी, अभिभावक, सहयोगी कार्यकर्ता र अन्य सरोकारवालाहरुसँग अन्तर्वार्ता लिई आवश्यक पर्ने तथ्याङ्क संकलन गरिएको छ ।

## ३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया

प्राथमिक तथा सहायक सूचना सङ्कलनका क्रममा सूचनादाताहरूसंग सम्पर्क गर्दा निम्न बमोजिमका तरिकाहरू अपनाइएको छ :

प्राथमिक सूचना सङ्कलन गर्ने क्रममा छनौटमा परेका पाँच वटै विद्यालयमा अनुसन्धानकर्ता आफैं पुगी अध्ययनको औचित्यबारे स्पष्ट पार्दै सर्बप्रथम कक्षा एक देखि चार सम्म अध्ययनरत विद्यार्थीहरूको सूची विवरण उपलब्ध गराउनका लागि प्रधानाध्यापकहरूसंग अनुरोध गरिएको छ । प्रधानाध्यापकहरूले दिएको मितिमा अनुसन्धानकर्ता आफै पुगी पाँच वटा विद्यालयमा भिन्दा-भिन्दै मितिमा प्रधानाध्यापकहरूको अनुमति, सुझाव र सल्लाह अनुसार कक्षा शिक्षकहरूको सहयोगमा कक्षा एक देखि चार सम्म अध्ययनरत विद्यार्थीहरूमध्ये प्रारम्भिक बाल बिकास केन्द्रको सुविधा पाएपछि विद्यालय गएका र उक्त सुविधा नपाइकन सोझै विद्यालय गएका गरेर हाजिरी अभिलेख र प्रत्यक्ष सोधपुछको आधारमा विद्यार्थीहरूलाई दुई समूहमा छुट्याइएको छ । विद्यार्थीहरूको उमेर र कक्षा हेरी उद्देश्यपूर्ण नमूना छनौट विधि अपनाइ पाँच विद्यालयमध्ये हरेकबाट प्रारम्भिक बाल शिक्षा तथा बिकास केन्द्रको अनुभव वा सुविधा पाएका समूहबाट ५ जना र नपाएका समूहबाट ५ जना गरी एक विद्यालय बराबर दश दश जना गरी जम्मा पाँच विद्यालयबाट ५० जना नमूना विद्यार्थी छनौटका लागि विशेषतः विद्यालयका कक्षा शिक्षकहरूको सहयोग लिइएको छ ।

यसैगरी प्रारम्भिक बाल शिक्षा तथा बिकास केन्द्रको सुविधा पाएपछि विद्यालय गएका र उक्त सुविधा नपाइकन सोझै विद्यालय गएका विद्यार्थीहरूको सामाजिक, बौद्धिक लगायत चौतर्फी बिकासमा के कस्तो परिवर्तनहरू भएका छन् ? भन्ने कुरा थाहा पाउन छनौटमा परेका पाँच विद्यालयका ५० जना विद्यार्थीहरूमध्ये तीन विद्यालयका ३० जना विद्यार्थीहरूसंग अन्तर्वार्ता सूची भराउने कार्य शिक्षक तथा प्रधानाध्यापकहरूको सहयोगमा अनुसन्धानकर्ता आफैंद्वारा गरिएको छ भने बाँकी दुई वटा विद्यालयका २० जना नमूना विद्यार्थीहरूबाट अन्तर्वार्ता सूची भराउने कार्य सम्बन्धित विद्यालयका शिक्षक तथा प्रधानाध्यापकहरूको सहयोगमा भएको छ ।

त्यसैगरी अध्ययनलाई बढी विश्वशनीय बनाउन र प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्रको विविध पक्षसँग जानकारी प्राप्त गर्न उद्देश्यपूर्ण नमूना छनौट विधि अपनाई ती

पचास जना विद्यार्थीका अभिभावकमध्ये बीस जना अभिभावक, पाँच जना सहयोगी कार्यकर्ता, निवर्तमान गाविस अध्यक्ष, प्रारम्भिक बाल शिक्षा तथा बिकास केन्द्र व्यवस्थापन समिति सदस्य तथा अन्य सरोकारवाला व्यक्तित्वहरू सात जना गरी ३२ जनासंग अन्तर्वार्ता सूची भराउने कार्य प्रारम्भिक बाल बिकास केन्द्र सुपरीवेक्षकको सहयोगमा अनुसन्धानकर्ता स्वयंद्वारा गरिएको छ ।

### ३.६ तथ्याङ्क विश्लेषण प्रक्रिया

सङ्कलित तथ्याङ्कहरूलाई उद्देश्यहरूको आधारमा रही तालिकीकरण गरेर प्रारम्भिक बाल शिक्षा तथा बिकास केन्द्रको सुविधा पाएका र उक्त सुविधा नपाई सोझै विद्यालय गएका उत्तरदाता बालबालिकाहरूको सामाजिक पृष्ठभूमि, उनीहरूमा देखिएको परिवर्तन वा उपलब्धिलाई तुलनात्मक आधारमा व्याख्या, विश्लेषण तथा संश्लेषण गरिएको छ ।

# परिच्छेद चार : नतिजाको विश्लेषण

यस परिच्छेदमा यस अध्ययनका उद्देश्यहरुका आधारमा अनुसन्धान विधिमा उल्लेखित विधि र साधनहरुको प्रयोगद्वारा प्राप्त तथ्य र सूचनाहरुलाई प्रस्तुतीकरण, व्याख्या र विश्लेषण गरिएको छ । अध्ययनको उद्देश्य अनुरुप छनौटमा परेका विद्यालयहरुमा प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्रको अनुभव वा सुविधा पाएपछि विद्यालय गएका र उक्त अनुभव वा सुविधा नपाइकन सोझै विद्यालय गएका बालबालिकाहरुको सामाजिक पृष्ठभूमि बारे तुलनात्मक अध्ययन गरिएको थियो । त्यसैगरी प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्रमा र विद्यालयमा गएपछि उनीहरुमा आएको परिवर्तन बारे अध्ययन गरिएको थियो । साथै कक्षोन्नति दर, कक्षा दोहोऱ्याउने दर तथा बीचैमा कक्षा छाड्ने दर जस्ता उनीहरुको सिकाई उपलब्धिमा प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्रको अनुभव वा सुविधाले के कस्तो असर वा फरक पार्दोरहेछ भन्ने कुराहरुलाई ती दुई समूहका विद्यार्थी बीच तुलनात्मक अध्ययन र विश्लेषण गरिएको छ । प्राप्तिको प्रस्तुतीकरण तथा विश्लेषण क्रममा अध्ययनका उद्देश्यहरुमा उल्लेखित मुख्य बुंदाहरुका आधारमा आवश्यकता अनुसार उप बुंदाहरु, उप शीर्षकहरु, मामिला अध्ययन र तालिकाहरुको मद्दतले प्राप्तिहरुलाई प्रस्तुत तथा व्याख्या गरिएको छ ।

## ४.१ प्रारम्भिक बालशिक्षा कार्यक्रमको वर्तमान अवस्था

प्रारम्भिक बालशिक्षा तथा विकास केन्द्रको सुविधा पाएका र नपाएका बालबालिकाको सामाजिक पृष्ठभूमिभित्र उनीहरूको परिवारिक विशेषता, जातीय पहिचान, उमेर, मातृभाषा तथा अभिभावकहरूको शैक्षिक अवस्थालाई समेटिएको छ ।

### ४.१.१ पारिवारिक विशेषता

यस अध्ययनमा संलग्न प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्रको सुविधा पाएका र नपाएका ५० जना बालबालिकाको पारिवारिक संरचनावारे खोजी गरिएको थियो । बालबालिकाहरूको घरमा आमा, बाबु, दाजु, दिदी, भाइ, बहिनी, काका, काकी, हजुरआमा, हजुरबा र भाउजु रहेका छन् । परिवार सदस्य संख्या र प्रकृतिको आधारमा सुविधा पाएका र नपाएका ५० जना बालवालिकालाई एकल र संयुक्त गरी दुई प्रकारको परिवारमा वर्गीकरण गरिएको छ । जसमध्ये सुविधा पाएका २५ जनामध्ये १४ जना एकल परिवार र ११ संयुक्त

परिवारका छन् । त्यसैगरी सुविधा नपाएका २५ जनामध्ये १७ जना एकल परिवार र ८ जना संयुक्त परिवारका छन् ।

सुविधा पाएका र नपाएका दुवै समूहका उत्तरदाता बालबालिकाहरूको पारिवारिक संरचनाको प्रवृतिलाई हेर्दा संयुक्त परिवार भन्दा एकल परिवारको बाहुल्यता देखिन्छ । यसले आधुनिक समाजको विकास संगसंगै परिवारको ढाँचा संयुक्तबाट एकल तर्फ उन्मुख हुँदै गएको तथा बालबालिकाहरूको सिकाइ वातावरण, पारिवारिक संरचना र वातावरणले पनि प्रभाव पारेको हुन्छ । प्राप्त तथ्याङ्कको आधारमा संयुक्त परिवार भन्दा एकल परिवारका बालबालिकाहरू प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्रमा भर्ना हुने प्रवृति बढी देखिन्छ । एकल परिवारमा बालबालिकाको आमावावु मात्र हुन्छन् र उनीहरू दिउसोको समयमा मेलापात र काममा जानु पर्ने र सो समयमा प्रारम्भिक उमेरका बालबालिका हेरचाह गर्ने परिवारका सदस्यको अभावले गर्दा पनि एकल परिवारका बालबालिकाहरूलाई प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्रमा भर्ना गर्न बढी उपयुक्त मानिन्छ । त्यसैगरी प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्रको सुविधा नपाई सोझै विद्यालय भर्ना भएका बालबालिकाहरूमा संयुक्त परिवार भन्दा एकल परिवारकै बालबालिकाहरू बढी भर्ना हुने प्रवृत्ति देखिएको छ ।

### ४.१.२ बालबालिकाहरुको जातीय पहिचान

यस अध्ययनमा विभिन्न जातजातिका बालबालिकाहरूलाई समेटिएको छ । प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्रको सुविधा पाएपछि विद्यालय गएका र उक्त सुविधा नपाइकन सोझै विद्यालय गएका बालबालिकाहरुका जातजातिहरू मध्ये ब्राहमण, क्षेत्री, मगर, तामाङ र नेवार रहेका छन् । सुविधा पाएका र नपाएका दुवै समूहका जम्मा ५० बालबालिकाहरू मध्ये ७० प्रतिशत व्राह्मण-क्षेत्री, १४ प्रतिशत मगर, १२ प्रतिशत तामाङ, ४ प्रतिशत नेवार रहेका छन् ।

जातीगत आधारमा हेर्दा सुविधा पाएका मध्ये क्षेत्री-व्राह्मण सबै भन्दा बढी र बाँकी मगर, तामाङ र नेवार रहेका छन् भने सुविधा नपाएका मध्ये पनि सबै भन्दा बढी क्षेत्री-व्राह्मण तथा बाँकी मगर, तामाङ र नेवार रहेका छन् ।

### ४.१.३ बालबालिकाहरुको उमेर समूह

प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्रमा ३ देखि ५ वर्षका बालबालिका सहभागी हुन्छन् । यस अध्ययनमा विगत ३ वर्षमा प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्रमा सहभागी भई

हाल विद्यालय गइरहेका ६ देखि १४ वर्षका सुविधा पाएका र नपाएका गरी जम्मा ५० जना बालबालिका/विद्यार्थीहरू रहेका छन् । जसमध्ये सबैभन्दा बढी ६ देखि ८ वर्ष समूहका २७ जना अर्थात ५४ प्रतिशत, ९ देखि ११ वर्षका २० जना अर्थात ४० प्रतिशत र सबै भन्दा कम १२ देखि १४ वर्षका ३ जना अर्थात ६ प्रतिशत रहेका छन् ।

छनौटमा परेका छ देखि चौध वर्षका उत्तरदाता बालबालिकाहरूलाई उमेरको आधारमा तीन समूहमा छुट्याइएको छ । बालबालिकाहरूको उमेर अनुसारको नामावली अनुसूची ६ र ७ मा दिइएको छ । बालबालिकाहरूको सिकाइ क्षमताको विकासमा उमेर र परिपक्वताले पनि प्रभाव पार्दछ ।

सामान्यतः परिपक्वताले सिकाइमा सहजता ल्याउदछ भन्ने मान्यता राखिन्छ । तीन देखि पाँच वर्ष उमेर समूहका बालबालिकाहरू प्रारम्भिक बालशिक्षा तथा बिकास केन्द्रमा सहभागी हुने प्राब्धान रहेको भएता पनि निर्धारित उमेर भन्दा बढी उमेर समूहका बालवालिकालाई समेत शैक्षिक अवसरको लागि मूलप्रवाहीकरण गर्न प्रारम्भिक बालशिक्षा तथा बिकास कार्यक्रमले महत्वपूर्ण भूमिका खेलेको देखिन्छ ।

### ४.१.४ बालवालिकाहरुको भाषिक पहिचान वा मातृभाषा

व्राह्मण-क्षेत्री जातीको बाहुल्यता रहेको यस अध्ययन क्षेत्रमा अध्ययनको लागि नमूना छनौटमा पनि उक्त जातीका बालबालिकाहरू नै बढी छन् (सिन्धुली जिल्लाको वस्तुगत विवरण, २०७१) । बालवालिकाहरूको भाषागत स्थितिलाई तालिका १ मा देखाइएको छ ।

**तालिका १ : भाषागत आधारमा उत्तरदाता बालवालिका संख्या विवरण**

| भाषा | सुविधा पाएका | सुविधा नपाएका | जम्मा | संलग्न जात समूह |
|---|---|---|---|---|
| | संख्या | संख्या | संख्या | |
| व्राह्मण-क्षेत्री | १८ | १७ | ३५ | व्राह्मण क्षेत्री |
| मगर | ३ | ४ | ७ | मगर |
| तामाङ | ३ | ३ | ६ | तामाङ |
| नेवार | १ | १ | २ | नेवार |
| **जम्मा** | **२५** | **२५** | **५०** | |

स्रोतः स्थलगत अध्ययन २०७३

बालबालिकाको घरपरिवार, समुदाय र विद्यालयमा प्रयोग गरिने भाषा वा भाषाको माध्यमले सिकाइमा महत्वपूर्ण भूमिका खेल्दछ । प्रारम्भिक बालशिक्षा तथा बिकास केन्द्र र विद्यालयमा प्रयोग गरिने भाषाको माध्यम बालबालिकाको घरपरिवारमा प्रयोग गरिने मातृभाषासंगै मिल्दोजुल्दो वा एउटै भएमा सिकाइ सहज हुन्छ । प्रस्तुत अध्ययनमा सुविधा पाएका र

नपाएका दुवै समूहका ६ जना बालबालिकाको मातृभाषा तामाङ भाषा रहेको तर प्रारम्भिक बालशिक्षा तथा बिकास केन्द्र र विद्यालयमा प्रयोग गरिने भाषाको माध्यम नेपाली भएकोले बहुसंख्यक बालबालिकालाई शिक्षकले पढाएको कुरा बुझ्न र प्रश्नको जवाफ दिन कठिनाइ भएको देखिन्छ । तथापि पढाएको कुरा सामान्यतया बुझ्ने गरेको बताएका छन् ।

### ४.१.५ बालबालिकाको आमाबुवाको शैक्षिक अवस्था

बालबालिकाको सामाजिक पृष्ठभूमि अन्तर्गत उनीहरूको आमाबुवा वा अभिभावकहरूको शैक्षिक स्थितिले पनि प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्र र विद्यालयको सिकाईमा प्रभाव पार्न सक्छ । आमाबुवा पढेका र शिक्षित भएमा बालबालिकामा पनि सिकाइ र व्यवहार हस्तान्तरण हुन सक्छ । प्रस्तुत अध्ययनको शीलशीलामा पचास जना उत्तरदाता बालबालिकामध्ये छानिएका बीस जना बालबालिकाका बीस जना आमाबावु वा अभिभावकहरूको शैक्षिक स्थितिलाई हेर्दा प्राप्त सूचना अनुसार सबैभन्दा बढी कक्षा छ देखि दश सम्म पढेका ९ जना, कक्षा एक देखि पाँचसम्म पढेका ७ जना, निरक्षर ३ जना तथा एसएलसी पास १ जना रहेका छन् ।

बीस जना उत्तरदाता अभिभावकमध्ये तेह्र जना महिला र सात जना पुरुष रहेका छन् । यसको नामावली अनुसूची ८ मा दिइएको छ । समग्रमा बीस जना अभिभावकमध्ये बढी कक्षा छ देखि दशसम्म पढेका रहेका छन् । महिला अभिभावकको तुलनामा पुरुष अभिभावक पढेका छन् । किनकि जम्मा तीन जना निरक्षरमध्ये सबै महिला छन् भने एसएलसी पास एक जना अभिभावकमध्ये पुरुष रहेको देखिन्छ । अभिभावक अन्तर्वार्ताको क्रममा प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्रको सुविधा नपाएका भन्दा उक्त सुविधा पाएका बालबालिकाका आमाबुवाहरू बाल विकासको महत्वबारे सचेत रहेको पाइयो । उनीहरू समय समयमा प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्रको बैठक, भेला र अभिभावक शिक्षा सम्बन्धी छलफल र तालिमहरूमा सहभागी भएर प्रारम्भिक बाल शिक्षा तथा विकास बारे जानकारी पाएको कुरा बताएका थिए ।

उत्तरदाता बालबालिकाहरूको सामाजिक पृष्ठभूमिलाई समग्रमा हेर्दा प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्रको सुविधा पाएका र नपाएका दुवै समूहका उत्तरदाता बालबालिकाहरूको पारिवारिक संरचनाको प्रवृति अनुसार संयुक्त परिवार भन्दा एकल परिवारको बाहुल्यता देखिन्छ । जातीगत आधारमा हेर्दा सुविधा पाएकामध्ये ब्राह्मण-क्षेत्री सबै भन्दा बढी र बाँकी

मगर, तामाङ र नेवार रहेका छन् भने सुविधा नपाएकामध्ये पनि सबै भन्दा बढी ब्राह्मण-क्षेत्री तथा बाँकी मगर, तामाङ र नेवार रहेका छन् । उमेरगत हिसाबले छ देखि चौध वर्षका बालबालिकाहरू रहेकोमा सबैभन्दा बढी छ देखि आठ वर्ष समूहका तथा सबै भन्दा कम बाह्र देखि चौध वर्ष समूहका रहेका छन् । केही बालबालिकाको मातृभाषा तामाङ भाषा रहेको तर प्रारम्भिक बालशिक्षा तथा बिकास केन्द्र र विद्यालयमा प्रयोग गरिने भाषाको माध्यम नेपाली भएकोले बालबालिकालाई शिक्षकले पढाएको कुरा बुझ्न र प्रश्नको जवाफ दिन कठिनाइ भएको तथापि पढाएको कुरा सामान्यतया बुझ्ने गरेका छन् ।

सामाजिक प्रभावको सिद्धान्त अनुसार कार्यको सवलता, शीघ्रता र मानवीय स्रोतहरुको संख्या अनुसार कार्यको प्रभाव वा सामाजिक प्रभाव पर्दछ । स्रोतहरुको संख्या बढी भएमा सामाजिक प्रभाव राम्रो हुने कुरा यस सिद्धान्तका प्रतिपादक बीब ल्याटेनीले उल्लेख गरेका छन् । यसर्थ, अध्ययन क्षेत्रका बालबालिकाको सामाजिक पृष्ठभूमिले बालबालिकाहरुको सामाजिक विविधतालाई प्रतिविम्वित गरेको छ । व्यक्ति वा मानवीय स्रोतहरुको सामाजिक हैसियत जति उच्च र राम्रो हुन्छ, त्यति नै बढी त्यसले सकारात्मक सामाजिक प्रभाव पारेको हुँदा प्रारम्भिक वाल शिक्षा तथा विकास कार्यक्रमको प्रभावकारीता अध्ययन गर्ने सन्दर्भमा सामाजिक प्रभावको सिद्धान्तले मेल खाएको देखिन्छ ।

बालबालिकाले सिक्ने कुरामा उनीहरूको परिवारिक वातावरण र संरचना, आमाबुवाको शैक्षिक स्थिति, जाती/भाषा, उमेर आदिले प्रभाव पारेको हुन्छ । यहाँ, पारिवारिक संरचनाको आधारमा संयुक्त भन्दा एकल परिवारको वाहुल्यता बढी देखियो । जाती तथा भाषागत आधारमा हेर्दा सुविधा पाएका र नपाएका केही विद्यार्थी मगर, तामाङ र नेवार जनजाती वा भाषी समुदाय बढी देखिएको छ । त्यसैगरी छ देखि चौध वर्षका जम्मा बालबालिकामध्ये सबै भन्दा बढी छ देखि आठ वर्ष समूहका त्यसपछि नौ देखि एघार वर्ष र सबभन्दा कम बाह्र देखि चौध वर्ष समूहका रहेको पाइयो ।

## ४.२ प्रारम्भिक बालशिक्षा कार्यक्रमको प्रभाव

प्राप्त तथ्याङ्कको आधारमा बालबालिकाले प्रारम्भिक बाल शिक्षा तथा बिकास केन्द्रमा रहँदाको अवधिमा तथा प्रा.बा.शि.वि.केन्द्र हुदै विद्यालय गएपछि सिकेका उपलब्धि र वाल विकास कार्यक्रमको प्रभावको अवस्थालाई तुलनात्मक रुपमा विश्लेषण गरिएको छ । यसका निम्ति प्रा.बा.शि.वि.केन्द्रमा बालबालिकाले सिकेका कुरा र मामिला अध्ययन, उनीहरूका

साथीहरू तथा अरुसंग गर्ने व्यवहार, विद्यालयमा पढेका कुरा घरमा सुनाउने, विद्यालयमा गर्ने क्रियाकलापहरू र रमाइलो लाग्ने कुराहरूको बारेमा व्याख्या र विश्लेषण गरिएको छ । यसैगरी विद्यालयमा पढेका कुरा घरमा पढ्न पाउने, पढ्ने समय तथा नबुझेको कुरा अरूलाई सोध्ने बानी, पढ्न अतिरिक्त मन लाग्ने कुरा तथा प्रा.बा.शि.वि.केन्द्रको सुविधा पाएपछि विद्यालय गएका र उक्त सुविधा नपाइकन सोझै विद्यालय गएका बालबालिकाको कक्षोन्नति, कक्षा दाहोऱ्याउने तथा विद्यालय छाड्ने दर स्थितिको तुलनात्मक विष्लेषण आदिलाई निम्नलिखित बुंदाहरूमा व्याख्या गरिएको छ :

### ४.२.१ बालबालिकामा सिक्ने कुरामा प्रभाव

प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्रको सुविधा पाएका बालबालिकाले केन्द्रमा गीत गाउन, नाच्न, नयाँनयाँ खेल खेल्न, असल बानी, सरसफाइ गर्न, चित्र लेख्न, कथा भन्न, पढ्ने आदि कुराहरू सिक्ने अवसर पाएका छन् । यसबाट उनीहरूको चौतर्फी विकासका अवसरहरू सिर्जना भएको छ । यसको विवरण तालिका २ मा दिइएको छ ।

**तालिका २ : प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्रमा बालबालिकाले सिकेका कुरा**

| विवरण | सुविधा पाएका | | जम्मा | |
|---|---|---|---|---|
| | बालिका | बालक | संख्या | प्रतिशत |
| पढ्ने | १२ | ६ | १८ | ७२ |
| लेख्ने | ११ | ५ | १६ | ६४ |
| नयाँ-नयाँ खेल खेल्ने | १७ | ८ | २५ | १०० |
| गीत गाउने | १७ | ८ | २५ | १०० |
| नाच्ने | १७ | ८ | २५ | १०० |
| चित्र बनाउने | १४ | ८ | २२ | ८८ |
| कथा भन्ने | १३ | ५ | १८ | ७२ |
| खोजी गर्ने | ४ | १ | ५ | २० |
| असल बानी/सरसफाइ गर्ने | १५ | ८ | २३ | ९२ |

स्रोतः स्थलगत अध्ययन २०७३

प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्रमा रहँदा शतप्रतिशत बालबालिकाले गीत गाउने, नाच्ने र नयाँ-नयाँ खेल खेल्ने गरेको बताउँछन् । यस अतिरिक्त शतप्रतिशत बालकहरू चित्रबनाउने, असल बानी र सरसफाइ समेत गर्ने गरेको बताएका छन् । यस्तै असल बानी र सरसफाइ गर्ने, चित्र बनाउने, कथा भन्ने र पढ्ने गरेको बताएका छन् ।

सुविधा पाएका बालबालिका मध्ये ३६ प्रतिशतलाई प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्र नै रमाइलो लाग्छ । यस्तै ४७ प्रतिशतलाई विद्यालय नै रमाइलो लाग्छ । तर १६

प्रतिशतलाई दुवै रमाइलो लाग्छ । बालिकाको तुलनामा बालकलाई प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्र नै रमाइलो लाग्ने कुरा बताएका छन् । सुविधा पाएका शतप्रतिशत अभिभावकलाई प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्र राम्रो लाग्छ । यसको कारणमा मुख्य सूचनादाता अभिभावकहरू भन्नुहुन्छ- 'बालबालिकाले बोल्न, नाच्न, गीत गाउन जाने । लाज कम भयो, राम्रो बानी व्यवहार गर्न सिक्ने, सरसफाइमा ध्यान दिने, पढ्न पनि मन गर्ने भए । त्यहाँ सिकेका कुरा घरमा पनि आएर सुनाउँछन् । यस्तै रमाइलो वातावरणमा धेरै कुराहरू सिक्ने सिकाउने मौका पाउने गर्दछन् ।'

यसरी प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्रमा बाल केन्द्रित र बाल मैत्रीपूर्ण क्रियाकलापमा आधारित सिकाइ वातावरणका कारण सबैले मनपराउनु स्वभाविक देखिन्छ । अभिभावकहरूले राम्रो मान्नुका कारणमा बालबालिकाको सिकाइ उपलब्धि, बानी व्यवहारमा आएको परिवर्तन र केटाकेटी हेर्ने समय बचत भएको समयलाई आयआर्जनका काममा लाग्ने वातावरण मिलेर पनि हुन सक्छ ।

सहयोगी कार्यकर्ताका अनुसार प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्रका बालबालिकाले आÇनो परिचय दिन, नाच्न, गीत गाउन, गाउँ खाने कथा भन्न, खेल खेल्न, चित्र बनाउन, सामान्य अक्षर लेख्न, आफूभन्दा ठूलोलाई आदर गर्न, खेल खेल्ने सामग्री बनाउन, अभिनय गर्न, माटाका सामग्री बनाउन, पोषणका बारेमा जानकारी गर्न, सरसफाइ गर्न, असल बोली र व्यवहार, समूहमा मिलेर बस्न र खेल्न आदि जानेका छन् ।

सरोकारवालाहरूका अनुसार प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्रबाट बालबालिकाले परिचय दिन, नेपाली भाषमामा बोलचाली गर्न, खेल्न, बोल्न, सरसफाइ गर्न, असल बानी व्यवहार गर्न, आफूले जानेका कुरा भाइबहिनीलाई सिकाउन,  साथीभाइसँग मिलेर खेल्न जानेका छन् । यस्तै उनीहरू विद्यालयमा जान उत्प्रेरित भएका छन् ।

### ४.२.२ वालकको वोलीमा पार्ने प्रभाव

प्रा.बा.शि.वि.केन्द्रको सिकाइ प्रभावकारिता प्रारम्भिक बालशिक्षा कार्यक्रमको प्रभावकारिता लाई तल उल्लेखित मामिला अध्ययनले पनि पुष्टि गरेको देखिन्छ ।

**शीर्षक** : सन्तोष पहाडीको बोली फुट्यो

सोल्पाठाना गा.वि.स. वडा नं. ३ वाह्रविसे भन्ने ठाउँमा अवस्थित वाह्रविसे वालविकास केन्द्रमा सन्तोष पहाडी (२०७१/०२/१५) मा भर्ना भए । प्रवेश गर्ने समयमा हातको

इशाराले मात्र कुरा गर्ने सन्तोषको प्रा.वा.शि.वि.के.मा आएपछि बोली फुटेको छ अर्थात् आज सन्तोष पहाडी बोल्न सक्ने भएका छन् ।

५ जनाको परिवारमा दुई दिदीहरु सुनिता र शान्ता पछि कान्छा छोराको रुपमा सन्तोष २०६८/१२/१३ गते जन्मेका थिए । सन्तोषका वुवा कर्णप्रसाद र आमा सुन्तलीमाया बोल्न सक्दैनन्, हातको इसारावाट मात्र कुरा गर्दछन् र दुवै जना निरक्षर छन् । सन्तोषको वुवा ज्यालादारी र आमा खेतिपाती र पशुपालन काम गर्दछन् । उनीहरुको सम्पत्तिको नाममा एउटा गाई, एक हल गोरु, काठको सानो घर र ५ कट्ठा जग्गा रहेको छ ।

सन्तोष बाल केन्द्रमा प्रवेश गर्दा बोल्दैनथे केहि भन्नु छ भने हातको इसाराद्वारा मात्र कुरा गर्दथे । प्रायः एक्लै वस्ने, एक्लै खेल्ने, केन्द्रको क्रियाकलाप प्रति त्यती चासो नदिने खालको उनको बानी थियो । केन्द्रमा पनि नियमित उपस्थित हुदैनथे । विस्तारै विस्तारै साथीहरुसंग खेल्ने, साथीहरुले गरेको कियाकलाप आफूले पनि कोशिस गर्ने, केन्द्र क्रियाकलापमा सक्रिय सहभागी हुने इत्यादि क्रम संगै, साथीहरुसंग अलि अलि वोल्दा वोल्दै हाल सन्तोषले वोल्न थालेका छन् । सन्तोष कान राम्रो संग सुन्ने भएकाले अहिले उनी सोधेका कुराको उत्तर दिन सक्ने भएका छन् । सन्तोषको आमाले अभिभावक भेलामा अन्य अभिभावकहरुको माझमा रमाउदै इशाराले आफ्नो छोरा वाल केन्द्रमा आएपछि बोल्न थालेको खुसी अभिव्यक्त गर्नुभयो । यो उनीहरुको निम्ति धेरै खुशीको कुरा थियो । सन्तोषको प्रा.वा.शि.वि.के.मा धेरै साथीहरु छन् त्यसमध्ये बाल केन्द्र र घर दुवै प्राय साथ रहने साथी कुमार तामाङ हो ।

चञ्चले स्वभाव, साथीसंग मिलेर खेल्ने, खानेकुरा बाँडेर खाने, केन्द्रमा नियमित आउने, नजानेका कुराहरु पनि गर्न कोशिस गर्ने हाल सन्तोषमा आएको परिवर्तन हो । उनी केन्द्रको क्रियाकलापमा नाचगान भन्दा बढी कुना विभाजनको कृयाकलापमा सकृय सहभागिता देखाउछन् । उनको मुख्य रुचि बल खेल्नु हो । उनलाई  प्रायः सबै प्रकारका खानेकुरा मन पर्छ । समग्र रुपमा हेर्दा प्रा.वा.शि.वि.के.मा वालवालिकाको चौतर्फी विकास (शारीरिक, मानसिक, सामाजिक, संवेगात्मक) विकास हुने क्रियाकलापहरु गराइन्छ, फलस्वरुप आज सन्तोष बोल्न सक्ने भएका छन् र सन्तोषमा अएको परिवर्तनलाई हामी यसको ज्वलन्त उदाहरणको रुपमा लिन सक्छौं ।

### ४.२.३ बालकमा संगीसाथीहरुको व्यवहारको प्रभाव

विद्यालयमा बालवालिकाहरू साथीहरू बनाउने र उनीहरूसंगै मिलेर खेल्ने, रमाउने गरेका छन् । यसरी साथी बनाउने प्रवृति पनि बालविकास केन्द्रको सुविधा प्राप्त र अप्राप्त बालवालिकाहरूमा अलि फरक रहेको पाइएको छ । सुविधा पाएका २५ जना बालबालिकामध्ये केटामात्र साथी हुने ९ जना, केटा र केटी दुवै बराबर साथी हुने १६ जना छन् । सुविधा नपाएका २५ जना बालबालिकामध्ये केटामात्र साथी भएका ७ जना, केटीमात्र साथी भएका ५ जना र केटा र कटी दुवै बराबर साथी भएका १३ जना रहेका छन् । बालबालिकाहरूका साथी दुबै बराबर, केटा र केटी मात्र रहेको पाइएको छ । बालिकाको संख्या ३२ जना मध्ये ६ जनाको केटा मात्र साथी रहेको पाइन्छ । तर केटाहरूको केटी मात्र साथी छैनन् । सुविधा पाएका बालबालिकाहरूको दुबै बराबर साथी रहनुले उनीहरूमा लैिंक भिन्नताको भावना कम भएको प्रष्टै देख्न सकिन्छ ।

बालबालिकाहरूले आफूले जानेको खेल-गीत विद्यालयका साथी, गाउँका अरू केटाकेटी र भाइबहिनीलाई खेलाउने गरेको पाइन्छ । प्राप्त सूचना अनुसार ५० बालबालिकामध्ये ३४ जनाले विद्यालयका साथीसंग खेल्ने गरेका छन् । त्यसैगरी घरका भाइबहिनी र गाँउका अरु केटाकेटीहरुसंग पनि खेल्ने गरेको पाइएको छ । सुविधा पाएका बालबालिकाले धेरै मात्रामा भाइबहिनी र गाउँका अरू केटाकेटीलाई पनि खेलाउने गरेको पाइएको छ सुविधा नपाएका बालबालिकाले कम मात्रामा मात्र । सुविधा नपाएका बालबालिकाहरु विद्यालयकै साथीहरूसँग मात्र बढी खेल्ने गरेको पाइयो भने सुविधा पाएका बालबालिकाहरु भाइबहिनी, विद्यालयका साथी र गाँउका अरु केटाकेटी सबैसंग खेल्ने गरेको पाइएको छ । यस अर्थमा उनीहरूको सामाजिक विकासको भावना र व्यवहार सुविधा नपाएकाको भन्दा बढी छ ।

प्रा.बा.शि.वि.केन्द्रको सुविधा पाएका बालबालिकाहरूलाई रूमाल चोर, लुकामारी, कवडी, डोरी नाघ्ने, रेल गाडी, मुसो बिरालो, पिं, क्रिकेट, फुटबल, गुडिया आदि खेल्न र खेलाउन जान्दछन् । उक्त सुविधा नपाएका विद्यार्थीहरू पिं, कवडी, गोलो घेरा, लुकामारी, रूमाली चोरी, डोरी नाघ्ने आदि खेल्न र खेलाउन जान्दछन् । प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्रमा धेरै बाहिरी तथा भित्री खेल खेलिसकेका सुविधा पाएका बालबालिकाहरू केन्द्र छोडेको धेरै समय भएका कारण धेरै खेलका नाम चाही बिर्सिसकेका छन् ।

### ४.२.४ बालबालिकाहरूले आफूभन्दा ठूला र सानालाई गर्ने व्यवहार

प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्रको सुविधा पाएका र उक्त सुविधा नपाएका बालबालिकालाई आफूभन्दा ठूला र साना तथा अन्य व्यक्तिसंग भेट हुदा के गर्छौ भनी सोधिएको प्रश्नको उत्तरमा तल उल्लेखित व्यवहार देखाउने गरेको बताएका थिए । बालबालिकाहरू आफूभन्दा ठूलालाई नमस्कार गर्ने, परिचय गर्ने र हात मिलाउने गर्दछन् । त्यस्तै उनीहरु सानालाई माया गर्ने, खेलाउने र कुराकानी गर्ने गर्दछन् । यसरी प्रारम्भिक बाल शिक्षा तथा विकास कार्यक्रमको प्रभावकारितालाई बालबालिकाहरूले आफूभन्दा ठूला र साना प्रति देखाउने व्यवहारका आधारमा पनि थाहा पाउन सकिन्छ । उनीहरूको यस्तो प्रवृतिबारे विस्तृत विवरण तालिका ३ मा दिइएको छ ।

**तालिका ३ : बालबालिकाहरूले आफूभन्दा ठूला र सानालाई गर्ने व्यवहार**

| विवरण | सुविधा पाएका | | सुविधा नपाएका | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | बालिका | बालक | बालिका | बालक | | |
| | संख्या | संख्या | संख्या | संख्या | संख्या | प्रतिशत |
| नमस्ते | १६ | ८ | १३ | ९ | ४६ | ९२ |
| हात मिलाउने | २ | २ | १ | - | ५ | १० |
| परिचय गर्ने | २ | - | - | - | २ | ४ |
| माया गर्ने | १२ | ४ | ३ | ३ | २२ | ४४ |
| कुराकानी गर्ने | ३ | २ | - | - | ५ | १० |
| खेलाउने | २ | २ | - | - | ४ | ८ |

स्रोतः स्थलगत अध्ययन २०७३

प्राप्त तथ्याङ्कलाई विश्लेषण गर्दा सबैभन्दा बढी नमस्ते गर्नेहरू ९२ प्रतिशत छन् । सुविधा पाएका बालबालिकाहरूमा माथिका सबै व्यवहार र गुण रहेको पाइन्छ । तर सुविधा नपाएका बालबालिकामा नमस्ते गर्ने, हात मिलाउने र माया गर्ने मात्र गुण पाइन्छ । सुविधा पाएका बालबालिकाले आफूभन्दा ठूलालाई आदर र सानालाई माया गर्नुपर्छ भन्ने संस्कार सिक्ने अवसर प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्रमा पाएका कारणले उनीहरूमा बढी देखिनु स्वभाविक हो ।

### ४.२.५ बालबालिकाले विद्यालयमा पढेका कुरा घरमा सुनाउने वानी

बालबालिकाले विद्यालयमा पढेका, सिकेका, बुझेका कुरा आÇनो घरमा सुनाउने गरेका, विशेष गरी पढाएको कुरा राम्रो लाग्दा, घरमा अभिभावकले सोध्दा, सहभागीलाई ज्यादै खुसिलागेको विषयमा हौसला पाउनका लागि घरमा सुनाउने गरेका छन् । सुविधा पाएका

२५ जना बालबालिकामध्ये २४ जनाले विद्यालयमा पढेका कुरा घरमा अभिभावकलाई सुनाउछन् भने सुविधा नपाएका २५ जनामध्ये १७ जनाले मात्र विद्यालयमा पढेका कुरा घरमा सुनाउछन् ।

यसरी प्राप्त तथ्य अनुसार सुविधा नपाएका भन्दा पाएकाले बढी विद्यालयमा पढेका कुरा घरमा सुनाउने गरेको पाइएको छ । यसो हुनुमा प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्रको अनुभव पाएकोले हो भन्न सकिन्छ । यस्तै अभिभावकका अनुसार सुनाउँछन् भन्ने शत प्रतिशत छन् ।

### ४.२.६ विद्यालयमा बालबालिका असाध्यै रमाउनु

बालबालिकाहरूलाई विद्यालयमा खेल्न, गीत गाउन, चित्र बनाउन, नाच्न, गफ गर्न, कथा भन्न आदि सबैभन्दा रमाइलो लाग्ने गरेको छ । यसको विवरण तालिका ४ मा दिइएको छ ।

**तालिका ४ : विद्यालयमा बालबालिकालाई रमाइलो लाग्ने कुरा**

| विवरण | सुविधा पाएका | | सुविधा नपाएका | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | बालिका | बालक | बालिका | बालक | | |
| | संख्या | संख्या | संख्या | संख्या | संख्या | प्रतिशत |
| खेल्न | १५ | ८ | १४ | १० | ४७ | ९४ |
| गीत गाउन | १२ | ३ | ११ | ६ | ३६ | ७२ |
| नाच्न | ११ | ६ | ७ | - | २४ | ४८ |
| चित्र बनाउन | १० | ६ | ५ | ७ | २८ | ५६ |
| कथा भन्न | ६ | ४ | ३ | २ | १५ | ३० |
| माटाका भाडा बनाउन | २ | १ | - | २ | ५ | १० |
| गफ गर्न | ४ | ३ | ३ | ६ | १६ | ३२ |

स्रोतः स्थलगत अध्ययन २०७३

तथ्याङ्क विश्लेषण अनुसार बालबालिकाहरूलाई सबैभन्दा बढी खेल्न त्यसपछि गीत गाउन, चित्र बनाउन, नाच्न रमाइलो लाग्छ । खेलकुद, अतिरिक्त क्रियाकलाप तथा सृजनात्मक र मनोरञ्जन गर्नु बाल सिकाइ क्रियाकलापको महत्वपूर्ण पक्ष भएकोले विद्यालयमा बालबालिकालाई यस्ता क्रियाकलापहरू रमाइलो लाग्नु स्वभाविक हो ।

### ४.२.७ वालकमा विद्यालयमा गरिने विभिन्न क्रियाकलाप प्रतिको रुचि

सुविधा पाएकाहरू नाच्न, चित्र बनाउन, कथा भन्न बढी रूचाउँछन् । सबै खाले अतिरिक्त क्रियाकलापमा उनीहरूको रूची बढी हुनुमा प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्रदेखि नै अभ्यस्त भएर हो । तर सुविधा नपाएकाहरू बढी गफ गर्न मन पराउछन् ।

बालबालिकाहरूले विद्यालयमा गर्ने प्रमुख कार्यहरूमा पढ्ने, खेल्ने, लेख्ने, नाच्ने, गीत गाउने, सरसफाइ गर्ने, चित्र बनाउने र गफ गर्ने गर्दछन् । विद्यालयमा बालवालिकाहरूले गर्ने क्रियाकलापको विवरण तालिका ५ मा दिइएको छ ।

**तालिका ५ : विद्यालयमा बालबालिकाहरूले गर्ने क्रियाकलाप**

| विवरण | सुविधा पाएका | | सुविधा नपाएका | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | बालिका | बालक | बालिका | बालक | | |
| | संख्या | संख्या | संख्या | संख्या | संख्या | प्रतिशत |
| पढ्ने | १७ | ८ | १४ | ९ | ४८ | ९६ |
| खेल्ने | १५ | ८ | १२ | ८ | ४३ | ८६ |
| नाच्ने | ५ | - | २ | ६ | १३ | २६ |
| लेख्ने | १० | ४ | ३ | १ | १८ | ३६ |
| चित्र बनाउने | - | १ | १ | १ | ३ | ६ |
| सरसफाइ गर्ने | ३ | - | १० | - | १३ | २६ |
| गीत गाउने | ८ | ३ | १ | १ | १३ | २६ |
| गफ गर्ने | १ | - | - | - | १ | २ |

स्रोत: स्थलगत अध्ययन २०७३

प्राप्त सूचना अनुसार विद्यालयमा बालबालिकाहरूले गर्ने क्रियाकलाप पढ्ने, लेख्ने, खेल्ने, नाच्ने, चित्र बनाउने, सरसफाइ गर्ने, गीत गाउने, साथीसंग गफ गर्ने आदि रहेको छ । पढ्ने, लेख्ने र खेल्ने क्रियाकलापमा सुविधा पाएका बालबालिका बढी सक्रिय देखिन्छन् भने सरसफाई गर्ने कार्यमा सुविधा नपाएका बालिका बढी सक्रिय रहेको देखिन्छ ।

### ४.२.८ बालबालिकाहरूले विद्यालयमा पढेका कुरा घरमा पढ्न मन पराउने

बालबालिकाहरूले विद्यालयमा पढेका कुरा घरमा पनि पढ्ने, लेख्ने, गृहकार्य गर्ने गरेका छन् । सुविधा पाएका २५ जनामध्ये सबै जनाले घरमा पढ्न पाउने कुरा बताएका छन् । तर सुविधा नपाएका २५ जनामध्ये २३ जनाले मात्र घरमा पढ्न पाउने कुरा बताएका छन् र बाँकी २ जनामध्ये १ जनाले घरमा पढ्न नपाउने र अर्को जनालाई चाही पढ्नै मन नलाग्ने कुरा बताएका छन् । यसबाट बालविकास कार्यक्रमको सुविधा पाएका बालवालिका नपाएका भन्दा पढाईमा रूचि र सक्रियता बढी छ भन्न सकिन्छ ।

### ४.२.९ बालबालिकाहरुले नबुझेको कुरा सोध्ने बानीको विकास

बालबालिकाहरूले नबुझेको कुरा सरलाई, साथीलाई र घरमा जान्नेलाई सोध्ने गरेका छन् । यस किसिमको जिज्ञासु प्रवृति सिकाईका लागि उपयुक्त तरिका मानिन्छ । प्राप्त सूचना

अनुसार सबै मध्ये नबुझेको कुरा सरलाई सोध्नेको संख्या बढी रहेको छ । त्यसपछि साथीलाई र घरमा जान्नेलाई सोध्नेको संख्या उल्लेख्य देखिन्छ भने कसैलाई पनि नसोध्ने बालबालिकाको संख्या न्यून रहेको देखिन्छ । यस तथ्यले उनीहरू नजानेको कुरा सबैभन्दा बढी सरलाई सोध्ने गरेको पाइन्छ । त्यसपछि साथीलाई र घरमा जान्नेलाई सोध्ने गरेका छन् । तुलनात्मक रुपमा हेर्दा प्रा.बा.शि.वि.केन्द्रको सुविधा नपाएका बालबालिकाहरु भन्दा उक्त सुविधा पाएका बालबालिकाहरूले विशेष गरी नजानेका कुरा सबैलाई सोध्ने गर्दछन् । यस्तै यिनीहरूले शिक्षक, साथी र घरमा जान्ने गरी तीनै पक्षलाई सोध्नेको बाहुल्यता देखिएको छ । नवुझेका कुरा प्रष्ट हुन शिक्षक, साथी लगायत घरमा पनि सोध्ने परम्पराको विकास हुनु अति नै सवल पक्षको रूपमा लिन सकिन्छ ।

## ४.२.१० बालबालिकाले पढ्न तथा अतिरिक्त क्रियाकलाप गर्न मन पराउनु

बालबालिकाहरूलाई पढ्नको अतिरिक्त खेल्न, गीत गाउन, नाच्न, चित्र बनाउन, काम गर्न, घुम्न र सिनेमा हेर्न मन पर्छ । यी क्रियाकलापहरू बलवालिकाहरूको चौतर्फी विकासका निम्ति उपयुक्त हुन सक्छन् । विस्तृत विवरण तालिका ६ मा दिइएको छ ।

**तालिका ६ : बालबालिकालाई पढ्न अतिरिक्त गर्न मनलाग्ने कुरा**

| विवरण | सुविधा पाएका | | सुविधा नपाएका | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | बालिका | बालक | बालिका | बालक | | |
| | संख्या | संख्या | संख्या | संख्या | संख्या | प्रतिशत |
| खेल्न | १५ | ८ | १४ | १० | ४७ | ९४ |
| गीत गाउन | १५ | ५ | ९ | ५ | ३४ | ६८ |
| नाच्न | ११ | ६ | ९ | ६ | ३२ | ६४ |
| घुम्न | ६ | ५ | ४ | - | १५ | ३० |
| चित्र बनाउन | १२ | ६ | ६ | ७ | ३१ | ६३ |
| सिनेमा हेर्न | ४ | ३ | ४ | १ | १२ | २४ |
| काम गर्न | ९ | ३ | ८ | ५ | २५ | ५० |

स्रोत: स्थलगत अध्ययन २०७३

उपलब्ध सूचना अनुसार बालबालिकाहरूलाई पढ्न अतिरिक्त खेल्न, गीत गाउन, नाच्न, चित्र बनाउन, काम गर्न, घुम्न र सिनेमा हेर्न मन पर्छ । सुविधा पाएका बालिकामध्ये सबैभन्दा बढी ८८-८८ प्रतिशत खेल्न एवं गीत गाउन मन पराउँछन् । बालकमध्ये शतप्रतिशतलाई खेल्न मन पर्दछ । सुविधा नपाएका बालिकामध्ये सबैभन्दा बढी खेल्न ९३ प्रतिशतलाई मन पर्दछ । बालक मध्ये शतप्रतिशतलाई खेल्न मन पर्दछ । गीत गाउन, नाच्न र चित्र बनाउन सुविधा पाएकाहरू तुलनात्मक रूपमा अगाडि रहेको पाइन्छ । समग्र विश्लेषण गर्दा पढ्नका लागि सहयोगी यी शैक्षिक खेल, गीत, नाच लगायत मनोरञ्जनका

क्रियाकलापहरूले उनीहरूलाई विद्यालयमा नियमित हुन सहयोग गरेको छ । सुविधा पाएका बालबालिकाहरूलाई हरियो सागपात, गेडागुडी, फलफूल, माछा, मासु, अण्डा, दूध, दही, रोटी, कोदो आदि खादा शरीर स्वास्थ्य र शारीरिक विकासमा मद्दत पुग्छ भनेका छन् । यस्तै सुविधा नपाएका विद्यार्थीहरूले पनि यस्तै कुरा खादा शारीरलाई फाइदा पुग्छ भनेका छन् ।

सरोकारवालाहरूको अनुसार प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्रबाट विद्यालयमा गएका बालबालिकाहरूको शैक्षिक अवस्था अति नै राम्रो छ । उनीहरूले केन्द्रमा रहदा नै खेल्ने, चित्र बनाउन, साथीभाइसँग मिल्न, ठूलालाई आदर गर्न, सानालाई माया गर्न जानिसकेका छन् । यस्तै उनीहरूको व्यवहारिक पक्ष सबल र शिक्षण गर्न सजिलो भएको छ । विद्यालयमा सोझै भर्ना भएका बालबालिकालाई विद्यालयको वातावरण बुझ्न नै झण्डै दुई वर्ष लाग्छ । तर केन्द्रको बच्चालाई सहज हुन्छ । विद्यालयमा सोझै गएका विद्यार्थीको तुलनामा यिनीहरू सिकाई क्रियाक्लापको लागि चलाख र सक्रिय हुन्छन् ।

बीब ल्याटेनीको सामाजिक प्रभावको सिद्धान्त अनुसार स्रोतहरुको सामाजिक हैसियत वा ज्ञान, सीप र दक्षता जति बढी हुन्छ उति नै बढी सकारात्मक रुपमा सामाजिक प्रभाव पर्दछ भनिएको छ । यसमा स्रोतहरुको राम्रो हैसियत भन्नाले प्रा.बा.शि.वि.केन्द्रको अनुभव वा सुविधा प्राप्त बालबालिकाहरुलाई इंगित गर्न खोजिएको छ । विद्यालय शिक्षामा जति बढी प्रा.बा.शि.वि.केन्द्रको अनुभव प्राप्त बालबालिकाहरु प्रबेश वा भर्ना हुन्छन् त्यति नै बढी शैक्षिक गुणस्तर वृद्धि हुनको लागि मद्दत पुग्दछ । तसर्थ, अध्ययन क्षेत्रमा प्रारम्भिक बालशिक्षा तथा बिकास केन्द्रको सुविधा प्राप्त बालबालिकाहरू कक्षा १ मा वढी भर्ना हुने, उनीहरुको सिकाइ उपलब्धि राम्रो हुने र यस कार्यक्रमलाई शैक्षिक गुणस्तरको एउटा आधारको रुपमा लिइएको हुँदा बीब ल्याटेनीको सामाजिक प्रभावको सिद्धान्तले यस अध्ययनसँग मेल खाएको देखिन्छ ।

अध्ययनबाट प्राप्त तथ्याङ्क र सूचनाको आधारमा प्रारम्भिक बाल शिक्षा तथा बिकास कार्यक्रमको प्रभाव ज्यादै सकारात्मक र उपलब्धिमूलक रहेको मान्न सकिन्छ । प्रारम्भिक बालशिक्षा तथा बिकास केन्द्रको सुविधा नपाएका विद्यार्थी भन्दा सुविधा पाएका विद्यार्थीहरूको सिकाइ उपलब्धि र व्यवहार परिवर्तनको स्थिति तुलनात्मक रुपमा उत्कृष्ट देखिएको छ । विद्यालयमा पढेका कुरा घरमा सुनाउने, आफूभन्दा ठूलोलाई आदर गर्ने, सरसफाइ गर्ने, असल बोली र व्यवहार, समूहमा मिलेर बस्ने, नबुझेको कुरा निर्धक्कसंग

अरूलाई सोध्ने, अतिरिक्त क्रियाकलापमा सक्रियता आदि जस्ता सिकाइ र व्यवहार परिवर्तनका महत्वपूर्ण र आधारभूत कुराहरूमा सुविधा नपाएका भन्दा सुविधा पाएका बालबालिकाहरूमा उल्लेखनीय परिवर्तन र सुधार भएको अध्ययनमा देखियो ।

## ४.३ प्रारम्भिक बालशिक्षा कार्यक्रम व्यवस्थापनमा देखिएका समस्याहरू

बालबालिकाहरुको चौतर्फी विकास गर्ने, बालबालिकाहरुको स्वास्थ्य तथा पोषणको व्यबस्था गर्ने, बालबालिकाहरुलाई सिर्जनशील बनाउने र कक्षा १ को लागि पूर्व तयारी गराउने उद्देश्यका साथ बालिकास केन्द्रहरु सञ्चालन हुँदै आएको छ । तथापि यसको प्रभावकारीतामा कमी कमजोरीहरु प्रशस्त छन् । जसको कारणले गर्दा बालविकास केन्द्रको औचित्यतामा नै प्रश्न चिन्ह खडा भएको छ ।

यस अध्ययनको उद्देश्यहरु मध्ये बालविकास केन्द्र सञ्चालनमा देखिएका मुद्दा, समस्या तथा चुनौतीहरु पत्ता लगाउनु पनि हो । यसका समस्याहरुलाई समयमा नै पहिचान गरी सुधारका उपायहरु कार्यान्वयन गरिएमा यसले सकारात्मक सन्देश दिन्छ । यसका के कस्ता समस्या मुद्दा र चुनौतीहरु रहेका छन् भन्ने सवालमा तल उल्लेख गरिएको छ :

### ४.३.१ भौतिक पूर्वाधारहरुको समस्या

अध्ययन क्षेत्रमा प्रारम्भिक बालशिक्षा तथा बिकास केन्द्र सञ्चालनको निम्ति भौतिक पूर्वाधारहरू भवन, चर्पी, पिउनेपानी, खेलमैदान, फर्निचर आदि जस्ता कुराहरूको निर्माण तथा मर्मतको पर्याप्त व्यवस्था नहुनु, तीन देखि पाँच वर्ष उमेर समूहका बालबालिकाको जनसंख्याको आधारमा केन्द्र संख्या ज्यादै कम भएको, अभिभावक तथा समुदायमा कार्यक्रम सम्बन्धी सचेतनाको कमी, केन्द्रको सिकाई कृयाकलाप बढी मनोरञ्जनात्मक र कम शैक्षिक हुनु, बालबालिका नियमित रूपमा सहभागी नहुनु आदि समस्याहरू रहेका छन् ।

### ४.३.२ व्यवस्थापकीय समस्या

गाउँ बालबिकास सञ्जाल अध्यक्ष, विद्यालयका प्रधानाध्यापक, शिक्षक तथा अन्य सरोकारवालाहरूका अनुसार अभिभावक तथा समुदायमा कार्यक्रम सम्बन्धी सचेतनाको कमी, सहभागी बालबालिकाहरूको नियमिततामा कमी हुनुका साथै विशेष गरी अभिभावक, प्रारम्भिक बालशिक्षा तथा बिकास केन्द्र व्यवस्थापन समिति र समुदायमा कार्यक्रम प्रति अपनत्वको भावना कम हुनु, समुदायको परनिर्भर मानसिकता, नियमित र नतीजामुखी

कार्यक्रम अनुगमनको निश्चित संयन्त्रको कमी, कार्यक्रम सञ्चालन र लगानी प्रक्रियामा एकरुपताको नहुनु, स्थानीय सरकार वा गाविसको उत्तरदायित्व र नेतृत्वको कमी, स्रोत केन्द्र र जिशिकाको प्राविधिक सहयोगमा अपर्याप्तता, केन्द्र व्यवस्थापन समितिको बैठक नियमित हुन नसक्नु आदि जस्ता समस्याहरू रहेको पाइएको छ ।

प्राप्त सूचनाको आधारमा अभिभावकहरूका अनुसार प्रारम्भिक बालशिक्षा तथा बिकास केन्द्र सञ्चालनको निम्ति भौतिक पूर्वाधारहरू भवन, चर्पी, पिउनेपानी, खेलमैदान, फर्निचर आदि जस्ता कुराहरूको निर्माण तथा मर्मत गर्न अभिभावक तथा समुदायसंग वित्तीय स्रोतको अभाव, तीन देखि पाँच वर्ष उमेर समूहका बालबालिकाको जनसंख्याको आधारमा केन्द्र संख्या ज्यादै कम भएको वा गाविसमा भएको आधा जनसंख्यालाई पनि समेट्न नसकेको, अभिभावक तथा समुदायमा कार्यक्रम सम्बन्धी सचेतनाको कमी, केन्द्रको सिकाई कृयाकलाप बढी मनोरञ्जनात्मक र कम शैक्षिक हुनु, बालबालिका नियमित रूपमा सहभागी नहुनु आदि समस्याहरू रहेका छन् ।

### ४.३.३ आर्थिक समस्या

अध्ययन क्षेत्रमा बालविकास केन्द्रको उपयुक्त भवन रहेको पाइएन । २०७२ सालको भूकम्पवाट क्षतिग्रस्त कक्षाकोठाका कारण वालवालिकालाई त्यहाँ राखी पठनपाठन गराउन धेरै समस्या रहेको देखिन्छ । त्यहाँका सहयोगी कार्याकता भन्छन् - जि.शि.का.ले मासिक रु १००० व्यवस्थापन खर्च दिन्छ । त्यसले बार्षिक रुपमा धन्न गाह्रो भएको छ । अहिलेको समयमा मासिक रु. २४०० मा काम गर्नु परेको छ । समय सापेक्ष तलव तथा अन्य सुविधा छैन । त्यति तलव पनि समयमा पाउन सकिदैन । बिदा लगायत अन्य सुविधा छैन । सिकाइ सामग्री खरिद गर्न सकेको छैन । कतिपय अभिभावकहरुले कम उमेरका बालबालिकाहरु ल्याउछन् । तसर्थ, अझै पनि वालविकास केन्द्रमा सहभागी बालबालिकाहरू नियमित र समयमा नआउनु, सिकाइ सामग्री खरीद र व्यवस्थापनको लागि स्रोतको कमी, सहयोगी कार्यकर्ताको पारिश्रमिक ज्यादै न्यून हुनु साथै  भवन, चर्पी, पिउनेपानी, खेलमैदान, खेल सामग्री, फर्निचर आदि जस्ता भौतिक पूर्वाधारहरूको निर्माण तथा मर्मत गर्न व्यवस्थापन र स्रोतको कमी आदि समस्याहरू रहेका छन् ।

### ४.३.४ सिकाइ उत्प्रेरणामा समस्या

नकारात्मक उत्प्रेरणा विधि दीर्घकालीन हुँदैन र सकारात्मक पुर्नबलद्वारा सिकिएको कुराको धारणा दीर्घकालीन हुन्छ । सकारात्मक पुर्नबल जहिले पनि बालमैत्री हुन्छ । तर पूर्व प्राथमिक विद्यालय उमेरका बच्चाहरुलाई गरिने उत्प्रेरणा त्यति सकारात्मक भएको पाइदैन । यसले वालमैत्री सिकाइमा अवरोध पुऱ्याएको छ ।

### ४.३.५ शिक्षण क्रियाकलाप सम्वन्धी समस्या

शिक्षण विधिहरु एवं मूल्यांकन प्रक्रिया पनि अपेक्षित रुपमा वालमैत्री नहुनाले थप समस्याहरु सृजना भएका छन् । बालकेन्द्रित शिक्षणविधिहरु जस्तैः छलफल, लेख, संगीत, अभिनय इत्यादि विधिद्वारा शिक्षण हुने गरेको कम मात्रामा पाइन्छ । त्यस्तै मूल्यांकन प्रक्रियामा पनि निरन्तर मूल्यनांकन प्रणालीको वास्तविक मर्म विपरित ठुला कक्षालाई झैं पेपर पेन्सिल टेस्टलाई बढावा दिने गरेको, विद्यार्थीको प्रगतिको उपयुक्त अभिलेख नराख्ने गरेको जस्ता विधिले वालवालिकाको वास्तविक मूल्यांकन हुन सकेको छैन ।

बीब ल्याटेनीको सामाजिक प्रभावको सिद्धान्त अनुसार भौतिक तथा वित्तिय भन्दा वढी व्यक्ति वा मानवीय श्रोतलाई नै श्रोतको रुपमा लिइएको छ । प्रारम्भिक वाल शिक्षा तथा विकास कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यमा अभिभावक, समुदाय, स्थानीय निकाय, शैक्षिक क्षेत्रसँग सम्वन्धित सरकारी संयन्त्र, सरोकारवाला वीच समन्वय जति वढी हुन्छन् त्यति नै वढी सामाजिक प्रभाव रहने हुन्छ । तसर्थ, भौतिक पूर्वाधार, व्यवस्थापकिय समस्या, शिक्षण पद्धति तथा मूल्यांकन सम्वन्धि समस्या हल गर्न सक्दा बीब ल्याटेनीको सामाजिक प्रभावको सिद्धान्तले मेल खाने देखिन्छ ।

अध्ययनवाट बालशिक्षा तथा बिकास केन्द्र सञ्चालनको निम्ति भौतिक पूर्वाधारहरू भवन, चर्पी, पिउनेपानी, खेलमैदान, फर्निचर आदि जस्ता कुराहरूको निर्माण तथा मर्मतको पर्याप्त व्यवस्था नहुनु, तीन देखि पाँच वर्ष उमेर समूहका बालबालिकाको जनसंख्याको आधारमा केन्द्र संख्या ज्यादै कम भएको, अभिभावक तथा समुदायमा कार्यक्रम सम्बन्धी सचेतनाको कमी, केन्द्रको सिकाई कृयाकलाप बढी मनोरञ्जनात्मक र कम शैक्षिक हुनु, बालबालिका नियमित रूपमा सहभागी नहुने, आर्थिक समस्या, सिकाइ उत्प्रेरणा, शिक्षण विधि र मूल्यांकनमा समस्या रहेको पाइयो ।

### ४.४ प्रारम्भिक वालशिक्षा कार्यक्रम व्यवस्थापनमा देखिएका समस्या समाधानका उपायहरु

प्रारम्भिक वालशिक्षा कार्यक्रम व्यवस्थापनमा देखिएका समस्याहरुलाई समाधान गर्नका लागि अपनाउन सकिने उपायहरुलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

### ४.४.१ सहयोगी कार्यकर्तालाई तालिम र वृत्तिविकास

वालविकास केन्द्रको केन्द्रिय व्यक्ति भनेकै मुलत सहयोगी कार्यकर्ता नै हो । उनीहरुलाई बालमैत्री शिक्षण र व्यवस्थापन सम्वन्धी तालिम प्रदान गरी हाल दिँदै आएको सेवा, सुविधा र प्रोत्साहन न्यायोचित र समयसापेक्ष वृद्धि गरी उनीहरुको मनोबल सधैं उच्च राख्न सके विद्‌यालयमा वालमैत्री अवस्था सृजना गर्न सकिन्छ ।

### ४.४.२ उपयुक्त वालमैत्री वातावरणको निर्माण

आमाको काख छोडी भर्खर विद्‌यालय जान थालेका कलिला वालवालिकाहरुलाई कक्षाकोठाको वातावरणले आकर्षित गर्न सकेन भने उनीहरु विद्‌यालय जान छोड्छन् । त्यसैले कक्षाकोठा हरेक दृष्टिकोणले वालमैत्री वनाइनु पर्छ । खेलेर सिक्ने, गरेर सिक्ने एवं गाएर सिक्ने यस उमेरका वालवालिकाहरुको लागि सिक्नको लागि उपयुक्त किसिमका उमेर, रुचि र वालमनोविज्ञान अनुसारको (बालमैत्री सामग्रीको) पर्याप्त व्यवस्था गरिनुपर्छ । कक्षाकोठा भित्र फिल्टर गरिएका शुद्ध खानेपानी, सफा र सुरक्षित खेलमैदानको व्यवस्था गर्न सके बालमैत्री वातावरण निर्माणमा सहयोग पुग्छ । मन्टेश्वरीको सिद्धान्त अनुरुप वालवालिकाहरुले सिक्ने वातावरण पैदा गर्न वच्चाहरुको सानो संसार, जहाँ उनीहरुले विभिनन सीप, ज्ञान र अभिवृद्धिको विकास गर्ने अवसर पाउँछन्, यसको लागि विद्यालयहरुमा वालवगैंचाको व्यवस्था गर्नुपर्छ ।

यस उमेरका वच्चाहरुलाई लेखाएर, संगीत सुनाएर तथा गीत गाएर वा सुनाएर सिकाइ प्रति आकिर्षत गराउन सकिन्छ । तसर्थ प्रत्येक विद्‌यालयमा श्रव्य दृश्य सामग्रीको व्यवस्था हुन आवश्यक छ । बालबालिकाको खाजा/टिफिनमा एकरुपता ल्याउन, स्वस्थकर तथा पौष्टिक आहारको व्यवस्था गर्न पुग्ने हुँदा खाजाको व्यवस्था सकेसम्म प्राथमिक तहमा विद्‌यालयले नै गर्दा बढी प्रभावकारी हुन्छ ।

### ४.४.३ बालबिकास केन्द्र तथा प्रा.वि. तहलाई पहिलो मान्यता दिनुपर्ने

हाल बालविकास केन्द्र विद्यालयको कुनै पनि संरचनामा नरहेकोले यस तहलाई पनि विद्यालय संरचनाको एउटा अभिन्न अंगको रुपमा विकास गर्नु आवश्यक देखिन्छ । यसका साथै प्रा.वि. तहलाई विद्यालय शिक्षाको संवेदनशील आधार स्तरम्भको रुपमा लिएर पहिलो मान्यता दिनुपर्दछ । उचित तथा व्यवस्थित ढंगवाट गरिएको विद्यालयको समुचित व्यवस्थापनले विद्यालयको कार्यकुशलता, दक्षता र गुणस्तरमा सकारात्मक प्रभाव पार्दछ । विद्यालय विकासको दीर्घकालीन सोंच, वस्तुगत योजना, सहभागितात्मक कार्यान्वयन, प्रभावकारी अनुगमन प्रणाली, विद्यालय सुशासन आदिका माध्यमबाट विद्यालयलाई अब्बल बालमैत्री तथा गुणस्तरीय वनाउन सकिन्छ । त्यसैले विद्यालयको सम्पूर्ण व्यवस्थापन पक्षलाई होसियारीपूर्वक वालवालिकाको आवश्यकता र हितलाई सर्वोपरी वनाई उच्चतम उपलब्धि हासिल गर्नेतर्फ उन्मुख गराउन जरुरत देखिन्छ ।

विद्यालयका भौतिक अवस्थाहरु बालमैत्री वनाउन गर्नुपर्ने मुख्य सुधारहरुमा कक्षाकोठाको आकार, उपयुक्त हुनुपर्ने, विषयगत कर्नरको व्यवस्था, खानेपानी तथा शौचालयको सर्वसुलभता, स्वास्थ्य सेवा सुविधा आदि मुख्य छन् भने शिक्षण सिकाइ क्रियाकलापलाई बालमैत्री वनाउन बालकेन्द्रित शिक्षण सिकाइमा जोड दिनुपर्ने, शिक्षण सामग्रीको पर्याप्तता एवं उपयुक्ततामा ध्यान दिनुपर्ने, मूल्यांकनका विधिहरु बालकेन्द्रित हुनुपर्ने, कक्षा वातावरण बालमैत्री र उतप्रेरणादायी हुनुपर्ने तथा श्रव्यदृश्य सामग्रीको प्रयोग गरी शिक्षण गर्नुपर्ने इत्यादि कुरामा ध्यान दिनुपर्ने हुन्छ ।

### ४.४.४ अनुगमन तथा मूल्यांकनको व्यवस्था

निचोडमा हेर्दा हरेक प्रारम्भिक बालशिक्षा तथा बिकास केन्द्र व्यवस्थापन समितिले दीर्घकालीन तथा आवधिक केन्द्र सुधार योजना तयार गरी कार्यान्वयन गर्ने तथा गाविस वा गाउँ बालबिकास सञ्जालको सक्रिय नेतृत्व र अन्य सरोकारवालाहरूको सहभागितामा कार्यक्रमको नियमित र नतीजामुखी अनुगमन संयन्त्र निर्माण गरी कार्यान्वयन गर्दा प्रारम्भिक बालशिक्षा तथा बिकास कार्यक्रमलाई बढी प्रभावकारी ढंगले सञ्चालन गर्न सकिने देखिन्छ ।

प्रारम्भिक बालविकास कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न सरकारले केही नीतिगत व्यवस्था गरेको छ । बालविकास केन्द्रको संख्यात्मक विकासले मात्र यसको उद्देश्य

तथा महत्व पूरा हुदैन । यसको संख्यात्मक विकासको साथसाथै गुणात्मक विकासलाई पनि महत्व दिनु पर्दछ । यसका मुद्दा, समस्या तथा चुनौतीहरुलाई समयमा नै समाधान गर्नुपर्दछ । सरकारले बर्षेनी बालविकास केन्द्रको संख्या बृद्धि गर्दै जाने तर केन्द्र सञ्चालन नहुने अवस्था सिर्जना हुँदा राज्यले गरेको लगानी बालुवामा पानी हाले सरह हुन्छ । तसर्थ यसलाई प्रभावकारी रुपमा सञ्चालन गर्न बालविकास केन्द्रको बिविध पक्षको अनुगमन र मुल्याङ्कन प्रतिफलमूलक हुनु पर्दछ । बालविकास केन्द्रको अनुगमन गर्ने निकायको भरपर्दो व्यवस्था नहुँदा समस्या भएको छ । बिद्यमान व्यवस्था अनुसार प्रभावकारी रुपमा अनुगमन नभएको कारणले गर्दा केन्द्रीय, जिल्ला, स्रोतकेन्द्र र स्थानीय तहमा अनुगमनको लागि संयन्त्र विकास गरिनु पर्दछ ।

### ४.४.५ भौतिक पूर्वाधारहरुको व्यवस्था गर्नुपर्ने

अध्ययन क्षेत्रमा प्रारम्भिक बालशिक्षा तथा बिकास केन्द्र सञ्चालनको निम्ति भौतिक पूर्वाधारहरू भवन, चर्पी, पिउनेपानी, खेलमैदान, फर्निचर आदि जस्ता कुराहरूको निर्माण तथा मर्मतको पर्याप्त व्यवस्था गर्नुपर्ने आवश्यकता रहेको छ । तीन देखि पाँच वर्ष उमेर समूहका बालबालिकाको जनसंख्याको आधारमा केन्द्र संख्या ज्यादै कम भएको, अभिभावक तथा समुदायमा कार्यक्रम सम्बन्धी सचेतनाको कमी, केन्द्रको सिकाइ कृयाकलाप बढी मनोरञ्जनात्मक र कम शैक्षिक हुनु, बालबालिका नियमित रूपमा सहभागी नहुने जस्ता समस्यालाई समाधानका लागि आवश्यक पूर्वाधारहरुको व्यवस्था गर्नुपर्ने देखिन्छ ।

### ४.४.६ उचित व्यवस्थापन गर्नुपर्ने

गाउँ बालबिकास सञ्जाल अध्यक्ष, विद्यालयका प्रधानाध्यापक, शिक्षक तथा अन्य सरोकारवालाहरूका अनुसार अभिभावक तथा समुदायमा कार्यक्रम सम्बन्धी सचेतना, सहभागी बालबालिकाहरूको नियमितता, विशेष गरी अभिभावक, प्रारम्भिक बालशिक्षा तथा बिकास केन्द्र व्यवस्थापन समिति र समुदायमा कार्यक्रम प्रति अपनत्वको भावनाको विकास गर्नु, नियमित र नतीजामुखी कार्यक्रम अनुगमनको निश्चित संयन्त्रको विकास, कार्यक्रम सञ्चालन र लगानी प्रक्रियामा एकरुपता कायम गर्नु, स्थानीय सरकार वा गाविसको उत्तरदायित्व र नेतृत्वको विकास गर्नु, स्रोत केन्द्र र जिशिकाको प्राविधिक सहयोगको दायरा विस्तार गर्नुपर्ने, केन्द्र व्यवस्थापन समितिको बैठक नियमित गर्नुपर्ने आवश्यकता देखिएको छ । प्राप्त सूचनाको आधारमा अभिभावकहरूका अनुसार प्रारम्भिक बालशिक्षा तथा बिकास

केन्द्र सञ्चालनको निम्ति भौतिक पूर्वाधारहरू भवन, चर्पी, पिउनेपानी, खेलमैदान, फर्निचर आदि जस्ता कुराहरूको निर्माण तथा मर्मत गर्न अभिभावक तथा समुदायसंग वित्तीय स्रोतको व्यवस्था गर्नुपर्ने, अभिभावक तथा समुदायमा कार्यक्रम सम्बन्धी सचेतना, केन्द्रको सिकाइ कृयाकलाप मनोरञ्जनात्मक र शैक्षिक वनाउनु, बालबालिका नियमित रूपमा सहभागी गराउनु पर्ने देखिन्छ ।

### ४.४.७ आर्थिक स्रोतको खोजी गर्ने

अध्ययन क्षेत्रमा बालविकास केन्द्रको भवन २०७२ सालको भूकम्पवाट क्षतिग्रस्त भवन, कक्षाकोठा भएका कारण वालवालिकालाई त्यहाँ राखी पठनपाठन गराउन धेरै समस्या रहेको कारण नयाँ भवन निर्माण गर्नुपर्ने आवश्यकता देखिएको छ । त्यहाँका सहयोगी कार्यकर्ताका अनुसार जि.शि.का.ले मासिक व्यवस्थापन खर्च, मासिक तलव तथा अन्य सुविधाले वार्षिक रुपमा व्यवस्थापन खर्च तथा तलव भत्ता व्यवस्थापन गर्न गाह्रो भएका कारण सो शीर्षकको रकमलाई वृद्धि गर्नुपर्ने देखिन्छ । तसर्थ, वालविकास केन्द्रमा सहभागी बालबालिकाहरूलाई नियमित र समयमा आउने, सिकाइ सामग्री खरीद र व्यवस्थापनको लागि स्रोतको व्यवस्था गर्ने, सहयोगी कार्यकर्ताको पारिश्रमिक वृद्धि गर्नुपर्ने, भवन, चर्पी, पिउनेपानी, खेलमैदान, खेल सामग्री, फर्निचर आदि जस्ता भौतिक पूर्वाधारहरूको निर्माण तथा मर्मत गर्न व्यवस्थापन र स्रोतको व्यवस्था गर्नुपर्ने आवश्यकता देखिन्छ ।

# परिच्छेद पाँच : निष्कर्ष र सुझावहरू

## ५.१ निष्कर्ष

प्रस्तुत अध्ययन सोल्पाठाना श्रोतकेन्द्रमा सञ्चालित ५ वटा सामुदायिक विद्यालयका प्रारम्भिक बालशिक्षा कार्यक्रमको व्यवस्थापन सम्वन्धि अध्ययन गर्ने हेतुले सम्पादन गरिएको छ । यस अध्ययनका लागि स्थलगत अध्ययन पद्धतिलाई अवलम्वन गर्दै सम्भव भएसम्म प्रारम्भिक बालशिक्षा तथा विकास केन्द्रको अनुभव वा सुविधा पाएपछि विद्यालय अध्ययनमा संलग्न बालवालिकाहरू, तिनका अभिभावकहरू, प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्र व्यवस्थापन समितिका सदस्यहरू एवं सहयोगी कार्यकर्ताहरूसंगको साक्षात्कार र तिनीहरूको व्यवहार अवलोकन गर्ने कार्यलाई बढी महत्व दिइएको छ । यसका साथसाथै अध्ययनलाई बढी विश्वसनीय र तथ्यपरक बनाउन उल्लेखित क्षेत्रका सरोकारवालाहरूको व्यवहार र कार्यलाई प्रारम्भिक बाल शिक्षा तथा विकास कार्यक्रमको अनुभव वा सुविधा नपाइकन सोझै विद्यालय गएका बालवालिकाहरू, तिनका अभिभावकहरू, विद्यालयका शिक्षकहरूको व्यवहार, तिनीहरूको क्षमता र विद्यालयमा अवलम्वन गरिने अध्ययन पद्धतिसंग तुलनात्मक अध्ययन गरिएको छ ।

अध्ययनको नतीजा विश्लेषण शीर्षकमा उल्लेख गरिए अनुरूप प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्रको अनुभव प्राप्त गरी विद्यालय प्रवेश गरेका बालवालिकाहरू शारीरिक, बौद्धिक, संवेगात्मक र सामाजिक हिसावले प्रा.बा.शि.वि.केन्द्रको अनुभव वा सुविधा प्राप्त नगरी विद्यालय प्रवेश गर्ने विद्यार्थीहरूको तुलनामा उत्कृष्ट देखापरेका छन् । विद्यार्थीको कक्षोन्नति दर जति बढी भयो त्यति राम्रो उपलब्धि भएको मानिन्छ भने कक्षा दोहोर्‍याउने र विद्यालय छाड्ने दर जति कम हुन्छ त्यति नै बढी शैक्षिक उपलब्धि बढेको मानिन्छ । प्रारम्भिक बाल शिक्षा तथा विकास कार्यक्रमको सुविधा नपाइकन विद्यालय गएका बालवालिकाका भन्दा उक्त अनुभव वा सुविधा पाएका बालवालिकाको कक्षा एक देखि चारसम्मको समग्र कक्षोन्नति दर धेरै राम्रो देखिएको छ । त्यसैगरी सुविधा नपाएका बालवालिकाको भन्दा सुविधा पाएका बालवालिकाको कक्षा दोहोर्‍याउने दर ज्यादै न्यून वा राम्रो रहेको छ । यसैगरी सुविधा नपाएका बालवालिकाको विद्यालय छाड्ने दर भन्दा सुविधा पाएका बालवालिकाको विद्यालय छाड्ने दर न्यून वा राम्रो देखिएको छ । यसले पनि प्रारम्भिक बालशिक्षा तथा बिकास कार्यक्रमको प्रभावकारीतालाई थप पुष्टि गरेको छ ।

त्यसैगरी विद्यालय प्रवेश गर्ने विद्यार्थीहरूमा प्रारम्भिक बालशिक्षा तथा बिकास कार्यक्रमको सेवा प्राप्त विद्यार्थीहरूको केही संख्या जातीय हिसावले पछाडि पारिएका मगर, तामाङ, नेवार जातीहरू एवं कमजोर आर्थिक अवस्था भएकाहरूबाट आएको देखिनुले यस कार्यक्रमले समाजको विपन्न वर्गमा धेरै हदसम्म पहुँच पुऱ्याउन सकेको देखिन्छ भने प्रारम्भिक बाल शिक्षा तथा बिकास कार्यक्रमको अनुभव वा सुविधा प्राप्त गर्ने अवसर पाएका बालवालिकाहरूको शारीरिक, बौद्धिक, सामाजिक र संवेगात्मक विकास भएको कारणले उनीहरूका भाइबहिनीहरू, अभिभावकहरू तथा सिंगो समुदायमा समेत सकारात्मक प्रभाव परेको पाइन्छ, जुन कुराले केन्द्रप्रति समुदायको चासो बढेको देख्न सकिन्छ ।

प्रस्तुत अध्ययनबाट बालवालिकाहरूको शिक्षाप्रति अभिरूचि बढेको देखिन्छ । प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्रमा उनीहरूले पढ्ने, लेख्ने कुराहरू संगसंगै खेल खेल्ने, गीत गाउने, नाच्ने, कथा भन्ने, सरसफाई गर्ने, साथी र समूहमा मिलेर बस्ने, आफूभन्दा ठूला र सानालाई नमस्कार वा अभिवादन गर्ने, चित्र बनाउने र यहाँसम्म कि नयाँ नयाँ कुराहरूको खोजी गर्ने बारेमा पनि सिक्ने अवसर पाएको बताएका छन् । बालवालिकाहरूले आफूले सिकेको कुरा घरका अभिभावकलाई सुनाउने कुराहरूसंगसंगै आफूभन्दा ठूला र सानाप्रति गर्ने व्यवहारमा नै परिवर्तन आएको कुरा अध्ययनबाट थाह भएको छ । बालवालिकाहरूको दैनिक गतिविधि नियमित हुने गरेको समेत तथ्यले देखाएको छ । जसले गर्दा उनीहरू सुत्ने, उठ्ने, खेल्ने, काम गर्ने र सरसफाइ गर्ने जस्ता कुराहरूमा धेरै हदसम्म नियमित र मर्यादित हुने गरेको वास्तविकता देखापरेको छ ।

बालवालिकाहरूको चिन्तन र व्यवहारमा देखापरेको यस प्रकारको परिवर्तनमा प्रा.बा.शि.वि. केन्द्रले अंगाल्ने शिक्षण विधि, व्यवस्थापन पक्षबाट हुनसकेको व्यवस्थापकीय कौशलता र सहयोगी कार्यकर्ता एवं अभिभावकहरूले देखाएको लगनशीलता र सक्षमताको समेत महत्वपूर्ण भूमिका रहेको छ । यस कार्यक्रमलाई नियमित र विस्तार गर्न सकेको खण्डमा निश्चय पनि समाजको कमजोर आर्थिक अवस्था र सामाजिक हिसावले पछाडि पारिएका जाती, वर्ग र समुदायका बालवालिकाहरूको चौतर्फी विकासमा महत्वपूर्ण योगदान पुग्न जाने कुराको आशा गर्न सकिन्छ ।

यद्यपि यस अध्ययनबाट प्रारम्भिक बाल शिक्षा तथा विकास कार्यक्रम सञ्चालनमा केही समस्या अथवा सुधार गर्नु पर्ने पक्षहरू समेत उजागर भएका छन् । जसमध्ये प्रारम्भिक बाल

शिक्षा तथा बिकास केन्द्र सञ्चालनको निम्ति भौतिक पूर्वाधारहरू भवन, चर्पी, पिउने पानी, खेलमैदान, फर्निचर आदि जस्ता कुराहरूको निर्माण तथा मर्मत गर्न समुदायसंग वित्तीय स्रोतको अभाव रहेको देखिएको छ । लक्षित उमेर समूहका बालबालिकाको जनसंख्याको आधारमा केन्द्र संख्या ज्यादै कम भएको, कार्यक्रमको महत्वबारे सचेतनाको कमी, केन्द्रको सिकाई कृयाकलाप बढी मनोरञ्जनात्मक र कम शैक्षिक हुनु, बालबालिका नियमित रूपमा सहभागी नहुनु, सिकाइ सामग्री खरीद र व्यवस्थापनको लागि स्रोतको कमी पनि समस्याको रुपमा आएको छ । सहयोगी कार्यकर्ताको पारिश्रमिक ज्यादै न्यून हुनु, प्रारम्भिक बालशिक्षा तथा बिकास केन्द्र व्यवस्थापन समिति र समुदायमा कार्यक्रम प्रति अपनत्वको भावना कम हुनु, समुदायको परनिर्भर मानसिकता हुनुलाई पनि समस्याको रुपमा लिइएको छ । त्यसैगरी नियमित र नतीजामुखी कार्यक्रम अनुगमनको निश्चित संयन्त्रको कमी, कार्यक्रम सञ्चालन र लगानी प्रक्रियामा एकरुपता नहुनु पनि समस्याको रुपमा देखिएको छ । स्थानीय सरकार वा गाविसको उत्तरदायित्व र नेतृत्वको कमी, स्रोत केन्द्र र जिशिकाको प्राविधिक सहयोगमा अपर्याप्तता, केन्द्र व्यवस्थापन समितिको बैठक नियमित हुन नसक्नु आदि जस्ता समस्याहरू रहेको पाइएको छ ।

प्रस्तुत अध्ययनबाट प्रारम्भिक बालशिक्षा तथा बिकास कार्यक्रम सञ्चालनमा देखिएका समस्या मात्र नभै उक्त समस्या समाधानका केही उपायहरू सुझाउने तथ्यहरू समेत प्राप्त भएका छन् । जसमध्ये केन्द्र व्यवस्थापनका न्यूनतम भौतिक पूर्वाधारको लागि न्यूनतम रुपमा भएपनि सरकारी तवरबाट लगानी गर्नु पर्ने नीति हुनु आवश्यक छ । पछाडि पारिएको वर्ग, जातजाती, समुदायलाई समेट्ने केन्द्र संख्या थप गर्दै लैजानु पर्छ । वृहत रुपमा अभिभावक शिक्षा अभियान सञ्चालन गर्न आवश्यक छ । केन्द्रको सिकाई कृयाकलापमा मनोरञ्जनात्मक साथै शैक्षिक पक्षलाई ध्यान दिनु पर्छ । केन्द्रका सबै बालबालिकालाई नियमित रूपमा केन्द्र पठाउनु पर्छ । सिकाई कृयाकलापलाई बालकेन्द्रित बनाई बालबालिकाहरूलाई केन्द्रमा तथा सहयोगी कार्यकर्ताको नजिक नजिक आउन खोज्ने बनाउनु पर्छ ।

अभिभावक, समुदाय र केन्द्र व्यवस्थापन समितिले प्रारम्भिक बाल शिक्षा तथा बिकास केन्द्र सुधार योजना बनाई कार्यान्वयन गर्ने, प्रारम्भिक बालशिक्षा तथा बिकास कायक्रम सञ्चालन सम्बन्धी निर्देशिका, ऐन, नियमावली, नीति, कार्यनीतिहरूको प्रबोधिकरण तथा

कार्यान्वयन गर्न गाविस र प्रारम्भिक बालशिक्षा तथा बिकास केन्द्र व्यवस्थापन समितिलाई सुसूचित गर्ने । प्रारम्भिक बालशिक्षा तथा बिकास केन्द्रलाई विद्यालय संरचनाभित्र समावेश गरी सहयोगी कार्यकर्ताको पारिश्रमिक न्यायोचित आधारमा वृद्धि वा निर्धारण गर्ने । गाविसको सक्रिय नेतृत्व र अन्य सरोकारवालाहरूको सहभागितामा कार्यक्रमको नियमित र नतीजामुखी अनुगमन हुनुपर्छ ।

निचोडमा हेर्दा हरेक प्रारम्भिक बाल शिक्षा तथा बिकास केन्द्र व्यवस्थापन समितिले दीर्घकालीन तथा आवधिक केन्द्र सुधार योजना तयार गरी कार्यान्वयन गर्ने तथा गाविस वा गाउँ बालबिकास सञ्जालको सक्रिय नेतृत्व र अन्य सरोकारवालाहरूको सहभागितामा कार्यक्रमको नियमित र नतीजामुखी अनुगमन संयन्त्र कार्यान्वयन गर्दा प्रारम्भिक बालशिक्षा तथा बिकास कार्यक्रमलाई बढी प्रभावकारी ढंगले सञ्चालन गर्न सकिने देखिन्छ । यसरी जति बढी प्रभावकारी ढंगले प्रारम्भिक बाल शिक्षा तथा बिकास कार्यक्रम सञ्चालन हुन्छ त्यति बढी उक्त केन्द्र हुदै विद्यालय गएका बालबालिकाको सिकाइ उपलब्धिमा सुधार हुन सक्छ । अध्ययनबाट देखापरेका कमजोर पक्षहरूलाई सुधार गरी केन्द्रद्वारा सञ्चालित कार्यक्रमलाई निरन्तरता दिन सकेको खण्डमा यसबाट समाजको आर्थिक, जातीय र चेतनाको हिसावले पछाडि पारिएका वर्ग र समुदायका बालवालिकाले फाइदा लिन सक्ने प्रशस्त अवसर रहेको छ । चालु कार्यक्रमलाई अझ प्रभावकारी रूपमा सञ्चालन गर्न चाल्नु पर्ने प्रयासहरूलाई यसै परिच्छेदको अन्त्यमा सुझावको रूपमा सिफारिस गरिएको छ ।

## ५.२ सुझावहरू

बालविकासको निम्ति प्रारम्भिक बाल शिक्षा तथा बिकास कार्यक्रम निकै प्रभावकारी कार्यक्रमको रूपमा पाइएको छ । कार्यक्रमलाई अझ बढी व्यापक गर्दै लैजानु पर्ने देखिन्छ । यस कार्यक्रमलाई बहुसंख्यक बालबालिका समक्ष पुर्‍याउन स्थानीय सरकार तथा अन्य संघ/संस्थाले थप पहल गर्नुपर्ने देखिन्छ । यस कार्यक्रमका सवल पक्षलाई विस्तार गर्दै लैजान र कमजोर पक्षलाई सुधार गर्दै लैजानका निम्ति नीतिगत तह, अभ्यास तह र अनुसन्सन्धान तहका सुझावहरूलाई निम्नानुसार सिफारिस गरिएको छ ।

### ५.२.१ नीतिगत तह

आधारभूत शिक्षाको जग तयार गर्न तथा बालबालिकाको चौतर्फी विकासको निम्ति प्रभावकारी कार्यक्रमको रूपमा पाइएको यस प्रारम्भिक बाल शिक्षा तथा बिकास कार्यक्रमलाई अझ बढी व्यापक गर्दै लैजानु पर्ने देखिन्छ । यस कार्यक्रमलाई बहुसंख्यक विपन्न परिवारका बालबालिका समक्ष पुऱ्याउन स्थानीय सरकार तथा अन्य संघ/संस्थाले थप पहल गर्नुपर्ने देखिन्छ । अभिभावक, प्रारम्भिक बालशिक्षा तथा बिकास केन्द्र व्यवस्थापन समिति र समुदाय कार्यक्रमको अपनत्व र दीगोपनको लागि जिम्मेवार र आत्मनिर्भर बन्दै जाने नीति तथा कार्यनीति तर्जुमा गरी कार्यान्वयन गन आवश्यक देखिन्छ । नीतिगत तहमा प्रारम्भिक बालशिक्षा तथा बिकास कार्यक्रमलाई संस्थागत गर्न स्थानीय निकाय, समुदाय र प्रारम्भिक बाल शिक्षा तथा बिकास केन्द्र व्यवस्थापन समितिलाई अझ बढी सशक्त, जिम्मेवार बनाउने प्रणालीको विकास गर्दै लैजानु पर्छ । प्रारम्भिक बालशिक्षा तथा बिकास कार्यक्रमलाई विद्यालय संरचना भित्रै राख्ने नीति सरकारले बनाउनु पर्छ । साथै यसका लागि सर्बप्रथम नेपाल सरकारले जारी गरेको प्रारम्भिक बाल शिक्षा तथा विकास निर्देशिका, प्रारम्भिक बाल शिक्षा तथा बिकास कार्यक्रम कार्यान्वयन सम्बन्धी रणनीतिपत्र, स्थानीय सरकार स्वायत्त ऐन, नियम तथा शिक्षा ऐन र नियमावलीमा उल्लेख भएका प्राब्धानहरूको आधारमा केन्द्र व्यवस्थापन समिति तथा स्थानीय सरकारले स्रोत केन्द्र र जिल्ला शिक्षा कार्यालयसंगको समन्वयमा केन्द्र सञ्चालन, अनुगमन सम्बन्धी नीति तय गरी सोही अनुसार बिकास साझेदार संस्थाहरूले सहयोग गर्ने खालको एकद्वार प्रणाली नीति बनाउन आवश्यक देखिन्छ ।

### ५.२.२ कार्यान्वयन तह

नेपाल सरकार स्थानीय विकास मन्त्रालय र शिक्षा मन्त्रालय तथा शिक्षा विभागद्वारा निर्माण भइ लागु गरिएका प्रारम्भिक बाल शिक्षा तथा बिकास कार्यक्रम सञ्चालन सम्बन्धी निर्देशिका, ऐन, नियमावली, नीति, कार्यनीतिहरूको प्रबोधिकरण तथा कार्यान्वयन गर्न स्रोत केन्द्र, गाविस देखि लिएर प्रारम्भिक बाल शिक्षा तथा बिकास केन्द्र व्यवस्थापन समितिलाई सुसूचित गर्नुपर्दछ । प्रारम्भिक बालशिक्षा तथा बिकास केन्द्रलाई विद्यालय संरचना भित्र समावेश गरी सहयोगी कार्यकर्ताको पारिश्रमिक न्यायोचित आधारमा वृद्धि वा निर्धारण गर्नुपर्दछ । प्रारम्भिक बाल शिक्षा तथा बिकास कार्यक्रम सम्बन्धी राष्ट्रिय, जिल्ला, तथा

गाविस र नगरपालिका तहसम्म तय भएका नीति तथा कार्यनीतिहरू प्रारम्भिक बाल शिक्षा तथा बिकास केन्द्रहरूको गुणस्तर सुधार र दीगोपनको निम्ति प्रभावकारी रूपमा अभ्यास भएका छन् कि छैनन् भनी अनुगमन गर्न गाविस तथा जिविस स्तरीय प्रारम्भिक बालबिकास सञ्जाल वा संयन्त्र निर्माण गरी आवधिक रूपमा केन्द्र अनुगमन, छलफल तथा अन्तरक्रिया भइरहनु आवश्यक छ ।

प्रा.बा.शि.वि.केन्द्र व्यवस्थापन समितिको बैठक नियमित हुन पर्छ । गाविस वा गाउँ बालबिकास सञ्जालको सक्रिय नेतृत्व र अन्य सरोकारवालाहरूको सहभागितामा कार्यक्रमको नियमित र नतीजामुखी अनुगमन हुनुपर्छ । वास्तवमा माथि उल्लेखित समस्या समाधानका उपायहरू अवलम्वन गर्दा प्रारम्भिक बाल शिक्षा तथा बिकास कार्यक्रमलाई अझ बढी प्रभावकारी र उपलब्धिमूलक बनाउन सकिन्छ । कार्यक्रम अनुगमन, मूल्याङ्कन तथा अनुसन्धानबाट प्राप्त सुझावहरूलाई सधैं ध्यानपूर्वक अभ्यास गरिनुपर्छ । आर्थिक तथा सामाजिक रूपमा पछाडि पारिएका विभिन्न जातजाति, वर्ग र समुदायका बालबालिकाहरूलाई प्रारम्भिक बाल शिक्षा तथा विकासका लागि विशेष सुविधा पुऱ्याइनु पर्छ । साथै विद्यालयमा सबै बालबालिकाको भर्ना गरिनुपर्छ र उनीहरूको कक्षोन्नति दर बृद्धि गर्नु पर्छ भने कक्षा दोहोऱ्याउने र विद्यालय छाड्ने दर घटाइनु पर्छ ।

### ५.२.३ अनुसन्धान तह

प्रारम्भिक बालशिक्षा तथा बिकास कार्यक्रमको प्रभावकारीतालाई दीगो रूपमा कायम राख्न कार्यक्रमको प्रभाव, सवाल, चुनौती आदि शीर्षकहरूमा समय र सन्दर्भ अनुसार अध्ययन अनुसन्धान भइरहनु जरूरी देखिन्छ जसले गर्दा कार्यक्रमको प्रभावकारीता र गुणस्तर सुधारमा मद्दत पुग्दछ । यसका साथै अनुसन्धानबाट आएका प्राप्तिहरूको जानकारी तथा सुचनाहरू सम्बन्धित सरोकारवाला व्यक्ति र संस्थाहरूलाई उपलब्ध गराउनुपर्छ । जसले गर्दा सरोकारवालाहरूलाई आफूले गरेको सकारात्मक कार्यको आत्मानुभूति भई गौरव महशुस हुन्छ । अरू काम गर्न थप प्रेरणा मिल्छ । साथै कार्यक्रम सञ्चालनमा देखिएका सवल पक्ष र सुधार गर्नु पर्ने पक्षहरूको जानकारी प्राप्त हुन्छ । प्रारम्भिक बाल शिक्षा तथा बिकास कार्यक्रमलाई अझ प्रभावकारी बनाउदै लैजानका निम्ति अनुसन्धान वा प्रभावकारिता अध्ययनबाट आएका सुझावहरूलाई सशक्त ढंगले कार्यान्वयन गरिनुपर्दछ ।

# सन्दर्भ सामग्री सूची


अधिकारी, देवराज र पाण्डे ध्रुवलाल (२०६७), *अनुसन्धान पद्धति,* सनराइज पब्लिकेशन्स् प्रा.लि. पुतलीसडक, काठमाण्डौं ।

अधिकारी, पवन कुमार (२०६१), *बाल केन्द्रित शिक्षा कार्यक्रमको प्रभाव अध्ययन,* स्नातकोत्तर क्याम्पस, विराटनगर, स्नातकोत्तर तह द्वितीय वर्ष समाजशास्त्र विषयको शोधपत्र ।

उप्रेती, ओम प्रकाश (२०६१), *प्रारम्भिक बालविकास केन्द्रको प्रभाव अध्ययन,* स्नातकोत्तर तह द्वितीय वर्ष समाजशास्त्र विषयको शोधपत्र, पाटन संयुक्त क्याम्पस ललितपुर ।

खनाल, पेशल (२०६७), *शैक्षिक अनुसन्धान पद्धति,* सनलाइट पब्लिकेशन कीर्तिपुर, काठमाण्डौं ।

जिल्ला विकास समिति (२०६५), *जिल्ला विकास योजना २०६५/०६६,* मकवानपुर ।

जिल्ला शिक्षा कार्यालय (२०६५), *शैक्षिक झलक,* मकवानपुर ।

नेपाल सरकार (२०५१), *बालवालिका सम्बन्धी ऐन, २०४८ तथा नियमावली २०५१,* नेपाल बालमजदुर सरोकार केन्द्र, काठमाण्डौं ।

प्लान नेपाल मकवानपुर (२०६५), *चुरियामाई गाविसको आधारभूत सर्वेक्षण,* विकास कार्यक्रमहरुको सहगितामूलक समीक्षा प्रतिवेदन ।

प्लान नेपाल (२०५८), *प्रारम्भिक बालविकास स्रोत पुस्तिका,* काठमाण्डौं ।

युनिसेफ (२०५६), *बाल यौनशोषण अपराध अनुसन्धान निर्देशिका,* नेपाल प्रहरीद्वारा सञ्चालित चेलीबेटी बेचविखन अपराध रोकथाम तथा नियन्त्रण कार्यक्रम ।

शर्मा एण्ड शर्मा (२०६६), *प्रारम्भिक बाल्याावस्था बिकासको सिद्धान्त/आधार,* एम.के.पब्लिसर्स एण्ड डिस्ट्रिव्युटर्स, भोटाहिटी, काठमाण्डौं ।

शिक्षा विभाग (२०६१), *नेपालमा प्रारम्भिक बालविकास सम्बन्धि रणनीति पत्र,* नेपाल सरकार शिक्षा मन्त्रालय, काठमाण्डौं ।

शिक्षा विभाग (२०६६), *विद्यालय क्षेत्र सुधार योजना २०६६-०७२,* नेपाल सरकार शिक्षा मन्त्रालय, काठमाण्डौ ।

शिक्षा विभाग (२०१०/०११), *फ्लाश रिपोर्ट,* नेपाल सरकार शिक्षा मन्त्रालय, काठमाण्डौं ।

श्रेष्ठ, प्रा.डा.अयनबहादुर (२०५९), *शिक्षा मनोविज्ञानका विविध पक्ष, भाग १,* भुँडीपुराण प्रकाशन, काठमाण्डौ ।

स्थानीय विकास मन्त्रालय (२०६१), *स्थानीय स्वायत्त शासन ऐन, २०५५ र नियमावली २०५६,* नेपाल सरकार, पैरवी प्रकाशन, काठमाण्डौ ।

सापकोटा, सुमित्रा (२०६७), *संस्थागत तथा सामुदायिक विद्यालय व्यवस्थापन तुलनात्मक अध्ययन,* शोधपत्र, शैक्षिक योजना तथा व्यवस्थापन विभाग त्रिविवि, कीर्तिपुर काठमाण्डौ ।

सामुदायिक विकास प्रवर्तन केन्द्र र युनिसेफ नेपाल (२०५७), *समुदायमा आधारित बालविकास केन्द्र एक चिनारी,* काठमाण्डौं ।

सेभ द चिल्ड्रेन (२००३), *ब्ल भ्ञ्म क्ष्उबअत क्तगमथ ाचक ल्भउबां,* सेभ द चिल्ड्रेन, नेपाल ।

शैक्षिक विकास केन्द्र (२००३), *ब च्भउयचत यल भ्खबगिबतष्यल या भ्बचथि ञ्जषमिजययम ञ्बचभ बलम म्भखभयिऊभलत एचयनचकक्भ,* प्वतजकबलमग।

ञ्भ्च्क्ष्म ९द्दण्ण्ज्ञ०। *भ्खबगिबतष्यल या ञ्यक्गलष्तथ द्यबकभम भ्बचथि ञ्जषमिजययम म्भखभयिऊभलत या म्भउबचतकभलत या भ्मगअबतष्यल,* ब चभउयचत कगदकष्ततभम दथ ञ्भ्च्क्ष्म त्व पबतजकबलमग।

म्बखष्म ी। म्चष्कअर्याज्ञि, बगब ब्उउष्बज(थ्भदयबजद्द, एजषष्उि क्बष्दिद्द, बलम म्यगनबिक व च्याउभचतघ ९द्दण्ण्ठ० *:भचनष्लन त्तगबष्तिबतष्खभ बलम त्तगबलतष्तबतष्खभ म्बतब ष्ल :ष्हभम :भतजयमक च्भकभबचअज,* बचतष्अभि, ख्यि घ, ल्य। ज्ञ *भ्अययिनष्अबां बलम भ्लखष्चयलकभलतबां ब्लतजचयउययिनथ।*

एचबमजबलबलन, म९द्दण्ण्ज्ञ०। *ञ्यलकतचगअतष्यल या पलयधभिमनभ ष्ल तजभ भबचथि थभबच ल्भउबभिकभ अजषमिचभल'क भिबचलष्लन,* म्ष्ककभचतबतष्यल उबउभच कगदकष्ततभम ायच तजभ म्भनचभभ यल :।एजर्षि, त्जभ म्बलष्कज ग्लष्खभचकष्तथ या भ्मगअबतष्यल, ञ्यउभलजबनभल, म्भलकबचप।

क्जचभकतजब, प९ज्ञढढढ०। *:बलबनभ्कभलत या भ्बचथि ञ्जषमिजययम भ्मगअबतष्यल ष्ल म्भखभयिउष्लन ञ्यगलतचष्भकः क्ष्उष्अिबतष्यल ायच ल्भउबां,* त्जभकष्क ायच तजभ बधबचम या एजाम, म्भउबचतकभलत या भ्मगअबतष्यल, ग्लष्खभचकष्तथ या म्भजिष

# अनुसूची १

## सुविधा पाएका र नपाएका विद्यार्थीहरूको कक्षोन्नति दरको तुलनात्मक स्थिति

| कक्षा | सुविधा पाएका | | | सुविधा नपाएका | | | दुवै | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | विद्यार्थी संख्या | उतीर्ण संख्या | कक्षोन्नति प्रतिशत | विद्यार्थी संख्या | उतीर्ण संख्या | कक्षोन्नति प्रतिशत | विद्यार्थी संख्या | उतीर्ण संख्या | कक्षोन्नति प्रतिशत |
| १ | ४७ | ४७ | १०० | ६१ | ५३ | ८६.८८ | १०८ | १०० | ९२.५९ |
| २ | ४९ | ४८ | ९७.९५ | ५७ | ५२ | ९१.२२ | १०६ | १०० | ९४.३३ |
| ३ | ४३ | ४३ | १०० | ६२ | ५७ | ९१.९३ | १०५ | १०० | ९५.२३ |
| ४ | ४५ | ४४ | ९७.७७ | ५६ | ५३ | ९४.६४ | १०१ | ९७ | ९६.०३ |
| **१-४** | **१८४** | **१८२** | **९८.९१** | **२३६** | **२१५** | **९१.१०** | **४२०** | **३९७** | **९४.५२** |

स्रोतः नमूना छनौटमा परेका विद्यालयहरूको बार्षिक परीक्षा नतीजा अभिलेख, २०७३

## सुविधा पाएका र नपाएका विद्यार्थीको कक्षा दोहोऱ्याउने प्रवृति

| कक्षा | सुविधा पाएका | | | सुविधा नपाएका | | | दुवै | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा विद्यार्थी संख्या | क.दोहोऱ्याउने संख्या | क.दोहोऱ्याउने प्रतिशत | जम्मा विद्यार्थी संख्या | कक्षा दोहोऱ्याउने संख्या | कक्षा दोहोऱ्याउने प्रतिशत | जम्मा विद्यार्थी संख्या | कक्षा दोहोऱ्याउने संख्या | कक्षा दोहोऱ्याउने प्रतिशत |
| १ | ४७ | ० | ० | ६१ | ८ | १३.११ | १०८ | ८ | ७.४० |
| २ | ४९ | १ | २.०४ | ५७ | ३ | ५.२६ | १०६ | ४ | ३.७७ |
| ३ | ४३ | ० | ० | ६२ | ६ | ९.६७ | १०५ | ६ | ५.७१ |
| ४ | ४५ | ० | ० | ५६ | ३ | ५.३५ | १०१ | ३ | २.९७ |
| **१-४** | **१८४** | **१** | **०.५४** | **२३६** | **२०** | **८.४७** | **४२०** | **२१** | **५.००** |

स्रोतः विद्यालयहरूको विद्यार्थी हाजिरी तथा परीक्षा सम्बन्धि अभिलेख, २०७३

## सुविधा पाएका र नपाएका बालवालिकाको विद्यालय छाड्ने प्रवृति दर विश्लेषण

| कक्षा | सुविधा पाएका | | | सुविधा नपाएका | | | दुवै | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा विद्यार्थी संख्या | स्कूल छाड्नेको संख्या | स्कूल छाड्नेको प्रतिशत | जम्मा विद्यार्थी संख्या | स्कूल छाड्नेको संख्या | स्कूल छाड्नेको प्रतिशत | जम्मा विद्यार्थी संख्या | स्कूल छाड्नेको संख्या | स्कूल छाड्नेको प्रतिशत |
| १ | ४७ | १ | २.१२ | ६१ | ३ | ४.९१ | १०८ | ४ | ३.७० |
| २ | ४९ | १ | २.०४ | ५७ | १ | १.७५ | १०६ | २ | १.८८ |
| ३ | ४३ | २ | ४.६५ | ६२ | २ | ३.२२ | १०५ | ४ | ३.८० |
| ४ | ४५ | २ | ४.४४ | ५६ | ५ | ८.९२ | १०१ | ७ | ६.९३ |
| **१-४** | **१८४** | **६** | **३.२६** | **२३६** | **११** | **४.६६** | **४२०** | **१७** | **४.०४** |

**स्रोतः**विद्यालयहरूको विद्यार्थी हाजिरी तथा परीक्षा सम्बन्धि अभिलेख, २०७३

## कक्षोन्नति, कक्षा दोहोऱ्याउने तथा विद्यालय छाड्ने दरको तुलनात्मक विश्लेषण

| सूचकहरू | सुविधा पाएका (कक्षागत) | | | | | सुविधा नपाएका (कक्षागत) | | | | | दुवै |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | १-४ | १ | २ | ३ | ४ | १-४ | १-४ |
| कक्षोन्नति दर | १०० | ९७.९५ | १०० | ९७.७७ | ९८.९१ | ८६.८८ | ९१.२२ | ९१.९३ | ९४.६६ | ९१.१० | ९४.५२ |
| क.दोहोऱ्याउने दर | ०० | २.०४ | ०० | ०० | ०.५४ | १३.११ | ५.२६ | ९.६७ | ५.३५ | ८.४७ | ५.०० |
| स्कूल छाड्ने दर | २.१२ | २.०४ | ४.६५ | ४.४४ | ३.२६ | ४.९१ | १.७५ | ३.२२ | ८.९२ | ४.६६ | ४.०४ |

स्रोतः विद्यालयहरूको अभिलेख, २०७३

## अनुसूची २

### प्रारम्भिक वाल शिक्षा तथा विकास केन्द्रको सुविधा पाएर विद्यालय गएका बालवालिकाका लागि अन्तर्वार्ता सूची

**नामः..........................उमेरः.....वर्ष** **लिंगः बालिका/बालक**

**मातृभाषाः.................... केन्द्रको नाम र सालः............**

**कक्षाः.........................रोल नं........विद्यालयको नामः........................**

..............................................

१.तिम्रो घरमा को को हुनुहुन्छ ? (संख्यामा उल्लेख गर्नुहोस्)
क)आमा ख)बाबु ग) दाजु घ)भाइ ङ)दिदी
च) बहिनी छ)काका ज) काकी झ) अन्य भए......

२. तिमीले प्रारम्भिक बालशिक्षा तथा विकास केन्द्रमा गएर के के सिक्यौ ?
क)पढ्न ख)लेख्न ग) नयाँ नयाँ खेल खेल्न घ) गीत गाउन
ङ)नाच्न च)कथा भन्न छ) चित्र बनाउन ज)खोजी गर्न
झ) असल बानी र सरसफाइ गर्न ञ) अन्य भए..........

३.तिम्रा साथी को को छन् ?
क) केटा मात्र ख) केटी मात्र ग) दुवै बराबर

४. तिमीलाई साथीसंग खेल्न मन पर्छ भने कसकसलाई संगै खेलाउंछौ ?
क)भाइबहिनी ख) गाँउका अरु केटाकेटी ग) विद्यालयका साथी

५. तिमी भन्दा ठूला र साना व्यक्तिसंगको भेटघाटमा के के गर्छौ ?
क) नमस्ते गर्ने ख)हात मिलाउने ग) परिचय गर्ने घ)माया गर्ने
ङ) कुराकानी गर्ने च) खेलाउने छ) अन्य भए..

६.विद्यालयमा पढेका कुरा घरमा पनि सुनाउंछौ ?
क) सुनाउँछु ख) सुनाउँदिन किन ........

७.विद्यालयमा तिमीलाई के के गर्न पाउंदा रमाइलो लाग्छ ?
क) खेल्न ख) गीत गाउन ग)नाच्न घ) कथा भन्न ङ)चित्र बनाउन
च)कुरा गर्न छ)माटाका सामान बनाउन ज)अन्य भए.....

८.तिमी विद्यालयमा के के गर्छौ ?
क) पढ्ने ख) खेल्ने ग) नाच्ने घ) लेख्ने र चित्र बनाउने ङ)सरसफाइ गर्ने
च) गीत गाउने छ) गफ गर्ने
९.विद्यालयमा बाहेक घरमा पनि पढ्ने मौका पाउछौ ?
क) पाउँछु .....घण्टा ख) पाउँदिन ग) पढ्नै मन लाग्दैन

१०.तिमी नबुझेका  कुरा कस-कसलाई सोध्छौ ?
क) साथीलाई   ख) सरलाई   ग)घरमा जान्नेलाई

११.तिमीलाई पढ्न बाहेक धेरै जसो के के गर्न मन लाग्छ ?
क)खेल्न   ख)घुम्न   ग) नाच्न   घ) गाउन  ङ) चित्र बनाउन  च)सिनेमा हेर्न
छ)काम गर्न  ज)अन्य भए......

१२.तिमी विद्यालयमा सधैं पढ्न जान्छौ ?

१३. तिमी विहान उठेदेखि बेलुका सुत्नुअघि सम्म के के गर्छौ ?

१४.तिमीलाई विद्यालयमा पढ्न रमाइलो लाग्छ ?

१५. तिमीलाई विद्यालय र प्रारम्भिक बालशिक्षा तथा विकास केन्द्रमध्ये कहाँ रमाइलो लाग्छ ?

१६.तिमी दिसा पिसाव कहाँ गर्छौ ?

१७. तिमीलाई के के खेल खेल्न र खेलाउन आउंछ ?

१८.तिमीले के के गर्दा हातखुट्टा धुने गर्छौ ?

१९.कुन कुन खानेकुरा खादा बढी पोषण वा शरीरलाई फाइदा हुन्छ ?

## अनुसूची ३

## प्रारम्भिक वाल शिक्षा तथा विकास केन्द्रको सुविधा नपाइ सोभै विद्यालय गएका बालवालिकाका लागि अन्तर्वार्ता सूची

**नामः........................उमेरः.....वर्ष लिंगः बालिका/बालक**

**कमातृभाषाः........... कक्षाः....रोल नं........विद्यालयको नामः.......................**

१.तिम्रो घरमा को को हुनुहुन्छ ? (संख्यामा उल्लेख गर्नुहोस् )
क)आमा ख)बाबु ग)दाजु घ) भाइ ङ)दिदी
च) बहिनी छ)काका ज) काकी झ) अन्य भए......

२.तिम्रा साथी को को छन् ?
क) केटा मात्र ख) केटी मात्र ग)दुवै बराबर घ) कोही नभएको

३. तिमी कसकसलाई संगै खेलाउंछौ ?
क)भाइबहिनी ख) गाँउका अरु केटाकेटी ग) विद्यालयका साथी

४. तिमी भन्दा ठूला र साना व्यक्तिसंगको भेटघाटमा के के गर्छौ ?
क) नमस्ते गर्ने ख)हात मिलाउने ग) परिचय गर्ने घ)माया गर्ने
ङ) कुराकानी गर्ने च) खेलाउने छ) अन्य भए..

५.विद्यालयमा पढेका कुरा घरमा पनि सुनाउछौं ?
क) सुनाउँछु ख) सुनाउँदिन किन ........

६.विद्यालयमा तिमीलाई के के गर्न पाउंदा रमाइलो लाग्छ ?
क) खेल्न ख) गीत गाउन ग) नाच्न घ) कथा भन्न ङ) चित्र बनाउन
च)कुरा गर्न छ)माटाका सामान बनाउन ज) अन्य भए.....

७.तिमी विद्यालयमा के के गर्छौ ?
क) पढ्ने ख) खेल्ने ग) नाच्ने घ) लेख्ने र चित्र बनाउने ङ)सरसफाइ गर्ने
च) गीत गाउने छ)गफ गर्ने

८. विद्यालयमा बाहेक घरमा पनि पढ्ने मौका पाउछौ ?
क) पाउँछु .....घण्टा ख)पाउँदिन ग)पढ्नै मन लाग्दैन किन ......

९. तिमीले नबुझेका कुरा कसकसलाई सोध्छौ ?
क) साथीलाई ख) सरलाई ग) घरमा जान्नेलाई घ) कसैलाई पनि सोध्दिन
१०.तिमीलाई पढ्न बाहेक धेरै जसो के के गर्न मन लाग्छ ?
क)खेल्न ख) घुम्न ग) नाच्न घ) गाउन ङ) चित्र बनाउन
च)सिनेमा हेर्न छ)काम गर्न ज) अन्य भए......

११. के तिमी विद्यालयमा सधैं पढ्न जान्छौ ?

१२.तिमी विहान उठेदेखि बेलुका सुत्नु अघि सम्म के के काम गर्छौ ?

१३.के तिमीलाई विद्यालयमा पढ्न रमाइलो लाग्छ ?

१४.तिमी दिसा पिसाव कहाँ गर्छौ ?

१५.तिमीलाई विद्यालयमा जान कसले प्रेरित गऱ्यो ?

१६.तिमीलाई के के खेल खेल्न र खेलाउन आउंछ ?

१७.तिमीले के के गर्दा हातखुट्टा धुने गर्छौ ?

१८.कुन कुन खानेकुरा खादा बढी पोषण वा शरीरलाई फाइदा हुन्छ ?

## अनुसूची ४

## प्रारम्भिक वाल शिक्षा तथा विकास केन्द्रको सुविधा पाएका र नपाएका बालवालिकाका अभिभावकका लागि
## अन्तर्वार्ता सूची

**नामः..........................उमेरः.....वर्ष** **लिंगः महिला/पुरुष**

**मातृभाषाः...........** **परिवार संख्याः छोरीः......छोराः..** **जम्माः........................**
...............................................

१. तपाई कति कक्षासम्म पढ्नु भएको छ ? जस्तैः निरक्षर, एक देखि पाँच कक्षा, छ देखि दश कक्षासम्म, एसएलसी अथवा आइ.ए.वा सो भन्दा माथि ?

२.तपाइको आम्दानीको मुख्य स्रोत के हो ?

३.तपाइको छोरा-छोरीले के के काम गर्छन् ?

४.तपाइको छोरा-छोरीलाई प्रा.बा.शि.वि.केन्द्रमा पठाउनुको कारण ?

५.तपाइको छोरा-छोरी सधैं विद्यालय जान्छन् ?

६.तपाई प्रा.बा.शि.वि.केन्द्रमा जाने गर्नु भएको छ ? कस्तो लाग्छ यो कार्यक्रम ?

७.प्रारम्भिक बालशिक्षा तथा विकास केन्द्रमा सिकेका कुरा घरमा पनि सुनाउछन् ?

८.प्रारम्भिक बालशिक्षा तथा विकास केन्द्र बारे तपाइलाई के थाह छ ?

९.प्रा.बा.शि.वि.केन्द्रमा पठाएर वा नपठाइ विद्यालय पठाउनु कहाँ राम्रो ?

१०.प्रा.बा.शि.वि.केन्द्र जाने र नजाने तपाइका छोरा-छोरीलाई पढाउदा के फरक पाउनु भयो ?

११.बालबालिकाले प्रारम्भिक बालशिक्षा तथा विकास केन्द्रमा गएर के के गर्न सिके ?

१२.प्रारम्भिक बालशिक्षा तथा विकास केन्द्रका लागि तपाइले के के सहयोग गर्नु भयो ?

१३. प्रा.बा.शि.वि.कार्यक्रम सञ्चालनमा देखिएका समस्याहरू के के छन् ?

## अनुसूची ५

## सहयोगी कार्यकर्ताका लागि अन्तर्वार्ता सूची

**नामः**..........................**उमेरः**.....**वर्ष** **लिंगः महिला/पुरुष**

**योग्यताः**............ **केन्द्रको नामः**.......................

..............................................

१.तपाइले कति दिनको तालिम लिनुभएको छ ?

२.तपाइको केन्द्रका बालवालिका सधैं आउंछन् त ?

३.दैनिक शिक्षण तरिका, विधि, समय र क्रियाक्लाप के के गर्नुहुन्छ ?

४.तपाइको को केन्द्र हेर्न को को आउनु हुन्छ ?

५.यस केन्द्रबाट बालवालिकाले के के गर्न सिके ?

६. यस कार्यक्रमको के के कुरा राम्रा छन् ?

७. यो कार्यक्रममा कस कसले सहयोग गरेको होला ?

८.तपाइको केन्द्रबाट गएको तीन वर्षमा कति जना बालवालिका विद्यालय गए ?

९.प्रारम्भिक बालशिक्षा तथा विकास केन्द्रका लागि के के सामग्री उपलब्ध हुन्छ ?

१०.कार्यक्रम सञ्चालनमा देखिएका समस्या तथा समाधानका उपायहरू के के हुन सक्छन् ?

११.यस कार्यक्रमलाई प्रभावकारी बनाउन तपाइको सुझाव ?

## अनुसूची ६

## अन्य सरोकारवालाका लागि अन्तर्वार्ता सूची

**नामः.........................उमेरः.....वर्ष** **लिंगः महिला/पुरुष**

**योग्यताः...........** **पदः............संस्थाः......................**

..............................................

१.प्रारम्भिक बालशिक्षा तथा विकास केन्द्रका बारेमा केही बताइदिनुहुन्छ कि ?

२.प्रारम्भिक बालशिक्षा तथा विकास केन्द्रमा कस्ता बालवालिका आउंछन् ?

३.प्रारम्भिक बालशिक्षा तथा विकास केन्द्रमा रहेका बालवालिकाले के के गर्न सिके ?

४.प्रारम्भिक बालशिक्षा तथा विकास केन्द्रका सकारात्मक पक्षहरु के के छन् ?

५.प्रा.बा.शि.वि.केन्द्रको प्रति कक्षा लागत कति छ, कहाँबाट पाउंनु हुन्छ ?

६.प्रा.बा.शि.वि.केन्द्रको भौतिक पूर्वाधार तयार गर्न कस कसले के के योगदान गरे ?

७.प्रारम्भिक बालशिक्षा तथा विकास केन्द्रबाट कस कसलाई के के फाइदा पुग्यो ?

८. प्रारम्भिक बालशिक्षा तथा विकास केन्द्रका सहभागी नियमित छन् ?

९.प्रारम्भिक बालशिक्षा तथा विकास केन्द्र पुरा गरेका बालवालिका के के गरिरहेका छन् ?

१०.प्रा.बा.शि.वि.केन्द्रमा शुरुदेखि अन्तसम्म के के क्रियाक्लाप गरिन्छ ?

११. केन्द्रबाट विद्यालय गएका बालवालिको शैक्षिक अवस्था नगएकाहरुको तुलनामा कस्तो छ ?

१२. प्रा.बा.शि.वि कार्यक्रम सञ्चालनमा देखिएका समस्या तथा समाधानका उपायहरू के के हुन सक्छन् ?

१३. प्रारम्भिक बालशिक्षा तथा विकास केन्द्रका लागि तपाइको सुझाव ?

## अनुसूची ७

## कक्षा अवलोकन फारम

विद्यालयको नाम: मिति :

ठेगाना : घण्टी :

कक्षा : पाठ :

विषय:

१. कक्षामा जम्मा उपस्थित विद्यार्थी संख्या

क) प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्रको सुविधा पाएका विद्यार्थीको संख्या :

ख) प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्रको सुविधा नपाएका विद्यार्थीको संख्या :

२. कक्षाकोठाको बसाइ व्यवस्था

३. कक्षाकोठामा शिक्षक र विद्यार्थीहरुको अनुशासन

४. विद्यार्थीहरुको कक्षा कृयाकलापमा सक्रियता : १ को क र ख को तुलना गरेर

## अनुसूची ८

### सुविधा पाएका उत्तरदाता बालवालिकाहरुको विवरण

| क्र. सं. | नम थर | उमेर | लिङ्ग | कक्षा | अध्ययनरत विद्यालय | सहभागी भएको प्रा.बा.वि.के. |
|---|---|---|---|---|---|---|
| १ | सुन्तली पहाडी | ६ | म | १ | प्रा.वि. वाह्रविसे | बाह्रविसे प्रा.बा.वि.के. |
| २ | कर्म लामा | ८ | म | २ | ,, | बाह्रविसे प्रा.बा.वि.के. |
| ३ | हिमानी श्रेष्ठ | ६ | म | १ | ,, | बाह्रविसे प्रा.बा.वि.के. |
| ४ | हिसिला दोङ | ६ | म | १ | ,, | बाह्रविसे प्रा.बा.वि.के. |
| ५ | अंकिरा थिं | ८ | म | १ | ,, | बाह्रविसे प्रा.बा.वि.के. |
| ६ | तारा घिसिङ | ९ | म | ४ | निमावि जाङजाङ | जाङजाङ प्रा.बा.वि.के. |
| ७ | सरस्वती लामा | ७ | म | १ | ,, | जाङजाङ प्रा.बा.वि.के. |
| ८ | उषा लामा | ६ | म | २ | ,, | जाङजाङ प्रा.बा.वि.के. |
| ९ | रुपेश लामा | ६ | पु | १ | ,, | जाङजाङ प्रा.बा.वि.के. |
| १० | सिद्धिलाल मगर | ७ | पु | २ | ,, | जाङजाङ प्रा.बा.वि.के. |
| ११ | कर्म लामा | ७ | पु | २ | फिक्कल उ.मा.वि. | फिक्कल प्रा.बा.वि.के. |
| १२ | विकेश थापामगर | ७ | पु | २ | ,, | फिक्कल प्रा.बा.वि.के. |
| १३ | जेनिशा वाइवा | ६ | म | १ | ,, | फिक्कल प्रा.बा.वि.के. |
| १४ | मनिषा योञ्जन | ७ | म | २ | ,, | फिक्कल प्रा.बा.वि.के. |
| १५ | रेशमा आलेमगर | ८ | म | २ | ,, | फिक्कल प्रा.बा.वि.के. |
| १६ | प्रकृति चौलागाँई | १० | म | २ | महाकाली मा.वि. | महाकाली प्रा.बा.वि.के. |
| १७ | ह्रि प्रसाद के.सी. | १० | पु | ३ | ,, | महाकाली प्रा.बा.वि.के. |
| १८ | कान्छी लामा | ९ | म | ३ | ,, | महाकाली प्रा.बा.वि.के. |
| १९ | चनमती श्रेष्ठ | ११ | म | २ | ,, | महाकाली प्रा.बा.वि.के. |
| २० | कमला थिं | ८ | म | ३ | ,, | महाकाली प्रा.बा.वि.के. |
| २१ | सलिना व्लोन | ८ | म | ३ | सुनकोशी उ.मा.वि. | सुनकोशी प्रा.बा.वि.के. |
| २२ | अविनाश लामा | १० | पु | ३ | ,, | सुनकोशी प्रा.बा.वि.के. |
| २३ | दिपा लामा | १२ | म | ४ | ,, | सुनकोशी प्रा.बा.वि.के. |
| २४ | जीवन लोप्चन | ११ | पु | ३ | ,, | सुनकोशी प्रा.बा.वि.के. |
| २५ | सुरेश दोङ | १० | पु | ३ | ,, | सुनकोशी प्रा.बा.वि.के. |

# अनुसूची ९

## सुविधा नपाएका उत्तरदाता विद्यार्थीहरुको विवरण

| क्र.सं. | नम थर | उमेर | लिङ्ग | कक्षा | अध्ययनरत विद्यालय |
|---|---|---|---|---|---|
| १ | ह्र्कध्वज लामा | ७ | पु. | १ | प्रा.वि. वाह्रविसे |
| २ | माइला लामा | ७ | पु. | १ | ,, |
| ३ | निर्मला लामा | ९ | म. | ३ | ,, |
| ४ | हिरामाया लामा | ९ | म. | २ | ,, |
| ५ | सावित्रा लो | ८ | म. | २ | ,, |
| ६ | शान्ति आलेमगर | ७ | म. | २ | नि.मा.वि. जाङजाङ |
| ७ | प्रतिभा लामा | ८ | म. | २ | ,, |
| ८ | उर्मिला लामा | ७ | म. | २ | ,, |
| ९ | प्रेमकाजी श्रेष्ठ | ८ | पु. | २ | ,, |
| १० | सुवर्ण थापामगर | ९ | पु. | २ | ,, |
| ११ | रेजिना योञ्जन | ९ | म. | ३ | फिक्कल उ.मा.वि. सोल्पा |
| १२ | प्रेमिशा थापामगर | ११ | म. | ३ | ,, |
| १३ | कृपाशेर लामा | १० | पु. | २ | ,, |
| १४ | प्रीति थापामगर | ८ | म. | ३ | ,, |
| १५ | हिदम लामा | १३ | पु. | ३ | ,, |
| १६ | सीता बुढाथोकी | १० | म. | ३ | महाकाली मा.वि. पोटी |
| १७ | सञ्जु लामा | १० | म. | ४ | ,, |
| १८ | शान्ति विश्वकर्मा | ८ | म. | १ | ,, |
| १९ | बिक्रम लामा | १४ | पु. | ३ | ,, |
| २० | कृष्णजं कार्की | ८ | पु. | ३ | ,, |
| २१ | सचिन लामा | १० | पु. | ३ | सुनकोशी उ.मा.वि. |
| २२ | श्रवण लामा | १० | पु. | ३ | ,, |
| २३ | मन्दिरा लामा | १० | म. | ३ | ,, |
| २४ | कमलामाया थिं | ८ | म. | ३ | ,, |
| २५ | डोल्मा लामा | १० | म. | ४ | ,, |

## अनुसूची १०

### सुविधा पाएका र नपाएका उत्तरदाता अभिभावकहरुको विवरण

| क्र.सं. | नाम थर | उमेर | लिङ्ग |
|---|---|---|---|
| १ | जुनमाया लामा | २७ | महिला |
| २ | रञ्जना थिं | ४० | महिला |
| ३ | समशेरमान लामा | ३० | पुरुष |
| ४ | कृष्णमाया थापामगर | २८ | महिला |
| ५ | प्रीतिमाया ब्लोन | २५ | महिला |
| ६ | राममाया के.सी. | २५ | महिला |
| ७ | अनिरुद्र प्रसाद चौलागाँई | ३३ | पुरुष |
| ८ | कृपाल सिं थापामगर | ५० | पुरुष |
| ९ | ववितता लामा | ५५ | महिला |
| १० | माइली लामा | २० | महिला |
| ११ | अमृता थिं | ३५ | महिला |
| १२ | सरस्वती लामा | ५० | महिला |
| १३ | लिना लामा | ४० | महिला |
| १४ | ज्ञान बहादुर लामा | ५१ | पुरुष |
| १५ | फौद सिं लामा | ३५ | पुरुष |
| १६ | कल्पना लामा | ३० | महिला |
| १७ | सम्झना लामा | ३६ | महिला |
| १८ | पुजन श्रेष्ठ | ४९ | पुरुष |
| १९ | हिरालाल विश्वकर्मा | ३५ | पुरुष |
| २० | रश्मि लामा | ३० | महिला |

## अनुसूची ११

### सहयोगी कार्यकर्ता(स.का.) र अन्य सरोकारवाला उत्तरदाताहरुको विवरण

| क्र. सं | स.का.नाम | उमेर | लिङ्ग | योग्यता | क्र. सं | अ.सरोकारवाला | उमेर | लिङ्ग | पेशा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | शान्ति थोकर | २४ | महिला | एसएलसी | १ | लाल व. लामा | ३८ | पुरुष | अध्यक्ष |
| २ | गीता पुलामी | २३ | महिला | एसएलसी | २ | रमेश थापमगर | २४ | पुरुष | मजदुरी |
| ३ | लक्ष्मी घलान् | १८ | महिला | एसएलसी | ३ | सुनिता मगर | ५० | पुरुष | प्र.अ. |
| ४ | जमुना ढुंगेल | २१ | महिला | एसएलसी | ४ | उषा योञ्जन | २४ | महिला | मजदुरी |
| ५ | रेश्मा मगर | २० | महिला | एसएलसी | ५ | विवेक लामा | २७ | पुरुष | मजदुरी |
| | | | | | ६ | निरमाया गोले | २६ | महिला | शिक्षक |
| | | | | | ७ | रमा विश्वकर्मा | ३३ | महिला | मजदुरी |